वर्ष : १२ | अंक : १० | २०८१ वैशाख | 2024 April.-May.

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक





## श्रमिकका समस्यामा 'श्रमाधान सेवा'

# कतारका राजाको नेपाल भ्रमण कति सफल !

मूल्य रु.४०/-, भारु. ३०/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन बिडी ०.५/-, युएस ४ $/-


CITY EXPRESS
GROUP
CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर
जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस
cityPAY
Scan & Download cityPAY
विदेशबाट ढुक्कसँग आफ्नो परिवारलाई
सिटी एक्सप्रेस मार्फत पैसा पठाउनुहोस्
#Cityपठाऔं
+977 1 5970224/5970225 | Toll Free No.: 16600 11 12 13
www.ctxpress.com
ctxpressmt
cityexpressmt
cityexpressmt




रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

PRABHU®
Money Transfer
प्रभुको इच्छा


चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

# यसभित्र




आवरण

८

## कतारका राजाको **नेपाल भ्रमण कति सफल** !

नेपालीहरूको प्रमुख रोजगार गन्तब्य देश कतारका अमिर शेख तमिम बिन हमाद अल थानी पहिलो पटक दुईदिने भ्रमण सकेर स्वदेश फर्किएका छन् । मध्यपुर्वको महत्वपुर्ण शक्ति राष्ट्रको प्रमुखको भ्रमणलाई नेपाल सरकार मात्र नभएर आम नेपालीले स्वागत गरे । भ्रमणका क्रममा द्विपक्षीय छलफल गर्दै विभिन्न ८ वटा सम्झौता तथा समझदारीमा हस्ताक्षर भएका छन् । यद्यपी श्रमिकका पक्षमा कुनै पनि सम्झौता भएनन् । कतारबाट नेपालले धेरै अपेक्षा गरेपनि तत्काल देखिने गरी सहयोग नपाउँदा टिकाटिप्पणी हुन थालेको छ । कतारी राजाको नेपाल भ्रमणका विषयमा तयार पारिएको आवरण रिपोर्ट ।



१५ श्रमिकका समस्या सुन्न **'श्रमाधान सेवा'** शुभारम्भ



तेस्रो लगानी सम्मेलन

१७ **९ अर्ब लगानी स्वीकृत, १६ अर्ब बराबरको सम्झौता**




१९ श्रमिकलाई जहाजमा **खाना–खाजा र पानी** व्यवस्था गर्न आग्रह

३६

चौतारी

बाढीमा **बजरंग**

युवराज नयाँघरे





३८

अनुभूति

**छुवाछुतको रेखा** मेट्ने इतिहास लेखौं

शम्भु सुस्केरा

२१

जनजीवन



हिम्मतवाली **छोरी**

● **बिन्दु अधिकारी ढकाल**

४० मनोरञ्जन

बैकुण्ठ प्रधानका दुई गीत **'एउटी केटी'** र **'टुनामुना'**






## सम्पादकीय

# सुरक्षाको ग्यारेण्टी नभएसम्म युद्धग्रस्त देशमा रोजगारीमा नजाऔं

युद्धग्रस्त देशहरूमा आकर्षक पारिश्रमिकको लोभमा नेपालीहरू रोजगारीका लागि जान लालयित हुन थालेपछि अहिले संत्रास पैदा भएको छ। युद्ध चलिरहेको देश रुस र इजरायलको युद्धग्रस्त क्षेत्रमा समेत रोजगारीका लागि नेपालीहरूले जान रुची देखाएपछि आशंका पैदा भएको हो। विशेषगरी पर्यटन तथा अध्ययन भिसामा त्यस्ता देशमा गएर रोजगारीका लागि बस्नेहरू बढि जोखिममा परिरहेका छन्। पछिल्लो समय रुसी सेनामा रहेका नेपालीहरूका चित्कार अनि उनीहरूको गुहारले नै जोखिमको पुष्टी गरिरहेको छ।

स्वदेशमा रोजगारका अवसर नपाएर वा राम्रो कमाईको लोभमा युद्धग्रस्त देशमा जाँदा जोखिम उत्तिकै हुन्छ। सरकारले त्यस्ता देशमा जान खोज्ने वा पठाउन खोज्नेहरूलाई विशेष निगरानी राख्नुपर्छ। व्यक्तिगतरुपमा अवैध बाटो हुँदै त्यस्ता देशमा जानेहरू समस्यामा परिरहेका छन्। संस्थागतरुपमा सुरक्षित क्षेत्रमा जानेहरूमा कुनै समस्या नभएपनि व्यक्तिगत तवरबाट युद्धग्रस्त क्षेत्रमा पुग्नेहरू जोखिममा परेका छन्।

रसिया–युक्रेन युद्धमा नेपाली युवाहरू ती देशको सेनामा कसरी पुगिरहेका छन् खोज्न जरुरी छ। नेपालीहरू विदेश जाने बेलामा जस्तोसुकै जोखिम मोलेर आँखै चिम्लिने अनि समस्या वा ठगीमा परेपछि मात्र अरुलाई गुहार्ने गर्दछन्। विदेश जाने बेलामा नै उचित परामर्श लिएर अनि जोखिम अध्ययन गरेर वैधानिक बाटो अपनाउने गर्दैनन्, यो नै गलत छ। त्यस्ता देशमा पुगेपछि भोलि आउने समस्याबारे उनीहरू बुझ्न नै चाहदैनन्। अनि फस्न् पुग्छन।

तर, युद्धग्रस्त देशमा संस्थागत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा पठाउनका लागि नेपालका मेनपावरले पहल गरिरहेका छन्। वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म झण्डै ५ सय जनाले श्रम स्वीकृति लिएर रुस गएका छन। संस्थागत माध्यमबाट रसियाको सिनोपिक इन्जिनियरिङ रुस ग्रुप एलएलसी कम्पनीमा नेपालको मेनपावर कम्पनीले श्रम स्वीकृति लिएर पठाएपछि रुस जाने बाटो खुल्ला भएको छ। उता सरकारले अपेक्षाकृतरुपमा कामदार इजरायल पठाउन नसक्दा नीजि क्षेत्रले डिमाण्ड ल्याउन थालेका छन्।

रुस र इजरायल दुवै नेपालीका लागि आकर्षक गन्तव्य हुन। श्रम स्वीकृति लिएर रुस जाने नेपालीको तुलनामा इजरायल जाने नेपालीको संख्या उच्च छ। तर, श्रम स्वीकृति लिएर सहजै जाने वातावरण नहुँदा दुवै मुलुकमा पठाउने नाममा दलालहरूको ठगी बढेको छ।

अवका दिनमा मेनपावर कम्पनीहरूलाई जिम्मेवार बनाएर सुरक्षित क्षेत्रमा कामदार पठाउन सरकारले अवस्था हेरेर अनुमति दिनुपर्छ। भोलिका दिनमा कुनै समस्या आए तत्काल मेनपावर कम्पनीले फर्काउन सक्नुपर्छ। आकर्षक कमाई हुने प्रलोभनमा भिजिट तथा विद्यार्थी भिसामा अवैध मार्गबाट नेपाली युवालाई त्यस्ता देशमा पुर्‍याउने गिरोहलाई सरकारले कारवाही गर्नैपर्छ। सुरक्षाको ग्यारेण्टी गरेर मात्र मेनपावर कम्पनीले युद्धग्रस्त देशमा पठाउनु सक्नुपर्छ नत्र कोही पनि जान वा पठाउन हुँदै हुँदैन।


रोजगार मिडिया प्रा.लि.

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHA RA ROJGAR

• वर्ष १३ • अंक १० • २०८१ वैशाख



**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**प्रबन्ध निर्देशक/सम्पादक**
उद्धव भट्टराई

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह–सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल



**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## रोजगारीका लागि **जोखिम मोल्न तयार छन्** नेपाली युवा

बाध्यताले होस् या रहरले नेपालीहरू विदेशिने क्रम बढ्दो छ। पछिल्लो समय आकर्षक मुलुक छिर्ने सपनामा युवाहरू आखा चिम्लेर हाम्फाल्दा ठगीमा पर्नुका साथै ज्यानकै जोखिम समेत बढाएको छ। युद्ध ग्रस्त रुसमा ज्यानको जोखिम छ भन्ने जान्दाजान्दै पनि सेनामा भर्ति हुन गइरहेकाले आकर्षक रोजगारीको लालचमा नेपालीहरू जस्तोसुकै जोखिम मोल्न पनि तयार छन भन्ने प्रष्ट हुन्छ। सरकारले वैदेशिक रोजगारीका लागि आकर्षक मुलुकहरूमा सहजै जान सक्ने वातावरण बनाउन सके यसरी जोखिम मोलेर जाने अवस्था आउने थिएन की !

*- रमन कार्की, काठमाडौं*

युद्धग्रस्त देशमा जान पनि नेपाली युवाहरू तछाडमछाड गर्नु राम्रो अवस्थाको संकेत होइन। महिनौ लगाएर र लाखौ खर्चेर अमेरिका छिर्ने सपना बनाएकाहरू बाटोमै अस्ताउनुपरेका घटना त कछि छन कति। देशमा अवसर नदेखेर विदेशिनेलाई रोक्न त सकिँदैन, तर ज्यानकै बाजी लगाएर जाने अवस्था भने न्यूनिकरण गर्नु पर्ने आवश्यक छ। सरकारले खाडि र मलेसियामा मात्र सीमित रोजगार गन्तव्यलाई विकसित र आकर्षक मुलुकसम्म फैलाउन सक्नुपर्छ।

*- अनिष बराइली, विराटनगर*

## विदेश जाने प्रक्रिया नै **छिटोछरितो बनाउन** सक्नुपर्छ



श्रम मन्त्रालयले विदेश जाने श्रमिकको श्रम स्वीकृति एक घण्टामै पाउने व्यवस्था गरेकोमा खुसी लाग्यो। अव श्रम स्वीकृति मात्र नभएर विदेश जाने प्रक्रियामा हुने गरेको ढिलासुस्ती र लामो प्रक्रियालाई पनि छिटोछरितो बनाउने व्यवस्था भए धेरै राम्रो हुने थियो। अहिले पनि विदेश जाने श्रमिक विभिन्न प्रक्रियाका नाममा महिनौं कुर्नु पर्ने अवस्था विद्यमान छ। उता रोजगारदाताहरू पनि नेपाली कामदार आपूर्तिमा हुने ढिलासुस्तीले दिक्क बनेका छन। यतातर्फ पनि श्रम मन्त्रालयले सोचोस् भन्न चाहन्छु।

*- प्रविन खतिवडा, कतार*

## मेहनत गरे **स्वदेशमै सफलता** पाइन्छ

अधिकांश युवाहरू स्वदेशमा केहि गर्ने वातावरण नै छैन भन्दै वैदेशिक रोजगारीमा जाने गरेका छन। विशेषगरी तत्काल सफलता नपाउँदा उनीहरूमा निराशा पलाएको बुझ्न सकिन्छ। तर असफलतासँग नडराई निरन्तर मेहनत गर्नेहरूले सफलता मात्र चुमिरहेका छैनन स्वदेशमै विदेश गएकाहरूले भन्दा बढी कमाई पनि गरिरहेका छन। बिन्दु अधिकारी ढकालको लेखमा उजागर गरिएका पात्र मोहन ढकाल यसका ज्वलन्त उदाहरण हुन। सुरुमा कृषि फार्म खोलेका ढकाल त्यसको असफलताबाट विदेशिएका भए आज मरुभूमिमा हराइरहेका हुन्थे तर निरन्तर हार नमानि कृषि फार्मबाट दुध डेरी चलाउन थालेका उनको कमाई र प्रगति देख्दा अहिले जोकोहीलाई लोभ लाग्ने गर्छ।

*- विमल उप्रेती, पोखरा*



## खुसीसँगै **पीडा पनि** भित्रिइरहेको छ



वैदेशिक रोजगारीबाट धेरै नेपालीहरूले खुसी मात्र भित्र्याएका छैनन पीडा पनि भित्रिइरहेको छ। अज्ञानताका कारण, दुघर्टनाका कारण तथा कालगतीले वाकसमा फर्किने नेपालीहरू पनि उत्तिकै छन। युवराज नयाँघरेको लेख 'सेल्फी फोटो'मा उल्लेख भएजस्तै विमानस्थलमा सँगै सेल्फी खिचेर विदेशिएका सबैजना फेरी भेट नभएका प्रशस्त उदाहरण छन्।

*- अनुषा कार्की, ओमान*

**गजल**

## मजदुर



● **सुसन सुवेदी**

मुख गला सुक्छ नाडी गल्छ मालिक।
मजदुर ढले यो दुनियाँ ढल्छ मालिक।

तपाईंको सभामा छल पो चल्दोरहेछ।
हाम्रो चौतारोमा त हावा चल्छ मालिक।

कोदाली, ठेला, फोरा त हामीसँग छ,
कसको भकारीमा फसल छ मालिक ?

हाम्रो अगेनो पनि जल्नदिनुस् बेलाबेला,
नत्र हजुरको साम्राज्य जल्छ मालिक।

हजुरको कुर्सीमा चलिरहेको यो पंखा,
भन्नुस् न कसको रगतले चल्छ मालिक ?



> कतारको विकासमा नेपालीहरू हरेक क्षेत्रमा साक्षी मात्र होइनन् प्रत्यक्ष संलग्न पनि भएका छन्। नेपालीहरुको इमानदारिता, मिहिनेत तथा कडा परिश्रमलाई कतारले नजिकबाट बुझेको छ। त्यही भएर कतार र नेपालको सम्बन्ध थप उचाईमा पुग्ने अपेक्षा आम नेपालीको रहेको छ ।

## कतारका राजाको नेपाल भ्रमण

# कति सफल ?

• **अर्थ र रोजगार**

विश्वकै सबैभन्दा बढी प्रतिव्यक्ति आम्दानी भएको देश, कतार। विश्वलाई नै चकित बनाएर विश्वकप फुटवल आयोजना गरेर सफलतापुर्वक सम्पन्न गर्ने एक्लो सानो देश, कतार। छोटो समयमा चमत्कारिक विकास गरेर विश्वलाई चकित बनाउने देश, कतार। मुख्यत नेपालीहरूको प्रमुख रोजगार गन्तब्य मात्र होइन, व्यवसाय गर्ने वातावरण सृजना गरेर नेपालीहरू रमाइरहेको देश, कतार।

यही देश कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी पहिलो पटक दुईदिने भ्रमण सकेर स्वदेश फर्किएका छन्। राष्ट्रपति रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल आएका कतारी राजाको भ्रमणलाई आम नेपालीले अन्तरमनले स्वागत गरेका छन्। मध्यपुर्वको महत्वपुर्ण शक्ति राष्ट्रको प्रमुखको भ्रमणलाई नेपाल सरकारले समेत तामझामका साथ स्वागत सत्कार गरेको छ। नेपाल सरकारले कतारका राजाको सम्मानमा एक दिन सार्वजनिक बिदासमेत दिएको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नै पुगेर राष्ट्रपति रामचन्द्र पौडेलले कतारका राजालाई स्वागत गरेका थिए। कतारी राजाको राजकीय भ्रमणका क्रममा सम्मान स्वरुप नेपाली सेनाले २१ तोपको सलामी दिएको थियो। राजासँगै कतार सरकारका मन्त्री र उच्च अधिकारीहरू समेत भ्रमण टोलीमा सम्मिलित थिए।

कतारी अमिरले राष्ट्रपति पौडेलसँग शीतल निवासमा शिष्टाचार भेट गरे। राष्ट्रपति पौडेलले उनको सम्मानमा साँझ राजकीय भोजको आयोजना गरेका थिए। त्यस्तै कतारका राजाले प्रधानमन्त्री पुष्पकमल दाहालसँग द्विपक्षीय छलफल गरेका थिए भने सोही अवसरमा नेपाल र कतारबीच विभिन्न ८ वटा सम्झौता तथा समझदारीमा हस्ताक्षर भएका छन्।

एशियाली देशको औपचारिक भ्रमणमा निस्केका कतारी अमिर फिलिपिन्स र बंगलादेशको भ्रमण सकेर त्यतैबाट दुई दिनका लागि नेपाल आएका थिए। मध्यपुर्वबाटै पहिलो राष्ट्राध्यक्षको रुपमा नेपाल भ्रमण भएकाले विश्वजगतले नै यो भ्रमणलाई चासोका साथ हेरेको थियो। कतारका राजाको यो भ्रमणले मध्यपुर्व एवं अरब मुलुकहरूका उच्च ब्यक्तित्वलाई नेपाल भ्रमणका लागि सकारात्मक सन्देश दिएको छ।

कतार नेपालीहरूका लागि आकर्षक श्रम गन्तव्य हो, जहाँ हाल पनि करिब चार लाख नेपाली विभिन्न क्षेत्रमा कार्यरत छन। कतारमा कार्यरत नेपालीहरूले पठाएको रेमिट्यान्स वार्षिक एक खर्ब भन्दा बढी स्वदेश आउने गरेको छ। नेपालको अर्थतन्त्रमा कतारको भूमिका महत्वपुर्ण मान्न सकिन्छ।

नेपालका राष्ट्रपतिदेखि प्रधानमन्त्री र उच्च विशिष्ट पदाधिकारीहरूले पटक-पटक कतारको भ्रमण गरिसकेका भए पनि कतारका राजाको भ्रमण नेपालमा पहिलो पटक हुँदा धेरै अपेक्षा र आशा आम नेपालीमा रहेको छ।

आधुनिक कतार निमार्णमा नेपालीको

पसिना सिंचित भएको छ। कतारको विकासमा नेपालीहरू हरेक क्षेत्रमा साक्षी मात्र होइनन् प्रत्यक्ष संलग्न पनि भएका छन्। नेपालीहरूको इमानदारिता, मिहिनेत तथा कडा परिश्रमलाई कतारले नजिकबाट बुझेको छ। त्यही भएर कतार र नेपालको सम्बन्ध थप उचाईमा पुग्ने अपेक्षा आम नेपालीको रहेको छ।

कतारले एक्लै सन् २०२२ को बिश्वकप फुटबल सफलतापुर्वक सम्पन्न गरेर विश्वलाई चकित मात्र पारेन, आट्यो भने असम्भव केही रहेनछ भन्ने प्रमाणित गरेर देखायो। कतार विश्वकप सफल भएसँगै 'भिजन २०३०' अन्तर्गतको लक्षित योजनामा अगाडि बढिसकेको छ। अबको बर्षमा कतारले पुर्ननिर्माण भन्दा पनि खेलकुदको देश, शिक्षाको देश, मेला तथा सेमिनारको देश, समुन्द्रको बीचमा रहेको शान्त र सुन्दर पर्यटकहरूको प्रमुख गन्तब्यको देशको रुपमा स्थापित गराउँने भएको छ।

विश्व राजनैतिक मैदानमा बिभिन्न समयमा देखिने जटिल तथा अप्ठ्यारा परिस्थितिमा कतारले देखाउदै आएको मध्यस्थतालाई बिश्व जगतले खुलेर प्रसंशा गरेको पाइन्छ। हाल पनि मध्यपुर्वमा दन्केको आगो निभाउन कतारले सहजीकरणको भूमिका निभाइरहेको छ। विभिन्न समस्याग्रस्त मुलुक र दैवीप्रकोपले ग्रस्त देशमा कतार फण्ड फर डेभलपमेन्टको माध्यमबाट तन, मन खोलेर सहयोग समेत गरिरहेको छ। कतार च्यारिटी मार्फत बिश्वको गरिबी निवारण र सामाजिक एवं मानवीय सेवाको यात्रालाई कतारले निरन्तर अगाडि बढाइरहेको छ।

कतारमा रहेका नेपालीहरूको समेत कतारका हरेक क्षेत्रमा सहयोग र सहकार्य देखिन्छ। अन्य अरब देशको तुलनामा कतारमा रहेका नेपालीले आफुलाई सक्षम र सफल तुल्याउन पनि अग्रसर देखिन्छन्। यद्यपि नेपाल र कतारबीच द्विपक्षीय व्यापार भने खासै हुने गरेको छैन।

कतारमा लामो समय सरकारी निकायसँग नजिक भएर काम गरिरहेका प्रोफेसर मोहम्मद रम्जान अलिमिया कतारका अमिरको नेपाल भ्रमणले मगमग बास्ना आएको र कतारमा रहेका नेपालीहरू एकदमै हर्षले विभूत भएको बताउँछन्। उनी भन्छन्- 'यो भ्रमण वास्तवमा पहिले नै हुनुपर्ने थियो, तर विविध कारणले हुन सकेन। अहिलेको सरकारको पालामा हुनु भनेको अहिलेको सरकारको कूटनैतिक जीत पनि हो, अनि कतारले प्राथमिकताका साथ नेपालमा अमिरको भिजिट गराएर हामी नेपालीहरूलाई ऋणी पनि बनाएको छ।'

कतारमा व्यवसाय गरिरहेका आरके शर्मा

## मेरै कार्यकालमा सबै **समझदारी कार्यान्वयन** गराउनेछु



**डा. नरेशविक्रम ढकाल**
राजदूत, नेपाली दूतावास कतार

नेपालका सम्माननीय राष्ट्रपतिको निमन्त्रणामा यही २०८१ वैशाख ११ र १२ गते कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले नेपालमा राजकीय भ्रमण सफल रूपमा सम्पन्न गर्नुभएको छ। म राजदूतमा नियुक्त हुने क्रममा संघीय संसद्, संसदीय सुनुवाइ समितिमा पेश गरेको कार्ययोजनाको दोस्रो योजनामा कतारका अमिरको नेपाल भ्रमण गराउँन पहलकदमी लिने भनेको थिएँ। त्यसका लागि राजदूत भएपछि दुई वर्षको अवधिमा पाँच पटकसम्म अमिरसँग भेट्ने अवसर मिल्यो। भ्रमणका लागि पटक-पटकको अनुरोध पछि मिति तय गरिएको हो।

विभिन्न परिवेशले तोकिएको मिति नोभेम्वर ६-७, २०२३ का लागि तय भएको भ्रमण स्थगन भएतापनि अरब देशहरूबाट पहिलोपटक यसपाली ऐतिहासिक रूपमा भ्रमण भएकाले सबैका लागि अपूर्व खुशीको अवसर हो। सफल भ्रमण पश्चात् कतारलाई विकास साझेदार मित्र राष्ट्रका रूपमा अगाडि बढाउँनका लागि मैले आगामी दुई वर्षलाई अवसर र चुनौतीको रूपमा लिएको छु र मलाई विश्वास छ, नेपालका तर्फबाट गरिएका अपेक्षाहरू अधिकांश मेरै कार्यकालमा पूरा गराउन प्रतिबद्ध रहने छु।

जुन प्रकारले जे-जे कुराहरू छलफलमा आए पनि कतिपय कुरा नटुंगिएका पनि छन्। म नेपालको प्रतिनिधित्व गर्ने एउटा राजदूतको हिसाबले कतारसँग समन्वयकारी भूमिका निर्वाह गरी नेपालको हितमा हुनेगरी आगामी दिनमा ति कुराहरू बारम्बार उठाउँदै जाने छु। मेरो त्यो कर्तव्य र जिम्मेवारी पनि हो। भ्रमण सफल भए पश्चात आफ्नो भूमिका बढेको महसुस गरेको छु। मेरो कार्यकालमा बाँकी काम पूरा गराउन पहलकदमी गर्नेछु।





कतारका राजाको नेपाल भ्रमण निकै फलदायी भएको संज्ञा दिन्छन् । 'लामो समयदेखि कतारमा खाद्य सामग्री त्यसमा पनि जैविक सामग्री यूरोपलगायतका देशबाट आउँछ । त्यसको सट्टामा अब हामीले कृषिजन्य अर्गानिक उत्पादन यो बेलामा सम्झौता गरेर कतारमा बिक्री गर्न सक्नुपर्छ । नेपालको पानी र अर्गानिक खाद्यान्न कतारको चुल्होमा पुर्‍याउन सकिन्छ, कतार एयरलाइन्सलाई कार्गोमा ५० प्रतिशतसम्म छुट गरिदिनुस् भनेर अनुरोध गर्‍यौं भने पनि त्यसमा सफलता हासिल हुन्छ भन्ने मैले बुझेको छु' शर्मा भन्छन्- 'अहिले विश्वका शक्तिशाली देशहरू स्वच्छ ऊर्जातर्फ आकर्षित भएका छन् । आगामी दिनमा मध्यपूर्वका राष्ट्लाई पनि स्वच्छ ऊर्जा, साहसिक पर्यटन र डेटा अर्काभिङलगायत सूचना प्रविधि क्षेत्रमा लगानीका लागि आकर्षित गर्न सकिन्छ ।'

कतारमा व्यवसाय गरिरहेका अब्दुल बासिद कर्मभूमीको राजा जन्मभूमीमा आएकोमा खुशीको सीमा नरहेको बताउँछन् । '१७ वर्ष अघिदेखि मेरो कर्मभूमी कतार हो, कतारले लेबरबाट मलाई व्यवसायी बनायो, म जस्तो लेबरबाट व्यवसायी बन्ने धेरै नेपाली कतारमा हुनुहुन्छ त्यसको लागि म कतार सरकारप्रति धेरै आभार व्यक्त गर्दछु' बासिदको भनाई छ ।

> कतारको राजाको नेपाल भ्रमणलाई एक दिन सार्वजनिक विदा घोषणा गरेर मात्र होइन, कतार र नेपालबीचको सम्बन्ध थप मजबुद बनाउदै आजसम्म नेपालीले कतारी भूमीमा बगाएको पसिनाको मूल्य उठाउन सक्नुपर्छ ।

कतारको राजाको नेपाल भ्रमणलाई एक दिन सार्वजनिक विदा घोषणा गरेर मात्र होइन, कतार र नेपालबीचको सम्बन्ध थप मजबुद बनाउदै आजसम्म नेपालीले कतारी भूमीमा बगाएको पसिनाको मूल्य उठाउन सक्नुपर्छ । कतारी राजालाई खुशी बनाउँदै कतारमा रहेका ४ लाख नेपाली र नेपालमा रहेका नेपालीका लागि अर्थपूर्ण बनाउन चुक्न हुँदैन । अनि मात्र अमिरको नेपाल भ्रमण सार्थक बन्नेछ ।

### कतारी अमिर र आप्रवासी कामदार

सन् २०१३ मा तत्कालीन अमिर हमाद बिन खालिफा अल थानीले तमिम बिन हमाद अल थानीलाई सत्ता हस्तान्तरण गरेपछि कतारले रकेटको गतिमा विकासको बाटो समात्यो । राष्ट्र प्रमुखको मृत्यु नहुँदै सत्ता हस्तान्तरण विरलै हुने खाडीमा कतारले नयाँ उदाहरण प्रस्तुत गर्दै युवालाई नेतृत्व सुम्पियो ।

सन् २०१३ मा तमिमले कतारको शासन व्यवस्थाको बागडोर मात्र सम्हालेनन्, रोजगारीका लागि कतार पुगेका नेपालीसहित लाखौं आप्रवासी श्रमिकको भविष्य पनि उनीसँग जोडिन पुगेको थियो । कतारको कुल जनसंख्या २७ लाखमध्ये ३ लाख मात्र कतारी छन्, बाँकी सबै आप्रवासी कामदार हुन्, जसमा नेपाली मात्र झण्डै चार लाख रहेका छन् ।

शासनसत्ता हातमा लिएपछि तमिमले केही हण्डर बाहेक (साउदीको नाकाबन्दी) कहिल्यै पनि पछाडि फर्केर हेर्नुपरेन । विश्वको सबैभन्दा धनी देश बनाउन विकास गरिएको ठूलो ग्यास भण्डारबाट प्राप्त पैसा कतारको विकास निर्माणमा मात्रै होइन, अन्तर्राष्ट्रिय क्षेत्रमा पनि लगानीकारुपमा पनि फैलाए । तमिमले राजकाज हातमा लिएदेखि नै कतारमा काम गर्ने कामदारको विषय अन्तर्राष्ट्रिय जगतमा छाउन थाल्यो ।

विशेषगरी सन् २०२२ को विश्वकप फुटबल आयोजनाका लागि रंगशाला र पूर्वाधार निर्माणको काम गर्न गएका कामदारलाई आधुनिक दाससरह व्यवहार भइरहेको छ भनेर चित्रित हुन थाल्यो । आर्थिक रूपमा शक्तिशाली, विश्वकै

## राजाको भ्रमणले हामी व्यवसायी उत्साहित छौं



**महेन्द्र चम्लागाई,** अध्यक्ष
नेपाली व्यवसायी संघ कतार

हाम्रो कर्मभूमी कतारका राजा नेपालमा पहिलो पटक आउनु आफैमा खुशी र उपलब्धी हो । यो भ्रमणले नेपाल र कतारको सम्बन्धमा नयाँ ढंगबाट सुधार हुन्छ । हामीलाई नेपालमा भएका उत्पादनहरू कतारमा लैजान र कतारबाट पनि नेपाल ल्याउन सकिन्छ भन्ने लागेको छ । कतार र नेपालबीचको सम्बन्ध अझ राम्रो हुन्छ भन्ने हाम्रो बुझाई छ । कतारमा भएका नेपाली संघसंस्थाले कर्मभूमीका राजालाई आफ्नो जन्मभूमी नेपालमा स्वागत गर्ने अवसर पाइयो । त्यसको लागि हामी एकदमै खुशी छौं । हामी उत्साहित भएका छौं ।

धनीमध्येको देश कतारमा काम गर्ने कामदारमाथि शोषण भइरहेको भन्दा विश्व तरंगित बनेको थियो । किनभने, कतारमा जे-जति पूर्वाधार विकास भएको थियो, त्यसका पछाडि आप्रवासी कामदारको भूमिका महत्वपूर्ण थियो ।

सन् ८० को दशकमा फाट्टफुट्ट भेटिन थालेका नेपाली २०१३ मा पुग्दा ४ लाख नाघिसकेका थिए । पछिल्लो दुई दशकमा मात्रै कतारमा १७ लाख नेपालीले काम गरिसकेका छन् । कतारले कामदारको हितको पक्षमा कदम चाल्ने प्रतिबद्धता जाहेर गरिरह्यो । सन् २०१५ नोभेम्बरमा प्रत्येक महिनाको पहिलो हप्ताभित्र बैंकबाट तलब दिनुपर्ने नीतिलाई कार्यान्वयनमा ल्यायो । यसले पहिलाजस्तो हात-हातमा नगद थाप्नुपर्ने चलन अन्त्य गरिदियो । सबै कामदारको बैंकमा खाता खुल्यो । बाध्यकारी श्रम हटाउन कतार आफ्ना परम्परागत कानुनलाई सुधार गरी खाडीमै नमुना बन्ने बाटोतर्फ अग्रसर भयो ।

सबैभन्दा महत्वपूर्ण सुधार कफला प्रणालीको अन्त्य गर्नु थियो । अर्थात् कामदारले चाहेको बेला बिना रोकटोक स्वदेश फर्किन पाउनु हो । कतारले १६ जनवरी २०२० देखि श्रम कानुन लागू हुने कामदारलाई एक्जिट परमिट नचाहिने व्यवस्था गरेको छ । घरेलु कामदारले पनि आफूले चाहेका बेला स्वदेश फर्किन पाउने भएका छन् । खाडीमै पहिलो पटक घरेलु कामदारलाई समेत लक्षित गरी कतारले २३ मार्च २०२१ मा विभेदरहित तलबमान तोक्ने काम गऱ्यो । यी सुधार गर्न कतारी अमिर तमिमले नेतृत्व लिएका थिए ।

'कतारले विश्वकप आयोजना गर्ने जिम्मेवारी प्राप्त गरेदेखि नै हामीमाथि अभूतपूर्व प्रहार हुने अभियानको सामना गर्नुपऱ्यो,' तमिमले सुरा काउन्सिल समक्ष भनेका थिए, 'जुन अहिलेसम्म कुनै पनि आयोजक देशले सामना गर्नुपरेको थिएन । हामीले सुरुमा यस विषयलाई असल नियतले छलफल गऱ्यौं र केही आलोचनालाई सकारात्मक रूपमा पनि लियौं ।' श्रम बजार सुधारका लागि बनाइएको कानुनको व्यावहारिक कार्यान्वयनमा भने अझै पनि प्रश्न उठिरहेको छ ।

## राजाको भ्रमण बाट कतारमा रहेका नेपाली सबैभन्दा खुसी छौं



**रमेश भट्ट**, अध्यक्ष
एनआरएनए कतार

कतारका राजाको यो भ्रमण ऐतिहासिक हो । मध्यपूर्वकै राष्ट्राध्यक्षको यो पहिलो भ्रमण भएर पनि यसलाई ऐतिहासिक मान्न सकिन्छ । कतारले पहिलो, दोश्रो हुँदै नेपालीहरूको तेस्रो पुस्तालाई रोजगारी दिइरहेको छ । विश्वको धनी देश कतारबाट धेरै सिक्न जरुरी छ । २० वर्षमै विकासमा कायाँपलट गर्न सफल देश भएको हुनाले नेपाल सरकारले कतारबाट पक्कै पनि फाइदा उठाउँछ भन्ने विश्वास लिएको छु । यद्यपी यो ऐतिहासिक भ्रमणका लागि नेपाल सरकारले एनआरएनए कतारलाई निमन्त्रणा गरेर स्वागत गर्ने अवसर प्रदान गरेकोमा कतारमा रहेका आम नेपालीले खुशी व्यक्त गरेका छन् । कतारमा रहेका सबै नेपालीहरू उत्साहित भएका छौं ।

### राजाको भ्रमण : श्रमिकको पक्षमा मौन

कतारी राजा नेपाल आउने भन्ने वित्तिकै कतारमा कार्यरत नेपाली र नेपालबाट जाने कामदारको विषयमा ठोस रिजल्ट आउला भन्ने अपेक्षा धेरैको थियो । तर परराष्ट्र मन्त्रालयले सार्वजनिक गरेका सम्झौता र समझदारीका आठ बुँदा हेर्ने हो भने नेपालको प्रमुख श्रम गन्तव्य कतारका राष्ट्रप्रमुखको नेपाल भ्रमण श्रम क्षेत्रका लागि भने उपलब्धीहिन बन्यो । नेपालका करिब चार लाख श्रमिक कतारमा कार्यरत रहेको अवस्थामा श्रमिक सम्बन्धी कुनै पनि मुद्दा यो भ्रमणमा बाहिर आएन । कतारी राजा आउँदा भएका सम्झौतामा श्रमिक सम्बन्धी कुनै पनि बुँदा नअटाउँदा सबै चकित बनेका छन् ।

कतारी राजाको पहिलो नेपाल भ्रमण आकस्मिक नभएकाले नेपालको गृहकार्य नपुगेको जानकारहरूको भनाइ छ । अक्टोबर ७ मा हमासले इजरायलमा आक्रमण नगरेको भए उनी कात्तिक २० गते नै नेपाल आइसकेका हुने थिए । राजाको भ्रमण तालिका केही महिनाअघि नै सार्वजनिक भएको थियो । तर, यति लामो समयसम्म पनि नेपाली श्रमिकका मुद्दामा पर्याप्त तयारी हुन सकेन र यस सम्बन्धमा कुनै समझदारी वा सम्झौता भएन । जसका कारण सिंहदरबारको नजरबाट टाढा देखिए पनि धेरै नेपाली श्रमिकले अपेक्षा गरेको न्यूनतम वेतनवृद्धि, सामाजिक सुरक्षा अनि श्रमिक सुरक्षाका मुद्दा सम्बोधन हुन नसकेको गुनासो जानकारहरूको छ ।

प्रधानमन्त्री प्रचण्डले द्विपक्षीय वार्ताका क्रममा श्रमिकको सुरक्षाबारे चासो राखेको, दक्ष तथा अर्धदक्ष श्रमिक पठाउन तालिम र सीप केन्द्र बनाउन सहयोगका लागि आग्रह गरेको जनाइएको छ । कतारी राजाले पनि उनको देशको विकासमा नेपाली श्रमिकले पुऱ्याएको योगदानको प्रशंसा गरेको बताइएको छ ।

पूर्व परराष्ट्रमन्त्री प्रकाशचन्द्र लोहनीले कतारी अमिरको भ्रमणमा नेपाल सरकारले पर्याप्त तयारी गर्न नसकेको टिप्पणी गरेका छन् । सरकार आन्तरिक राजनीतिमा अलमलिँदा कतारी राजा समक्ष राख्ने विषयबस्तु र ठोस एजेन्डामा तयारी गर्न नसकेको उनको तर्क छ ।

'कतारका राजा नेपाल आउँदा धेरै फाइदा लिन सकिन्थ्यो, तर देखिनेगरी केही उपलब्धी

## नेपालको विकासमा कतार बलियो साझेदार बन्नेछ



**आरके शर्मा**, एनआरएनए
अभियान्ता तथा व्यवसायी

कतार र नेपालका लागि अमिरको भ्रमण कोशेढुंगा सावित भएको छ । कर्मभूमिका अमिरलाई जन्मभूमिमा स्वागत गर्ने सुवर्ण अवसर प्राप्त गर्नु आफैमा गर्वको कुरा हो । दुई देशबीच अहिले हेर्दा धेरै सम्झौता नभएपनि राष्ट्र विकासका पाटाहरूमा यो अर्थपूर्ण र ऐतिहाँसिक भएको छ । एकअर्कामा सहकार्यका लागि दुई पक्षीय टीम बनाइने भएको छ । यो टीमले गति लिए पक्कै पनि नेपालको बिकासमा कतार बलियो साझेदार बन्ने छ भन्ने विश्वास छ ।

अमीरको भ्रमणले धेरै बाटाहरू खुलेका छन् । दुई देशका राष्ट्र प्रमुखहरूको भेट भइसकेपछि दुई देशबीचको सम्बन्ध अझ उचाइमा पुगेको त छ नै, निकट भविष्यमा आर्थिक पाटामा पनि फड्को मार्ने विश्वास छ । कतारका अमिरको भ्रमणले नेपाल र खाडी क्षेत्रबीच थप उच्च तहमा सम्बन्ध स्थापित भएको छ । आगामी दिनमा आर्थिक सम्वृद्धिका लागि लगानी, टेक्नोलोजी ट्रान्सफर, पर्यटन बृद्धि लगायत समेत बढ्ने अपेक्षा गर्न सकिन्छ ।




हाँसिल भएन' कतारमा लामो समयदेखि मजदुर हुँदै व्यवसायी बनेका एक नेपालीले भने-'राम्रो तयारी पुगेको भए कतारले सडक, रंगशाला, शिक्षा तथा स्वास्थ्यमा ठुलो सहयोग गर्न सक्थ्यो, तर केही भएन।'

कतारका राजालाई नेपालको कुनै पनि पर्यटकीय क्षेत्रको भ्रमण गराइएन। उनी विमानस्थलबाट सितल निवास, सोल्टी होटल, द्वारिका होटल हुदै फर्किए। 'राजालाई पहिला नै तयारी गरेर माउण्टेन फ्लाइट गराउन सकिन्थ्यो, केही पर्यटकीय क्षेत्रको भ्रमण गराउन सकिन्थ्यो, केही भएन' धेरैको गुनासो छ।

श्रम र परराष्ट्र मन्त्रालयका अधिकारीहरू पर्याप्त समय नपुगेकाले श्रमिकका विषयमा समझदारी हुन नसकेको बताउँछन्। कतारसँगको श्रम सम्झौताको नविकरण चाँडै हुने सरकारी पक्षको भनाई छ। नेपालसँग कतारको श्रम सम्झौता २००४ मा भएको थियो। त्यसयता नेपालले पटक-पटक कतारसँग यसमा पुनरावलोकन गर्न चाहेको छ। न्यूनतम वेतन वृद्धिदेखि श्रमिकको २४ घण्टे बिमा र सामाजिक सुरक्षा उनीहरूकै श्रमको पसिनामा चलेको देशका लागि यति लामो अवधिसम्म प्रमुख विषय बन्नु पर्ने धेरैको भनाई छ। आँगनमै आएको ठोस उपलब्धिको अवसरमा हामी नेपाली कतै चुकेका त छैनौ, प्रश्न उठिरहेको छ।

### कर्मथलोका राजालाई स्वागतार्थ खटिए कतारका नेपाली

कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी दुईदिने भ्रमणका क्रममा पहिलो पटक नेपाल आएपछि उनको स्वागतार्थ कतारमा रहेका नेपाली तथा व्यवसायीहरू स्वदेश आएर खटिएका थिए। नेपाल आएका कतारी राजाको भ्रमणमा खुशी व्यक्त गर्दै स्वागत गर्नका लागि उनीहरू जुटेका हुन्।

कतारमा रहेका नेपाली व्यवसायी तथा एनआरएनएले छुट्टाछुट्टै स्वागतद्वार तथा ब्यानर राखेर कतारी राजाको न्यानो स्वागत गरेका छन्। नेपाली व्यवसायी संघ, कतारले सिनामंगलको कार्गो अफिस अगाडि, गैरआवासीय नेपाली संघ, कतारले माइतिघरमा र कतारका लागि नेपाली पर्यटनदूत आरके शर्माले नयाँ बानेश्वर चोकमा छुट्टाछुट्टै स्वागतद्वार निमार्ण गरेका थिए।

कतारमा कर्मथलो बनाइरहेका नेपालीहरूले कर्मभूमीका राजा जन्मभूमीमा आउदा खुशीको सीमा नै नरहेको बताएका छन्। उनीहरूले यो भ्रमणबाट दुई देशबीचको सम्बन्ध विस्तार हुनुका साथै कतारबाट धेरै फाइदा लिन सकिने हुँदा यो अवसरको सदुपयोग गर्नुपर्ने जनाए।

अमिरको यो भ्रमणबाट कतार र नेपालबीचको आत्मीय सम्बन्ध अझ सुमधुर हुनाका साथै पारस्परिक सहयोग एवं सहकार्यका क्षेत्र विस्तार हुने नेपाली व्यवसायी संघ कतारका अध्यक्ष महेन्द्र चम्लागाईले बताएका छन्। राजाको भ्रमणका लागि रातारात स्वदेश आइपुगेका चम्लागाई स्वागत गेट बनाएको स्थल सिनामंगलमा स्वागतका लागि अन्य व्यवसायीसहित बसेका थिए।

यो भ्रमण मध्यपुर्वबाटै पहिलो राष्ट्राध्यक्षको रुपमा नेपाल भ्रमण हुँदैछ। जसले मध्यपुर्व एवं अरब मुलुकहरूका उच्च ब्यक्तित्वको निम्ति नेपाल भ्रमणका लागि सकारात्मक सन्देश जाने कतारमा लामो समयदेखि सरकारी निकायसँग नजिक भएर काम गरिरहेका प्रोफेसर मोहम्मद रम्जान अलिमियाको भनाई छ।

कतार नेपालीहरूका लागि आकर्षक श्रम गन्तव्य हो, जहाँ हाल पनि करिब चार लाख नेपाली विभिन्न क्षेत्रमा कार्यरत छन्। 'कतारले श्रमिकदेखि कम्पनी चलाउने मालिकसम्म बनायो' युवा व्यवसायी अब्दुल वासिद भन्छन्-'कर्मभूमीका राजा जन्मभूमीमा पहिलो पटक आउँदा हाम्रो खुशीको सीमा छैन।' एनआरएनएका पुर्वउपाध्यक्ष टिबी कार्की पहिलो पटक मध्यपुर्वका राष्ट्राध्यक्षको भ्रमणबाट नेपालले धेरै विषय उठाउन आवश्यक रहेको तर्क राख्छन्।

एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्ट पनि कतारी राजाको भ्रमणका लागि स्वदेश आइपुगे। माइतिघरमा भेटिएका भट्टले स्वागतद्वारको अवलोकनपछि भने- 'कतारका राजाको नेपाल भ्रमण कतारमा कार्यरत झण्डै चार लाख नेपालीको गौरवको विषय हो, अझ नेपालको परराष्ट्र मन्त्रालयले एनसीसी कतारलाई निमन्त्रणा गर्नु अर्को गर्वको विषय हो।'

कतारमा श्रमिक हुँदै सफल व्यवसायी बनेका राज रेग्मी पनि कतारका राजाको नेपाल भ्रमणबाट उत्साहित भएका छन्। उनी भन्छन्- 'लाखौ नेपालीलाई कतारले सवल र सक्षम बनायो अब दुई देशबीच श्रम कुटनीति, आर्थिक र परस्पर सम्बन्ध स्थापना गरेर फाइदा लिन सक्नुपर्छ।'

## कतार-नेपालबीच भएका **समझदारी तथा सम्झौता**

- नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कतार राज्यको संस्कृति मन्त्रालयबीच संस्कृति र कलाको क्षेत्रमा सहयोगका लागि समझदारी।
- राष्ट्रिय समाचार समिति, नेपाल (रासस) र कतार समाचार एजेन्सी (क्यूएनए)बीच समाचार आदानप्रदान तथा सहयोगसम्बन्धी सम्झौता।
- नेपाल सरकार र कतार राज्यको सरकारबीच शिक्षा, उच्च शिक्षा र वैज्ञानिक अनुसन्धानको क्षेत्रमा सहयोगका लागि समझदारी।
- नेपाल सरकार र कतार राज्यको सरकारबीच युवा तथा खेलकुदको क्षेत्रमा सहयोगसम्बन्धी समझदारी।
- नेपालको महान्यायाधिवक्ताको कार्यालय र कतार राज्यको सार्वजनिक अभियोजनबीच सहयोगका लागि समझदारी।
- नेपाल सरकारको परराष्ट्र मामिला अध्ययन संस्थान (आईएफए) र कतार राज्यको परराष्ट्र मन्त्रालयको कूटनीतिक संस्थानबिच कूटनीतिक प्रशिक्षण र शिक्षाको क्षेत्रमा सहयोगसम्बन्धी समझदारी।
- कतार चेम्बर र नेपाल उद्योग वाणिज्य महासंघबीच संयुक्त व्यापार परिषद् (जेबिसी) स्थापना गर्ने सम्बन्धी सम्झौता।
- कतार चेम्बर र नेपाल उद्योग वाणिज्य महासंघबीच भएको समझदारी पत्रको नवीकरण।

## कतारी अमीरको नेपाल भ्रमण

# नेपालको कुटनैतिक सफलता

कतारी अमीरको नेपाल भ्रमण अत्यन्तै सफल भएको कुरा वहाँले कतार फर्कनु अघि गरेको ट्वीटले पनि दर्शाएको छ। नेपालले पनि अरब कुटनीतिलाई नजिकबाट बुझ्ने मौका पाएको हुनाले अमीरको नेपाल भ्रमण एउटा महत्वपूर्ण आधारशिला र दुई देशबीचको सम्बन्धमा महत्वपूर्ण आयाम थप्ने अवसरको रुपमा लिनुपर्छ।



**प्रो. मोहम्मद रमजान अली मियाँ**

नेपाल-कतार दौत्य सम्बन्ध स्थापनाको ४७ वर्ष पश्चात आजभन्दा केवल ११ वर्ष अघि मात्रै कतारको शासन सत्ता सम्हालेका र त्यहाँको राजनीतिक इतिहासमा 'अमीर' जस्तो महान उपाधी हाँसिल गर्ने चौथा व्यक्तित्व अमीर शैख तमीम बिन हमद बिन खलीफा अल थानीलाई नेपाल भ्रमण गराउन सफल हुनु नेपाल सरकारको कुटनैतिक सफलता हो। मध्यपुर्व एशियाको खाडी मुलुकहरू बाटै राष्ट्राध्यक्ष र राज्य प्रमुखको पहिलो उच्च ओहोदाको रुपमा शैख तमीमको नेपाल भ्रमण इतिहासमा दर्ज गरिने महत्वपूर्ण विषय हुन पुगेको छ।

पहिलो भ्रमण नै कतारका राजाबाट हुनु र बर्तमान बिश्व राजनीतिक जगतमा कतारले खेलेको भूमिकाको कारण यो भ्रमणका कयौं दीर्घकालीन सकारात्मक पक्ष बनेका छन्। नेपाल र कतारको मैत्रीपूर्ण सम्बन्धका लागि दरिलो आधारका रुपमा यो भ्रमणलाई लिन सकिन्छ। आगामी खुड्किलाहरूको निम्ति पनि यसले सेतुको भूमिका पक्कै खेल्न सक्नेछ।

कतारबाट भएको यस भ्रमणले नेपालको मध्यपुर्वका देशहरूसँगको सम्बन्धमा एउटा फरक प्रकारको आयाम वृद्धि गरेको छ। अझ भन्नूपर्दा आपसी सम्बन्ध पृथक र सकारात्मकतर्फ अग्रसर भएको छ। मध्यपुर्वका अधिकांश मुलुकहरूको आधुनिक विकासमा नेपाली श्रमिक तथा आम नेपालीको ठूलो भूमिका रहेको बिषय अब दोहोर्‍याइ रहनु पर्दैन। यद्यपी कतारमा कार्यरत नेपालीहरूको योगदानको कदर भने चाहे जस्तो अझै हुन नसकेको हामीले स्वीकार्नै पर्दछ। जसमा दुवै पक्ष जिम्मेवार छन।

समग्रमा कतारी अमीरको नेपाल भ्रमणले अरब देशहरूका अन्य विशिष्ट ब्यक्तित्वहरूको निम्ति नेपाल भ्रमणको द्वार खोलेको छ। जसले आगामी दिनहरूमा सम्भावना र सहकार्यको राम्रो वातावरण सृजना गर्न सक्नेछ।

नेपाल र कतारले सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध जोडेका थिए। त्यस समयदेखि नै दुई देशबीचको सम्बन्ध आपसी विश्वास, सम्मान, समझदारी र सहयोगमा आधारित सौहार्दपूर्ण र मैत्रीपूर्ण रहँदै आएको छ। नेपालका तर्फबाट यहाँका राष्ट्राध्यक्ष लगायत अन्य विशिष्ट ब्यक्तित्वहरूको कतारसहित मध्यपुर्वका अन्य मुलुकहरूको भ्रमण भएता पनि ती मुलुकको तर्फबाट अमीर शैख तमीम भन्दा अघि यस प्रकारको उच्च स्तरीय भ्रमण भने हुन सकिरहेको थिएन। नेपाली कुटनैतिक क्षेत्रले पनि यसको जोहो गर्न लागिपरेको भएता पनि देशको आन्तरिक अवस्था, ब्यवस्था र अस्थिर राजनीतिक परिवेशको कारण त्यो सम्भव भएको थिएन। यस प्रकार उच्च तहको भ्रमणको आवश्यकता मध्यपुर्वमा कार्यरत नेपालीहरूले समेत धेरै पहिलादेखि महसुस गरेका थिए।

वास्तवमा यस प्रकारको भ्रमण निक्कै पहिले भइसक्नु पर्ने थियो। यद्यपी 'देर आया दुरुस्त आया' भन्ने भनाइलाई आत्मसात गर्न' नै आगामी यात्राको निम्ति महत्वपूर्ण धार हुनेछ। अमीर शैख तमीमको मैत्रीपूर्ण भ्रमणलाई राजकीय बनाउन सक्नु बर्तमान सरकार र राज्यको अर्को ठूलो सफलता हो। आम सर्वसाधारणले समेत यस भ्रमणबाट ठूलो अपेक्षा गरेको देखिन्छ। किनभने यतिबेला कतारमा मात्रै करिब चार लाखको हाराहारीमा नेपालीहरू कार्यरत रहेका छन। जसमा ठूलो संख्या अदक्ष र सीपको सामान्य ज्ञान भएकाहरूको छ। जसले पठाएको रेमिट्यान्सद्वारा राज्यको ठूलो आवश्यकता पुरा भइरहेको छ। यहि रेमिट्यान्सले देशको अर्थतन्त्रमा असामान्य योगदान पुर्‍याइरहेको छ। कतारले हाल पनि तिनै श्रमिकको तेस्रो पुस्तालाई विभिन्न क्षेत्रमा सहजतापूर्वक रोजगारी प्रदान गरिरहेको छ।

पृष्ठभूमिलाई हेर्ने हो भने नेपाल र कतारबीच सन् २००५ मार्च २१ मा नेपाली जनशक्ति रोजगारी सम्बन्धी द्विपक्षीय सम्झौता र त्यसको अतिरिक्त प्रोटोकल (२० जनवरी, २००८ मा हस्ताक्षर) भएको थियो भने तत्कालीन परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले सन् २००५ मार्च २१ मा कतारको भ्रमण गरी नेपाली जनशक्ति रोजगारी सम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरेका थिए। त्यसयता कतारमा नेपाली कामदारको संख्या बढ्दै गएको देखिन्छ।

नेपाल र कतार श्रमिक पठाउने र लिने बाहेक अन्य क्षेत्रमा पनि उत्तिकै निकट छन्। नेपाल र कतारले धेरै अन्तर्राष्ट्रिय एजेन्डा र मुद्दाहरूमा समान धारणा राख्ने भएकाले संयुक्त राष्ट्र संघ, असंलग्न आन्दोलन र अन्य अन्तर्राष्ट्रिय मञ्चमा दुवै देशले विश्व शान्ति,



सुरक्षा र विकासका लागि सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । विश्वजगतको निम्ति ठुलो संकटको रुपमा देखिएको जलवायु परिवर्तन र यसको क्षेत्रमा गर्न सकिने सुधारको मार्गमा पनि मिलेर अगाडि बढिरहेका छन । कार्वन उत्सर्जनमा कमी ल्याउन र क्लीन इनर्जी उत्पादनमा दुवै राष्ट्रको सहकार्य बिश्व जगतको हितमा प्रष्ट देखिएको छ ।

अब भने यो पारस्परिक र मित्रवत सम्बन्धलाई आर्थिक कुटनीतितर्फ मोड्नु पर्ने देखिन्छ । सबैभन्दा पहिला त कतारमा लामो समय कार्यरत रहि नेपाल फर्किएका वा नेपाल फर्कन चाहनेहरूको निम्ति कतार सरकारको सहयोगमा वैदेशिक रोजगारबाट फर्कनेलाई उद्यमी बनाउन भेन्चर क्यापिटलको स्थापना तर्फ राज्यको निति केन्द्रित हुनु पर्दछ । यसोगर्दा दुवै देशलाई फाइदा पुग्नेछ । अर्कोतर्फ कतारले नेपाली श्रमिकको मेहनत, इमान्दारिता र परिश्रमको तारिफ गरिरहंदा अनि नेपाली कामदारतर्फ लालायित हुँदा आफूलाई चाहिने दक्ष कामदारका लागि कतारले आफ्नै लगानीमा नेपालमा तालिम केन्द्र, टेक्निकल कलेज खोल्न उसको ध्यानाकर्षण गराउनु राज्यको दायित्व हुन आउँछ ।

हाल कतारले नेपालबाट दक्ष घरेलु कामदारको अपेक्षा गरेको पाइन्छ । जसको निम्ति विभिन्न चरणमा दुइपक्षिय बैठक तथा वार्ताहरू पनि भैसकेका छन । तर निष्कर्षमा पुग्न नसकेकाले यसले अर्को अन्यौलता पैदा गरेको छ । तसर्थ यसलाई यथाशीघ्र टुङ्ग्याउनु पर्ने देखिन्छ । अर्को कतारले नेपालीलाई त्यहाँको सुरक्षा निकायमा भर्ती गर्न खोजिरहेको छ, जसको निम्ति मागपत्र पनि पठाएको छ तर राजनीतिक खिचातानीको कारण यती आकर्षक र लोभलाग्दो रोजगारी गुमिरहेको छ । अब उप्रान्त यस्ता मागपत्र प्राप्त भएमा सरकारले बिनाकुनै ढिलासुस्ती स्वीकार गर्न' पर्दछ ।

यसैगरी कतारी निकायहरूमा नेपाली श्रमिकको सहजताका लागि खास गरेर अस्पतालहरूमा नेपाली स्वास्थ्यकर्मी पठाउने नीति लिनुपर्छ । जहाँसम्म कतारी लगानीको बिषय छ त्यो भने राज्यको आर्थिक कुटनीतिबाटै सम्भव छ । कतार इन्भेष्टमेन्ट अथोरीटी जसले हाल पनि ४ सय ७५ अर्ब अमेरिकी डलर सम्पत्तिको व्यवस्थापन गरिरहेको छ । जसमार्फत युरोप, अमेरिका लगायत अन्य देशहरूमा प्रचुर मात्रामा लगानी गरिरहेको छ । दीर्घकालीन लगानीका लागि त्यस्तो कम्पनी मार्फत कतारी लगानीकर्तालाई नेपालको जलस्रोत, उर्जा, कृषि, पर्यटन, ब्यापार र पूर्वाधार निर्माण तथा पर्यटन क्षेत्रमा लगानीको निम्ति आकर्षण गर्न सकिन्छ । तर यसको निम्ति हाम्रा केही नियम, निति र कानुन परिमार्जन गर्न जरुरी देखिन्छ ।

कतारले दिन खोजेको सहयोग लिन वा स्वीकार गर्न नसक्नुले आगामी दिनमा हुने सहयोगमा अन्यौलता र अविश्वास पैदा भएको छ । कतार सरकारले शिक्षा, स्वास्थ्य लगायत अन्य क्षेत्रको बिकासमा दिन चाहेको सहयोगलाई पनि हामीले लिन नसक्नु अर्को ठूलो समस्या हो । शिक्षाको बिकासको क्षेत्रमा कतारस्थित कतार फाउन्डेसनको भगिनी संस्था एजुकेसन अभव दि अलले दिन खोजिरहेको सहयोग दोस्रो पटक पनि हामीले स्वीकार गर्न नसकेको यथार्थले अब भविष्यमा प्राप्त हुन सक्ने सहयोगमा अन्यौलता पैदा गरेको छ । राज्यको प्रशासन क्षेत्रले हाम्रो प्रक्रियामा देखाएको ढिलासुस्तीको कारण पनि हामी सहयोग लिन चुकेको देखिएको छ । दिनेले प्रक्रिया पुर्‍याएर दिन्छु भन्दा समेत हामीले उत्सुकता नदेखाउनु आफैमा विडम्बना हो ।

हामीले भन्दै आएको जनस्तरको सम्बन्ध निकट पार्न साहसिक पर्यटकीय गन्तव्यमा कतारी नागरिकलाई भ्रमण गराउन सरकारले विशेष नीति लिनु आवश्यक छ । तर यस क्षेत्रमा पनि आवश्यक प्रचारप्रसार पुगेको देखिएन । नेपाल र कतारबीच वायुसेवाको क्षेत्रमा पनि रणनीतिक साझेदारी मार्फत सहकार्य हुन सक्ने देखिन्छ । जसबारे नेपालको प्रधानमन्त्रीले कतारी अमीर समक्ष वान टु वान बार्तामा नेपालमा कतारी लगानी बारे आफ्नो धारणा राख्नु भएको थियो । हाल कतार एयरवेजले दोहा-काठमाडौ दैनिक ३-४ उडान भरिरहेको अवस्थामा थप उडान भैरहवा र पोखराबाट समेत गरेर ती बिमानस्थललाई समेत चलायमन बनाउन आफ्नो बिचार राख्नु अत्यन्तै सकारात्मक रहेको छ ।

नेपाली श्रमिकका विषयमा प्रधानमन्त्रीले अमीर समक्ष राखेका विषय अर्को सुन्दर पक्ष हो । यद्यपी यसमा पनि हाम्रै प्राविधिक समस्या बाधक बनेको स्पष्ट देखिन्छ । तसर्थ कतारी पक्षको सकारात्मक जवाफ प्राप्त हुनुपूर्व नै यसमा सम्बन्धित पक्षको ध्यान पुग्नु पर्ने थियो ।

अन्त्यमा नेपाल र कतारबीच अमीरको भ्रमणको बेला ठोस सम्झौता हुन नसकेको भनी उठेको जिज्ञासालाई मेट्न तत्काल हाम्रो सरकारले नेपाल र कतारबीच यस अधि भएका विभिन्न सम्झौता तथा समझदारीपत्रहरू (एमओयू) परिमार्जन तथा अद्यावधिक गर्नुपर्दछ । कतारले दिन चाहेका सहयोगहरू लिन सक्नुपर्छ ।

समग्रमा कतारी अमीरको नेपाल भ्रमण अत्यन्तै सफल भएको कुरा वहाँले कतार फर्कनु अघि गरेको ट्वीटले पनि दर्शाएको छ । नेपालले पनि अरब कुटनीतिलाई नजिकबाट बुझ्ने मौका पाएको हुनाले अमीरको नेपाल भ्रमण एउटा महत्वपूर्ण आधारशिला र दुई देशबीचको सम्बन्धमा महत्वपूर्ण आयाम थप्ने अवसरको रुपमा लिनुपर्छ ।

*(लेखक राष्ट्रिय मानवअधिकार आयोग कतारमा कार्यरत छन्, उनले मैले 'देखेको कतार' पुस्तक प्रकाशन गरिसकेका छन् ।)*


## बेलबारी नगरपालिकाको अनुरोध

- आफनो आम्दानीको वैद्यता सुनिश्चित गरौं ।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं ।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं ।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं ।
- समयमै कर तिरी जरिवानाबाट बचौं ।
- करको चर्चा घरघरमा गरौं ।
- हामीले तिरेको कर हाम्रै लागि ।

**बेलबारी नगरपालिका**

मोरङ, कोशी प्रदेश, नेपाल

# श्रमिकका समस्या सुन्न 'श्रमाधान सेवा' शुभारम्भ

## इन्द्रेणीका रङसँग मेल खाने ७ वटा कार्यक्रमहरू समावेश

सरकारले श्रमिकका समस्या, गुनासो र जिज्ञासालाई समाधान र सुधार गर्ने उद्देश्यसहित 'श्रमाधान सेवा'को शुरुवात गरेको छ। विश्व मजदुर दिवसको अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले उक्त कार्यक्रमको शुभारम्भ गरेका हुन ।

मन्त्रालयमा आयोजित कार्यक्रममा सेवा शुभारम्भ गर्दै मन्त्री अर्यालले भने, 'श्रमाधानले नेपाली नागरिकको श्रम र रोजगार सम्बन्धी बहुआयामिक आवश्यकताको एकद्वार प्रणालीद्वारा सम्बोधन गर्ने उद्देश्य राखेको छ। श्रमाधानको पहिलो चरणमा ७ वटा क्षेत्रहरूसँग सम्बन्धित कार्यक्रमहरू समावेश गरिएका छन् । इन्द्रेणीका सात रङसँग मेल खानेगरी प्रत्येक कार्यक्रमलाई एक विशेष रङसँग जोडिएको छ। श्रमाधान नेपाली श्रमिकका समस्या समाधान र श्रम बजारमा सुधार ल्याउन सरकारले प्राथमिकताका साथ शुरुवात गरेको एउटा कार्यक्रम हो ।'

उनले यसअघि श्रमिकहरूका समस्या समाधानका लागि मन्त्रालयले कल सेन्टर संचालन गरेकोमा एउटा कल सेन्टरले मात्रै गुनासो सुन्न र उक्त गुनासोको सुनुवाई गर्न सम्भव नहुने देखेर श्रमाधानलाई कार्यक्रमको रुपमा ल्याइएको बताए। उनले भने, 'श्रमिकहरूका समस्या समाधानका लागि मन्त्रालयको एउटा कल सेन्टरले मात्रै पुग्दैन भनेर श्रमाधान कल सेन्टर भन्दा पनि कार्यक्रमको रुपमा लिएर आएका छौं । श्रमाधान श्रम मन्त्रालयको वृहत र व्यवहारिक योजना हो ।'

विदेशबाट फर्किसकेपछि तथा स्वदेशमा अवकाश प्राप्त श्रमिकले सिकेको सीप, पुँजी र ज्ञानलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषय पनि यस कार्यक्रम अन्तर्गत समावेश गरिएको उनको भनाइ छ। यस्तै मन्त्री अर्यालले सो अवसरमा आन्तरिक रोजगार महाशाखा स्थापनाको अन्तिम तयारीमा रहेको पनि जानकारी दिए।

रोजगार दशकको कुराहरू आइराखेको सन्दर्भमा रोजगार बैंक, आन्तरिक रोजगार सृजना तथा स्वरोजगार कसरी बनाउने भन्ने विषयमा विदेशबाट सिप र ज्ञान लिएर आएका नेपाली नागरिकहरूको डाटावेस संकलन गर्ने र उनीहरूको क्षमताको सदुपयोग गरेर देशमा स्वरोजगार सृजना गर्ने विषयमा नीजि क्षेत्रसँग पनि पटक-पटक छलफल भैरहेको मन्त्री अर्यालले बताए।

सरकारले श्रमिकका समस्या, गुनासो वा जिज्ञासा सम्वन्धित निकायमा आएर, श्रमाधान




*कल सेन्टरमा फोन गर्दा पैसा नलाग्ने ११४१ फोन नम्बरमार्फत तथा ९८५१३४७२२२ मा फोन, म्यासेज, हवाट्सअप, भाइवर, इमोमार्फत तथा सामाजिक संजालबाट गर्न सकिने व्यवस्था रहेको जनाएको छ।*

मन्त्री अर्यालले श्रमाधान अन्तर्गत सार्वजनिक गरिएका कार्यक्रम सबै पहिलो चरणमा सम्पन्न हुन्छन या तयारी पुरा भएका छन भन्ने नभएर क्रमवद्धरुपमा यी कार्यक्रमहरू सम्पन्न हुदै जाने बताए। उनले कार्यक्रममा सातवटै कार्यक्रमबारे प्रष्ट पारेका थिए।

### श्रमको इन्द्रेणी

**सेकेन्ड इनिङ्स : 'अवकाश पछिको आरम्भ'**

श्रमाधान सेकेन्ड इनिङ्स वैदेशिक रोजगारबाट नेपाल फर्केका र नेपालमै अवकाश प्राप्त नागरिकहरूको सीप, श्रम र अनुभवलाई पुनः सक्रिय बनाउन मद्दत गर्ने एक विशेष पहल हो। यस कार्यक्रमले सेवानिवृत्त व्यक्तिहरूलाई आफ्नो अनुभव र कौशललाई प्रयोग गरी नयाँ रोजगारी, स्वयंसेवा वा उद्यमशीलताका विभिन्न अवसरहरूमा संलग्न हुन सहयोग पुऱ्याउने छ।

**रोजगार बैंक : 'पेशागत यात्राको सहयात्री'**

श्रमाधान रोजगार बैंकको उद्देश्य रोजगारदाता र रोजगारी खोज्ने बीचका बहुआयामिक पक्षको समन्वयात्मक सेतु बनी आन्तरिक र विश्व श्रम बजारमा नेपाली श्रमिकको सुव्यवस्थित, सबल र बृहत प्रतिनिधित्व गर्दै रोजगारीका अवसरहरूलाई व्यापक बनाउनु हो। यस कार्यक्रमले श्रमिकहरूलाई श्रम बजारमा प्रतिस्पर्धी हुन आवश्यक कौशलको विकास तथा पेशागत उन्नतिका लागि चाहिने स्रोत र साधन प्रदान गर्दछ।

**समता : 'विविधताको एकता श्रममा समता'**

श्रम क्षेत्रमा लैङ्गिक, भौगोलिक, वर्गीय, जातीय तथा अन्य कारणले मूलधारमा आउन नसकेका नागरिकहरूको पहिचान गर्दै श्रमको उच्च सम्मान गर्ने संस्कृतिको विकास गर्ने र श्रमको प्रक्रिया वा अन्य चरणमा व्यक्तिको व्यक्तिगत हक तथा अधिकार सुनिश्चित गर्दै समानताको प्रत्याभुति गर्ने उद्देश्य श्रमाधान समता कार्यक्रमको छ। यसले विशेष आवश्यकता




रहेको वर्ग तथा समुदायको हकमा खास सुविधा प्रदान गरेर समानताको प्रत्याभूति दिने कुरालाई समेट्छ ।

**ल : 'श्रम सम्बन्धी कानुन सबैले जानुन'**

श्रमाधान ल श्रमिकहरूलाई उनीहरूका कानुनी अधिकारहरू र कर्तव्यहरू बुझाएर श्रमको यात्रामा कानुनी रूपमा सुरक्षित बनाउने कार्यक्रम हो । यस कार्यक्रमले श्रमिकहरूलाई श्रम कानुनका विभिन्न पक्षहरूमा सुसूचित गराई भविष्यमा हुनसक्ने श्रम विवाद र यसका अदालती प्रक्रियाका लागि तयार गराउँछ । यो कार्यक्रम विशेषगरी श्रमिकहरूको कानुनी ज्ञानलाई बढाउने र कमको स्थानमा सामना गर्नुपर्ने चुनौतीहरूलाई सहजतापूर्वक समाधान गर्न मद्दत पुऱ्याउने ध्येयका साथ ल्याइएको हो ।

**कनेक्ट : 'भोलिको तयारी, आजैबाट'**

विश्व श्रम बजार हरेक दिन बदलिँदो छ । यस परिस्थितिमा नेपालको श्रमिकलाई विश्व श्रमिक बजारमा प्रतिस्पर्धी बनाउनुको विकल्प छैन । ग्लोबल ट्रेण्ड र चेन्जमा आधारित भएर श्रमको नयाँ विविधतासँग जोड्नु श्रमाधान कनेक्ट कार्यक्रमको उद्देश्य हो । यो कार्यक्रम नेपालबाट विदेश जाने श्रमिक, विदेशमा काम गरिरहेका नेपाली श्रमिक र गैरआवासीय नेपालीहरूलाई एउटै धागोमा जोडेर नेपालीहरूको दक्षता र विज्ञता विकासमा आधारित हुनेछ ।

**साथ : 'हामी छौ'**

श्रमाधानको साथ देशभित्र र विदेशमा काम गर्ने श्रमिक र उनीहरूका परिवारको मानसिक स्वास्थ्यलाई केन्द्रमा राखी बनाइएको कार्यक्रम हो । यो कार्यक्रम तनाव व्यवस्थापन, मनोसामाजिक सहयोग र सांस्कृतिक समन्वय जस्ता श्रमिक र श्रमिकको परिवारको मानसिक स्वास्थ्य सम्बन्धी समस्या समाधान गर्न केन्द्रीत हुनेछ ।

**कल सेन्टर : 'समस्याहरूको सम्बोधन, तुरुन्तै'**

श्रमाधान कल सेन्टर भन्नाले नेपालमा वा विदेशमा रहेका नेपाली श्रमिकहरूको समस्या, जिज्ञासा र सुझाव संकलन गरी सम्वन्धित निकायसम्म पुऱ्याएर समाधान गर्ने सुविधा हो ।

# 'बन्देजले रोकेन घरेलु काममा विदेश जान, **जोखिम अझ बढायो**

वैदेशिक रोजगारमा घरेलु श्रमिकका रुपमा जान सरकारले लगाएको बन्देजले जोखिम अझ बढाएको छ । बन्देजका कारण श्रम स्वीकृति नलिई विभिन्न माध्यम भएर रोजगारीका लागि विदेश पुगेकाहरू अझ बढी जोखिममा पर्ने गरेको तथ्याङ्कले देखिएको हो ।

वैदेशिक रोजगारमा जाने महिला श्रमिकहरूलाई सचेतना, उद्धार लगायतमा सहयोग गर्दै आएको गैरसरकारी संस्था आप्रवासी महिला कामदार समूह (आमकास) नेपालले सञ्चालन गरेको अल्पकालिन आश्रयस्थल (सेल्टर) मा आउने मध्ये ७५ प्रतिशत महिला कागजातविहिन हुने गरेको अध्ययनले देखाएको छ ।

गत एक बर्षभित्र आमकास नेपालको सेल्टरमा बसेका १ सय ७२ जना मध्ये ७५ प्रतिशत कागजातविहिन रहेका हुँदा बन्देजले निम्त्याएको जोखिम स्पष्ट हुने आमकास



नेपालकी कार्यकारी निर्देशक विजया राई श्रेष्ठ बताउँछिन् । कागजातविहिन भएकाहरू श्रम शोषण, ज्याला ठगि, मानव तस्करी तथा शारिरीक हिंसाको जोखिममा पर्ने बढी सम्भावना हुने गरेको श्रेष्ठको भनाई छ ।

**अफ्रिकाबाट यौन व्यवसायमा लगाउन नेपाल**

आकर्षक तलव सुविधा उपलब्ध गराइने आश्वासनमा मानव तस्करले नेपाल ल्याएकी युगाण्डाकी एक महिलालाई आमकास नेपालले उद्धार गरी स्वदेश फर्काएको छ । ती महिलालाई यौन व्यवसायमा जर्वजस्ती लगाउने उद्धेश्यले मानव तस्करले नेपाल ल्याइपुऱ्याएका थिए ।

धम्कीका वावजूद ती महिला भागेर गुहार माग्दै आमकास नेपालको सम्पर्कमा आइपुगेकी थिइन् । उनलाई सुरक्षित आवास गृहमा राखेर सम्वन्धित निकायसँगको समन्वयमा स्वदेश फिर्ता गरिएको हो । ती महिलालाई नेपाल ल्याउने एक महिला पक्राउ परेकी छन् । त्यसरी यौन व्यवसायमा लगाउने उद्धेश्यले युगाण्डाबाट नेपाल ल्याउने मानव तस्कर विरुद्ध मानव बेचविखन अनुसन्धान व्यूरोमा उजुरी दर्ता भएको आमकास नेपालले जनाएको छ ।



## तेस्रो लगानी सम्मेलन

# ९ अर्ब लगानी स्वीकृत, १६ अर्ब बराबरको सम्झौता

काठमाडौमा २ दिनसम्म चलेको तेस्रो लगानी सम्मेलन सम्पन्न भएको छ। सम्मेलनमा ८ अर्ब १३ करोड रुपियाँ बराबरको लगानी स्वीकृत भएको छ भने विभिन्न परियोजना अन्तर्गत १६ अर्ब बराबरको लगानीका लागि सम्झौता भएको छ।

'नेपाल लगानी सम्मेलन २०२४'को उदघाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाल कानुनी, भौगोलिक एवं रणनीतिक तवरले लगानीका लागि सम्भावनायुक्त देश भएको बताउदै यस अवसरलाई सदुपयोग गरेर फाइदा लिन आह्वान गरेका थिए।

यस्तै पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालमा विदेशी लगानीकर्ताका लागि प्रायः सबै क्षेत्र खुला रहेको बताउदै ढुक्क भएर लगानी गर्न आग्रह गरे। उनले नेपालमा लगानीका लागि उदार नीतिले सहज व्यवस्था गरेको बताए।

सम्मेलनको समापन कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निजी लगानीको प्रवर्द्धनमार्फत नेपालले आफूलाई लगानीको नयाँ गन्तव्यका रूपमा उदाएको सन्देश सम्मेलनमार्फत दिन सफल भएको बताए।

नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले सम्मेलनलाई सम्बोधन गर्दै नेपालमा लगानीको अपार सम्भावना रहेकाले लगानी विस्तार गर्न विश्वभरका लगानीकर्तालाई आग्रह गरेका थिए। उनले सरकारले नीजि क्षेत्रलाई सहआयोजक बनाएर गरेको लगानी सम्मेलनले विगतको भन्दा फरक प्रतिफल दिने समेत दावी गरे।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत तथा सम्मेलनका संयोजक सुशील भट्टका अनुसार सम्मेलनमा ५५ देशका दुई हजारभन्दा बढीले सहभागिता जनाएका थिए। जसमा ८ सयभन्दा बढी विदेशी प्रतिनिधि रहेका थिए।

सम्मेलनमा १९ वटा आशयपत्र माग गरिएका परियोजना र मार्केट साउन्डका ९ परियोजनासहित कुल १५२ वटा परियोजनाहरू प्रस्तुत गरिएको भट्टले बताए। सम्मेलनबाट नेपालमा लगानीका लागि महत्वपूर्ण प्रतिबद्धता प्राप्त भएको दाबी गर्दै भट्टले सम्मेलनका क्रममा लगानीकर्ताहरूसँग महत्वपूर्ण छलफल भएको बताए।

लगानी सम्मेलनको पहिलो दिन ३ वटा सम्झौतामा हस्ताक्षर भएको थियो। जस अनुसार डाटा सेन्टर निर्माण तथा सञ्चालन सहकार्यका लागी करिब ३ अर्ब रूपैयाँको परियोजनामा बीएलसी ग्रुप नेपाल र योट्टा डाटा सर्भिसेस भारतबीच सम्झौता भएको छ।

यस्तै नेपाल उद्योग वाणिज्य महासंघ र नेसनल चेम्बर अफ कमर्स मलेसियाबीच द्विपक्षीय व्यापार तथा लगानी प्रवर्द्धनका लागि सहकार्य गर्ने सम्झौता भएको छ भने महासंघले फेडेरेसन अफ् मलेसियन म्यानुफ्याक्चरर्ससँग पनि सहकार्यका लागि सम्झौता गरेको छ।

यस्तै सम्मेलनको दोस्रो दिन विभिन्न ६ वटा सम्झौता भएका थिए। नेपाल उद्योग व्यापार महासंघले इन्डियन इन्डस्ट्रिज एसोसिएसन र चाइना दोंगन जिङ लङ लाइटिङ प्रोडक्ट कम्पनी लिमिटेडसँग सम्झौता गरेको थियो।

मुगुको रारा ताल क्षेत्र छायानाथ रारा नगरपालिका वडा नं ९, मुर्मा‍टपमा ८० रोपनी क्षेत्रफलमा १ अर्ब १० करोड रुपैया बराबरको लागतमा सुविधासम्पन्न रिसोर्ट खोल्नका लागि रारा होल्डिङ्स र अस्ट्रेलियाको एक्सपर्ट ग्रुपबीच सम्झौता भएको छ।

नेपालमा सार्वजनिक-निजी साझेदारी

(पीपीपी) प्रवर्द्धनका लागि वर्ल्ड एसोसिएसन अफ पीपीपी युनिट्स एन्ड प्रोफेसनल्स (वाप) र नेपाल एसोसिएसन अफ पीपीपी प्रोफेसनल्स अफ प्राक्टिसनर्स (नाप) बीच समझदारी भएको छ।

नेक्सजेन म्यानेजमेन्ट सोलुसन र कोरियन कम्पनी एमएबीसी इन्भेस्टमेन्ट ग्रुपबीच सम्झौता भएको छ। सम्झौतानुसार नेपाली कम्पनीले कोरियाली कम्पनीलाई सहजीकरण तथा परामर्श सेवा प्रदान गर्नेछ।

यसैगरी, विप्रेषण आप्रवाहको रकम जलविद्युत् आयोजनामा लगानी गर्नेगरी हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् हरूबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ।

यस्तै लगानी सम्मेलनमा नेपाली व्यावसायिक समूह साखः र चिनियाँ कम्पनीबीच होटेल निर्माणका लागि सम्झौता भएको छ। बोर ग्रुप अफ होटेल चाइनाले साखः समूहसँग संयुक्त लगानीमा कपिलवस्तुको गोरुसिंगेमा करिब २ अर्ब लगानीमा होटेल बनाउने भएको हो।

लगानी सम्मेलनका क्रममा करिब ३ अर्ब रूपैयाँ लगानीमा मोरङको बूढीगंगामा विद्युतीय गाडी उत्पादनका लागि एनके मोटर्स प्रालि र चीनको सियाम गोल्ड ड्रागन अटो बडी कम्पनी लिमिटेडबीच सम्झौता भएको छ।

गोपी कृष्ण सेन्ट्रल कम्प्लेक्स (जिकेसिसी) को ६ अर्ब ६७ करोड रूपैयाँ लागत रहेका परियोजनामा लगानी गर्न चिनियाँ सिन्चेन ह्वाह इन्टरनेसनल र जज्याङ अर्बन कन्स्ट्रक्सन ग्रुप तथा भारतीय कम्पनी क्रस काउन्ड्री एडभाइजरी र साइस्पेक्टिभबीच साझेदारी गर्ने सहमति भएको छ।

सम्मेलनमा उद्योग विभागले स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत हुने प्रणाली कार्यान्वयनमा ल्याउँदै नौ अर्ब १३ करोड रुपियाँ बराबरको लगानी स्वीकृत गरेको छ। छ अर्ब रुपियाँभन्दा कमको लगानीमा स्वीकृति दिने क्षेत्राधिकार पाएको विभागले नयाँ प्रणालीमार्फत सो बराबरको स्वीकृति दिएको हो।

जसअनुसार चिनियाँ कम्पनीको लगानी ६ अर्ब स्वीकृत भएको छ। यस्तै अस्ट्रेलियास्थित जे एण्डजेजी इम्भेस्टमेन्ट कम्पनीको ३ अर्ब लगानी स्वीकृत भएको छ। एक्लियस इनर्जी युके कम्पनीको साढे १३ करोडभन्दा बढी लगानी स्वीकृत भएको छ।

लगानीसम्बन्धि ऐनमा सुधारका लागि अन्तर्राष्ट्रिय तथा स्वदेशी लगानीकर्ताहरूको चासो र अनुरोधलाई सम्बोधन गर्न तथा सरकारको प्रतिबद्धतालाई यथार्थ रुप दिन सरकारले अध्यादेशमार्फत् केही नेपाली ऐन संशोधन गरेको पनि छ।

यस अघि वि.सं. २०७३ मा आयोजित पहिलो लगानी सम्मेलनमा १४ खर्ब रुपैयाँ बराबरको लगानीको प्रतिवद्धता आएकोमा झण्डै दुई खर्ब रुपैयाँ जतिको मात्र लगानी आएको थियो भने वि.सं. २०७६ मा आयोजित दोश्रो लगानी सम्मेलनमा १५ खर्ब रुपैयाँ बराबरको प्रतिवद्धता आएकोमा एक खर्ब रुपैयाँभन्दा कम मात्र लगानी आउन सकेको थियो।

# 'रेमिट हाइड्रो' परियोजनाका लागि **एचआइडिसिएल र एनआरएनए एनसीसीहरूबीच समझदारी**



वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले पठाएको विप्रेषण रकमबाट बचत प्रवर्द्धन गराउदै हाइड्रोपावरमा लगानी गर्न प्रोत्साहन गर्नेगरी हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसिएल) र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद (एनआरएनए, एनसीसी)हरूबीच समझदारी भएको छ।

काठमाडौमा आयोजित लगानी सम्मेलनमा एचआइडिसिएलका प्रमुख कार्यकारी अधिकृत अर्जुन कुमार गौतम तथा एनआरएनए एनसीसीहरूका तर्फबाट कतारका अध्यक्ष रमेश भट्ट, युएईका अध्यक्ष बिकास शाही र जापानका महासचिव टिकाराम खरेलले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका हुन।

समझदारी अन्तर्गत पहिलो चरणमा एनआरएनए एनसीसीहरू कतार र युएईसँगै बहराइनका अध्यक्ष राज कुमार श्रेष्ठ, ओमानका अध्यक्ष बिकल झा, मलेसियाका अध्यक्ष बिनोद थापा र इराकका अध्यक्ष बिनोद श्रेष्ठ जोडिएकोमा अन्य एनसीसीहरू पनि यसमा जोडिदै जाने जनाइएको छ।

उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्री शक्ति बहादुर बस्नेतको रोहवर तथा एनआरएनए अभियान्ताहरू आरके शर्मा, कुल आचार्य, टिबी कार्की, राज रेग्मीलगायतको सहभागितामा उक्त सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको हो।

समझदारीपत्रमा हस्ताक्षर भएपछि संक्षिप्त प्रतिक्रिया दिदै एचआइडिसिएलका सिइओ अर्जुन गौतमले वैदेशिक रोजगारीमा रहेका धेरै भन्दा धेरै नेपालीलाई समेटेर रेमिट हाइड्रो परियोजना सफल बनाउने उद्देश्यले यो सम्झदारी गरिएको बताए। उनले भोली विदेशबाट फर्कदा केहि प्रतिफल दिन पनि सकियोस र ठुलो लगानीको क्षेत्रमा लगानी गर्न पनि सकियोस भनेर यो समझदारी गरिएको बताए।

यस्तै एनआरएन अभियान्ता आरके शर्माले लामो समयको अथक प्रयास पछि विदेशमा रहेका नेपालीको स-साना लगानीलाई पनि नेपालमा ल्याएर लगानी गर्ने वातावरण बनेकोमा सरकारलाई धन्यवाद दिए। उनले विदेशमा रहेका धेरैभन्दा धेरै नेपालीहरूलाई यस अभियानमा जोडन आफुहरू प्रतिवद्ध रहेको बताए।

कार्यक्रममा बोल्दै मन्त्री बस्नेतले वैदेशिक रोजगारमा रहेका नेपालीहरूलाई रेमिट हाइड्रोमा लगानी गर्न प्रोत्साहन गर्ने र उनीहरूको सानो सानो लगानीलाई पनि समेटदै लैजानेगरी सरकार अघि बढिरहेको बताए।

सरकारले एचआइडिसिएलको अगुवाईमा विप्रेषण आप्रवाहको रकम जलविद्युत आयोजनामा लगानी गर्नेगरी रेमिट हाइड्रोको अवधारणा अघि सारेकोमा त्यस अन्तर्गत कुल पुँजीको २९ प्रतिशत बैदेशिक रोजगारीमा रहेका नेपालीलाई छुट्याउने गरी हाल दुईवटा आयोजनाहरू ताप्लेजुङमा रहेको ७०.३ मेगावाट क्षमताको सिम्बुवा खोला जलविद्युत आयोजना र ७७.५ मेगावाट क्षमताको घुन्सा खोला जलविद्युत आयोजना निर्माणको चरणमा प्रवेश गर्ने अवस्थामा छ।

यस्तै प्रकारका अन्य आयोजनाका लागि पनि आवश्यक लगानी जुटाउने सम्भावना रहेकाले वैदेशिक रोजगारीबाट प्राप्त हुने बिप्रेषण रकम नेपालको जलविद्युत तथा अन्य नविकरणीय उर्जाको विकासका क्षेत्रमा उपयोग गर्ने सम्भावनाको खोजी गर्ने अभिप्रायले एचआइडिसिएल र एनआरएनए एनसीसीहरूबीच समझदारी भएको समझदारीपत्रमा उल्लेख छ।

# श्रमिकलाई जहाजमा खाना–खाजा र पानी व्यवस्था गर्न आग्रह




वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूको हवाई भाडा तथा सुविधाको उचित व्यवस्थापन गर्नका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल एसोसियसन अफ टुर एण्ड ट्राभललाई आग्रह गरेको छ।

विभागले पत्राचार गरी हवाइ टिकटमा नै खाना खाजा तथा पानीको सुविधा हुने गरी उचित मूल्यको व्यवस्थापन गर्न आग्रह गरेको हो। घण्टौको यात्रामा पनि श्रमिकले न्यूनतम खाना खाजा तथा पानी समेत नपाउने गरेको गुनासो आउन थालेपछि विभागले सम्बन्धित निकायलाई डाकेर छलफल गरेको विभागका महानिर्देशक डुण्डुराज घिमिरेले बताए।

'बजेट एयरलाइन्स भन्ने तर, मूल्य चर्को नै तिर्नु पर्ने अनि न्यूनतम खाना-खाजा तथा पानीको पनि व्यवस्था नहुदा श्रमिकहरू भोकभोकै यात्रा गर्नुपर्ने अवस्था रहेछ। यस्तो धेरै गुनासो सुनियो। त्यसैले सबैलाई बोलाएर छलफल गर्‍यौं,' उनले भने। छलफल पछि सम्बन्धित निकायलाई पत्राचार गरी जहाजको टिकटमा नै यस्तो सुविधा तोक्न आग्रह गरेको घिमिरेले बताए।

**एयरलाइन्स कम्पनीको सिण्डिकेट रोक्न संघले गरायो ध्यानाकर्षण**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले एयरलाइन्स कम्पनीहरूको सिण्डिकेट र मिलेमतोले अचाक्ली हवाई भाडा बढाइएको भन्दै सुपथ मुल्यमा हवाइ टिकट उपलब्ध हुने व्यवस्थाका लागि सम्वन्धित निकायको ध्यानाकर्षण गराएको छ।

'नेपाली श्रमिक लिने रोजगारदाताहरूले महँगीका कारण हवाई टिकट दिन नसक्ने अवस्था आएकाले एकातिर नेपालीले पाउने रोजगारी गुम्ने डर भएको छ भने आफैले टिकट काटनु पर्दा न्यून आय भएका श्रमिक मर्कामा परेका छन्,' संघद्वारा जारी विज्ञप्तीमा उल्लेख छ, 'केही ट्राभल एजेन्सीको मिलेमतोमा एयरलाइन्सहरूले कृत्रिम अभाव खडा गरी टिकटमा सिण्डिकेट गर्ने र टिकटको मूल्य दोब्बर बनाउने गरेकोमा उक्त कालोबजारीलाई रोकेर सस्तो र सुलभ एवम् नियमित टिकटको मूल्यमा कामदार जान पाउने व्यवस्था गराउने पहल गर्न अनुरोध गर्दछौं।'

यस्तै संघले वैदेशिक रोजगारमा जाने कामदारलाई अधिकांश हवाई कम्पनीहरूले पानी तथा खाना उपलब्ध नगराउने, एयरलाइन्सले विक्री गर्ने खाना पनि अत्यन्त महँगो हुने भएकाले श्रमिकले किनेर खान नसक्ने हुदा श्रमिकले ५ देखि ८ घण्टासम्म भोकभोकै यात्रा गर्नुपर्ने बाध्यता रहेको जनाएको छ।

'सुपथ मुल्यमा हवाई टिकट, खाना तथा पानी उपलब्ध गराउने व्यवस्थाका लागि पहल गरिदिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूसमक्ष हार्दिक अनुरोध गरिन्छ' विज्ञप्तीमा भनिएको छ।



रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com




# उत्पादकत्व बढाउने क्षेत्रमा **लगानी गर्न बढाउन** **विकास साझेदार**लाई अर्थमन्त्रीको आग्रह

अर्थमन्त्री वर्षमान पुन अनन्तले नेपालमा रोजगारी सिर्जना र उत्पादकत्व बढाउने क्षेत्रमा केन्द्रित भई लगानी बढाउन विकास साझेदारहरूसँग आग्रह गरेका छन् । विश्व बैंकको दक्षिण एसिया र नेपाल विकास अपडेट, २०२४ सार्वजनिक कार्यक्रममा अर्थमन्त्री पुनले यस्तो आग्रह गरेका हुन् ।

उनले दक्षिण एसियामा अन्य मुलुकको तुलनामा नेपालले राम्रो प्रदर्शन गरिरहेको समेत बताए । यद्पी मुलुक भित्र रोजगारी अभावले युवा पलायन भइरहेको भन्दै नेपालमा रोजगारी सिर्जनाका कार्यक्रमको आवश्यकता रहेको उनले बताए । एकातर्फ पूर्वाधार क्षेत्रमा उच्च रोजगारको आवश्यकता रहेको र अर्कोतर्फ काम गर्ने उमेरका युवाशक्ति काम र अध्ययनका लागि विदेशिरहेको सन्दर्भमा मुलुक भित्रै रोजगारी सिर्जना र उत्पादकत्व सिर्जना गनु आवश्यक रहेको उनले बताए । सोही अनुसारको स्रोत बढाउन उनले विकास साझेदारसँग आग्रह समेत गरे । उनले विश्व बैंकको यो प्रतिवेदन नेपालको नीति निर्माणमा सहयोगी हुने समेत विश्वास व्यक्त गरे ।

अर्थमन्त्री पुनले सरकारको उच्च प्राथमिकता र चासो आर्थिक गतिविधिहरूलाई सहज बनाउनेतर्फ केन्द्रित रहेको बताए । उनले चालु आर्थिक वर्षको अन्त्यसम्ममा आर्थिक पुनरुत्थान हुनेमा आशा व्यक्त गरे । उनले भने, 'राजस्व सङ्कलन न्यून भएकाले सरकारले खर्चलाई प्राथमिकता दिँदै पुँजीगत खर्च बढाउने प्रयास गरिरहेको छ । हामीले वित्त स्थायित्वलाई दिगो स्तरमा कायम राख्न आवश्यक नीतिहरू अवलम्बन गरेका छौं ।'

सार्वजनिक लगानीको प्रभावकारिता र दक्षता अभिवृद्धि गर्न विश्व बैंक र अन्य विकास साझेदारहरूसँग पनि नजिकबाटै काम गरिरहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले राष्ट्रिय परियोजना बैंकको कार्यान्वयन यसको एउटा उल्लेखनीय उदाहरण भएको दाबी गरे । उनले भने, 'विश्व बैंकले अर्थ मन्त्रालय र अन्य सरकारी निकायको बृहत् आर्थिक पूर्वानुमान गर्न सक्ने क्षमतामा सुधार गर्न मद्दत गरिरहेको छ ।'

उनले आगामी आर्थिक वर्षको बजेट निर्माणको चरणमा रहेको समेत जानकारी गराउँदै वर्तमान आर्थिक विकासलाई मार्गदर्शन गर्ने राम्रो नीति र विनियोजनका लागि हाम्रा विकास साझेदारहरू र सम्बन्धित क्षेत्रहरूबाट रचनात्मक सुझावहरूको स्वागत गर्ने बताए । उनले भने, 'नेपाल सरकारको तर्फबाट, म विश्व बैंकलाई अर्थतन्त्रमा प्रभाव पार्ने विभिन्न विषयहरूमा अनुसन्धान र प्रकाशनहरू सहित हाम्रो विकासका विभिन्न क्षेत्रहरूमा निरन्तर सहयोगको लागि धन्यवाद दिन चाहन्छु ।'

कार्यक्रममा त्रिभुवन विश्व विद्यालय केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्राध्यापक डा. रेशम थापाको सहजिकरणमा पूर्वअर्थमन्त्री डा. युवराज खतिवडा, राजस्व सचिव डा. रामप्रसाद घिमिरे, साउथ एसियन वुमेन डेभलपमेन्ट फोरमकी संस्थापक अध्यक्ष प्रमिला आचार्य रिजाल र नेपालका लागि स्वीस राजदूतले नेपालमा रोजगार सिर्जनाको सम्भावनाबारे छलफल गरेका थिए ।

कार्यक्रममा पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले नेपालको आर्थिक वृद्धिको सन्दर्भमा विश्व बैंकले गरेको प्रक्षेपण दशकौंको लागि चमत्कारिक संख्या भएको बताए । उनले नेपालका लागि विश्व बैंकको ३ देखि ३.५ प्रतिशतसम्मको आर्थिक वृद्धिदरको अनुमान यथार्थपरक रहेको बताए । यद्यपि ऊर्जा बाहेक समग्र उत्पादन र औद्योगिक क्षेत्रले राम्रो काम गर्न नसकेको उनको बुझाइ छ । नेपालले धेरै मिहिनेत नगरे पनि प्रक्षेपण अनुसारको आर्थिक वृद्धिदर हासिल गर्न सक्ने उनले बताए । उनले भने, 'हामीले कुनै बाह्य वा आन्तरिक झट्का नपाउँदा पनि हामी सजिलै त्यो हासिल गर्न सक्छौं । ५ प्रतिशत नाघेपछि झटका लाग्न थाल्छ ।'

विश्व बैंककी प्रमुख अर्थशास्त्री फ्रन्जिस्का लिजेलट अन्सर्जले दक्षिण एसियामा विकास दर बढेको भए पनि भारतकै कारण यो सबैभन्दा छिटो विकास हुने क्षेत्र हुने गरेको बताइन् । उनले भनिन्, 'धेरैजसो उदीयमान बजारहरू र विकासशील अर्थतन्त्रहरूले भुक्तानी सन्तुलनको तनावमा परेका करिब एक चौथाई समूहको अपवाद बाहेक, यो राम्रोसँग सामना गरेका छन् । बलियो मूल्यह्रास दबाब, ठूलो पूँजी बहिर्वाह, क्रेडिट स्प्रेडमा ठूलो वृद्धि । र यो सम्भवतः अन्य उदीयमान बजारहरू र आर्थिक रूपमा तनावग्रस्त विकासशील अर्थतन्त्रहरूमा भइरहेको छ। दक्षिण एसियामा औसतभन्दा माथिको वृद्धिको अर्को चेतावनी भनेको सार्वजनिक क्षेत्रको भूमिका हो ।'

# हिम्मतवाली छोरी

मेरो गन्तव्य फार्मेसीमा काम गरेँ, करिब एक वर्ष। त्यही बीचमा जापानीज भाषा पढेँ। जम्मा एक महिना बिदा लिएर गरेको अध्ययनले के हुन्छ, हुन्थ्यो र? आफूले सोचेअनुसार रिजल्ट आएन भनौँ, स्टुडेन्ट भिसामा जापान जान अप्लाइ गर्ने बाटो नै खुलेन।




देशमा गणतन्त्र घोषणा भएको १८ वर्ष र संविधान जारी भएको पनि ८ वर्ष व्यतीत भईसक्यो तैपनि जनताले आशातीत परिवर्तनको अनुभूति गर्न नपाएको प्रष्टै छ। यहाँ किसानले उत्पादन गरेका वस्तुको बजार भाउ छैन। तरकारी, फलफूल न दूध, मिटरब्याज र सहकारीका कारण कयौं नागरिक पीडित छन्। त्यस्तै, उखु किसान र दुग्ध उत्पादक किसानले भोगेका हुर्मत नियाल्नु न्यायका खातिर पीडितहरू कसरी आन्दोलनमा उत्रिनु परेकोछ। ऐना जस्तै देखिएको कुरा हो।

नयाँ पुस्ता देशमा अडिन नमान्नु अर्को विडम्बना ! यसको प्रत्यक्ष र टड्कारो प्रभावबारे बयान गरी साध्य छैन। क्रमशः बाहिरिँदो लहरको क्रमले दुगुना दिन चौगुना रात घर खाली हुँदै गएका छन्। गाउँ त रित्तो हुँदै थियो, थियो अब शहर पनि बिस्तारै रित्तो हुँदै जाने दिन देखिसक्यो। यहाँ लाखौं कमाउन सकिने कृषि उद्यमभन्दा धेरैलाई मासिक तलब आउने जागिर नै प्यारो लाग्छ।




● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com


अस्थिर सरकार भत्ता पचाउन, कुर्सी जोगाउन, आसेपासे र चाकडी-चाप्लुसी झुन्डहरूको व्यवस्थापनमै व्यस्त छ, देखिन्छ। देश र जनता चारैतिरबाट समस्याको भूमरीमा परुन्, रोग भोक शोकमा डुबुन् बाल मतलब छैन। राज्य कोषको पैसा जनताको कर हो तर तिनै जनता अप्ठ्यारोमा परेका बेला मन खोलेर दुःखेसो पोख्ने ठाउँ भएन।

देश भन्नु नागरिक हुन्। अनि, सरकार भन्नु नागरिकको अभिभावक। आमाले जसरी आफ्ना सन्तानको ख्याल राख्छिन्, त्यस्तै मुलुकमा समृद्धि भित्राउन सरकारले आफ्ना नागरिकलाई रोजगारीको अवसर सृजना गर्नु पर्‍यो। गरिब र वेरोजगारको पहिचान गरी उनीहरूलाई सिपमूलक तालिम प्रदान गरेर हुन्छ कि अरु कुनै माध्यमबाट सुलभ पुँजी उपलब्ध गराएर लघु उद्यम व्यवस्थापनमा समेत संलग्न गराउनु अभिभावकको कर्तव्य झैं सरकारको दायित्व हो।

भनिन्छ, आत्मनिर्भर नै अर्थतन्त्रको मूल आधार हो। अनि, स्वावलम्बी जीवन समृद्धिको बाटो। यहाँ न त्यहाँ दक्षता कमाउन त्यति सजिलो छैन। अहोरात्र खटेर केही गर्नु पहिल्यै काम पाइदैन भनेर हातमा दही जमाउनेहरू यही देशमा कति छन् कति। म जे गर्छु, राम्रो गर्छु। जसरी खट्छु, यही माटोमा पसिना चुहाउछु र आफ्नो साथै समाजका लागि समेत एक उदारणीय पात्र बन्छु भन्ने धारकी रिता खड्कालाई सुनौं- 'मेरो जन्म धनकुटा जिल्लाको पाख्रिबासमा भएको हो। स्थानीय जालपादेवी माध्यमिक विद्यालयबाट २०६४ सालमा मैले एसएलसी उत्तीर्ण गरेँ। कलेज पढ्न सहज थिएन। त्यहाँबाट धनकुटा सदरमुकाम अलि टाढा हुनाले घर छोडेर हिँड्न सोच्नै पर्थ्यो। सबै कुरा विचार गर्दा अठार महिने अनमी नै ठीक छ, हुन्छ भनेर सदरमुकाम धनकुटामा डेरा बसेर पढ्न सुरु गरेँ। त्यो पढाइ सकेर तीन वर्ष मैले धनकुटा हस्पिटलमा काम गरेँ।

कामकै सिलसिला म भोजपुर कुलुङ पनि पुगेँ। पहाडी त्यो जनजीवनमा रहेर छ महिना खटेपछि पुनः पढाइलाई नै निरन्तरता दिन मोरङ जिल्लाको विराटनगर झरेँ र विराट हेल्थ अफ नर्सिङ कलेज विराटनगरमा भर्ना भएर तीन वर्षे डिप्लोमा फार्मेसी पढेँ। पढाइ सिध्याएर लाइसेन्स लिन काठमाडौं आएर परीक्षा दिएँ। हातमा लाइसेन्स नभई फार्मेसी खोल्न पाइदैन। पहिलो परीक्षा बिग्रिए तीन महिनाको अन्तरमा पुनः दिन पाइन्छ तर मैले एकै पटकमा लाइसेन्स प्राप्त गरेँ।

अब मेरो गन्तव्य फार्मेसीमा काम गरेँ, करिब एक वर्ष। त्यही बीचमा जापानीज भाषा पढेँ। जम्मा एक महिना बिदा लिएर गरेको अध्ययनले के हुन्छ, हुन्थ्यो र ? आफूले

सोचेअनुसार रिजल्ट आएन भनौँ, स्टुडेन्ट भिसामा जापान जान अप्लाइ गर्ने बाटो नै खुलेन । पुनः लागिपरेको भए पार लगाउथेँ, पक्का हो तर बुवाले यही केही गर । त्यो जापानसापान जाने काम छैन भनेर अघि बढ्नै दिनुभएन । बरु बिहे गर्न कर गर्न थाल्नु भयो ।

मेरो बाल्यकाल उथलपुथल वातावरणमा बितेको हुनाले तत्काल म घरजम गर्ने पक्षमा थिइनँ । पढेकी छु, म आफैं पनि काम गरेर खान सक्छु भन्ने हिम्मत भित्रैदेखि पलाएको हुनाले बुवाको कुरामा मञ्जुर भइनँ । खास गरेर बुवाममीकै सम्बन्ध उहाँहरू नै एकै छानामुनी अट्नुभएन । झन्डै आधा दर्जन छोराछोरीलाई जन्म दिएकी मेरी आमा एकदिन घर छोडेर हिँड्नुभयो । त्यसअघि घरमा रातोदिन झगडा पर्थ्यो । कुटाकुट हुन्थ्यो । ममी गएपछि बुवाको पालो कान्छी आमा भित्र्याउनु भयो । घरको त्यस्तो परिस्थितिमा कसरी हुर्कियो ? पढाइ लेखाइ कसरी गरियो ?

लथालिङ घरको भताभुङ चाला मेरी दिदीले चाँडै बिहे गरिन् । उनको दाम्पत्य जीवन सुखद भएन । त्यो देखेर पनि मैले स्वावलम्बी नभई बिहे गर्नुहुन्न रहेछ भन्ने पाठ सिकेँ । हुन त त्यस ठाउँका प्रायः युवा युवतीले टिन एजमै बिहे गर्थे । लाहुरे पाए अभिभावकले नै छोरी भागेर जाओस् भन्थे । मेरै हकमा पढेका जागिरेबाट कुरा नआएको होइन तर जब बुवा ममीकै सम्बन्ध राम्रो भएन, मेरो भविष्य सुखद हुन्छ भनेर कसरी विश्वास गर्नु ? तनावग्रस्त पारिवारिक स्थितिलाई ढाकछोप गर्ने कुरा पनि भएन ।

मनोवैज्ञानिक रुपमा बिछिप्त मैले एउटा अठोट गरेकी थिएँ, जब म कमाउने हुन्छु, जहाँ पुगेर भए पनि मेरी ममीलाई भेट्छु । बुवासँग बस्न नसक्नु भए पनि आखिर जन्माएको त उहाँले नै हो नि । आमाको गुन तिरेर कहाँ सकिन्छ ? सकिँदैन । माइली दिदी र भाइले राम्रो पढ्नु भन्ने लाग्थ्यो तर सोचेजस्तो समय कहाँ आयो, आएन । बुवाको किराना व्यापार अहिले पनि गरिरहनु भएको छ । भाइले पढ्न छोडेर कपडा पसल गर्थ्यो । मैले जागिर खाएर कमाएको पैसाले मोबाइल किनेँ, नौ हजार हालेर । आफ्नो कमाइलाई खर्चिन कत्रो रहर ! हामीलाई टुहुरा पारेको दश वर्ष पछि ममीलाई भेटेँ र दाँत लगाई दिएँ । त्यो पनि आफ्नै कमाईबाट ।

इन्टरनेट सेवा सुरु भइसकेको थियो । साथीहरूले झैं मैले पनि फेसबुक खोलेँ । साथी बन्ने बनाउने क्रम जारी भयो । सुजन पौडेल फोटो सहित नाम देखेँ । उहाँलाई मैले नै फ्रेन्ड रिक्वेस्ट पठाएँ । त्यो एसेप्ट भएपछि म्यासेन्जरबाट बोलचाल सुरुभो । पछि, हामीले फोन नम्बर पनि आदानप्रदान गर्यौं । भाइको पसललाई सामान लिन म काठमाडौं आउनु पर्ने भयो ।

जापान उड्न नजुरेदेखि नै मलाई बुवाले बिहे गर्न प्रेसर गरिरहनु भएको थियो । राजधानी आउँदा दोलखाका सुजनसँग प्रत्यक्ष भेटेर कुराकानी पश्चात् निर्णय बिन्दुमा पुग्न पाखीबास नै डार्कें । मेरो चाहना अनुसार सुजन उता पुग्नु भइसकेपछि बुवाले सामान्य हिसाबबाट टीका लगाइदिनु भयो । नयाँ जीवनको सुरुवात काठमाडौंलाई कर्मथलो बनाउने निधो भयो ।"

यति ठूलो सहरमा दैनिकी गुजार्न कति चुनौती पार गर्नुपर्छ ? सोच्दै मात्र सगरमाथा आरोहण जस्तो लाग्ने काम रिताले कसरी पाइला टेकिन् ?

यहाँको सडक, बाटो, मोड र गल्ली दिनमा कैयौं पटक हिँड्दा पनि उही र उस्तै लाग्ने स्थान । घनाबस्तीका यी अग्लाअग्ला घरहरू । सागरको पानीझैँ मानिसको हुल बथानमा कुन शिराबाट जिन्दगी श्रीगणेश गर्ने । नयाँ सृष्टि चानचुने विषय होइन । तथापि रिताको सुरुदेखिको भनाइ आफूलाई बुझ्ने साथ होस् भन्ने थियो । उनको त्यो चाहना मिजासिला स्वभावका सुजनसँगको विवाह पछि पुरा भयो ।

पढेर केही गर्छु, गर्नुपर्छ भन्ने अठोटले नै फार्मेसीको लाइसेन्स दिलायो तैपनि सटर खोजेर सुरु गरिहाल्न अलि आँट आएन । यस्तै कारण रिताले एक वर्ष मेडिकलमा काम गरिन् । आफूसँग भएको पैसा र सुन बेचेर जम्मा भएको नगदमा ऋण काढेर ट्याक्सी झिकेपछि पुनः उनकै शब्दमा-

"दिदी, त्यो बेला सुजनले ट्याक्सी चलाउनु हुन्थ्यो, म मेडिकलमा काम गर्थें । मेरो बच्चा जन्मियो । छोराको आगमनसँगै कोरोनाकाल आयो । देशमा पटक पटक लकडाउन भयो । यसले किस्ता बुझाउन बाँधा पर्यो तर साहुले छोड्दैन । अब कसरी व्यवहार गर्नु ? के खानु, कोठा भाडा पनि कसरी तिर्नु ? सुत्केरी ज्यान, बच्चा बिरामी भयो भने कहाँ लगेर उपचार गर्नु ? आदि इत्यादि सम्झेर बढो सकस भयो ।

त्यस बेला विष्णु दिदी लेबलानमा थिइन् । भगवान् नै पल्टेर उनैले सहयोग गरिन् । विश्व अर्थतन्त्रमा शिथिलता छाउदा हाम्रो देशलाई असर नपर्ने कुरै हुँदैन । बच्चा सानो भए पनि पहिला काम गरेकै ठाउँमा पुनः जोइन भएँ म । आफूहरू चल्नै मुस्किल भएको बेला कसरी किस्ता हाल्नु ? बरु ट्याक्सी नै बेचौं भन्ने सल्लाह भयो । त्यतिखेर करिब सात लाख घाटा भयो ।

कतै सुनेकी थिएँ, एक पटक लडेको मानिस पटक पटक कहाँ लड्छ ? लड्दैन । यही मूल मन्त्रलाई हृदयगत गर्दै मैले सुजनकी सानीमा मेरी सानीमा सासुसँग केही नगद सापटी मागेँ । पैसा हातलाग्नु र फेसबुकका माध्मबाट कोटेश्वरमा फार्मेसी बिक्रीमा छ भन्ने सूचना देख्नू कस्तो संयोग ! लोकेसन पहिल्याउँदै हेर्न आएँ । यहाँ कुराकानी मात्रै भएन, दुई लाख ३० हजारमा फार्मेसी बुक नै गरेँ । आफ्नो नाउँमा 'श्लोकजन फार्मेसी' दर्ता गरेर अब दबाई किन्न खोई पैसा ? छैन । अतः पुनः लोन लियौँ ।"

अर्थ र रोजगारको यस अङ्कमा रितालाई अटाउन उनीसँग भलाकुसारी गर्ने दिन म एकछिन त्यो समयमा पुगेँ । कार्यालयबाट घर फर्कंदै गरेकी म फार्मेसीको आँगनमा पुग्नु स्वर खोलेर "हजुर, बिन्दु दिदी होइन ? म सानै थिएँ, कलेज पढ्न हजुरले घर छोड्दा । हजुरहरूकै तल्लोघर खड्काकी छोरी विष्णुकी कान्छी बहिनी रिता क्या" यति भनेर परिचय खुलाउदा "बाफरे बहिनी पो...! यहाँ कसरी आयौं ?" म छक्क मात्रै परिनँ आश्चर्य चकित भएँ । हो, त्यही दिनदेखि रिताको कर्मलाई नजिकबाट नियाली रहेकी छु । कर्मशील उनले भनिनै सकिन्, बाल्यकालका कुरा । उनका बुवाममीको आचरणलाई सम्झँदा वास्तवमा ढुङ्गाको काँपबाट उम्रिएको पिपल हुन्, रिता ! छिमेकी घरको कोलाहलपूर्ण परिस्थिति मेरा आँखा र मगजबाट हटेकै छैन ।



"मैले/हामीले लोनैलोनबाट काम गरेको हो" भनेर रिताले बताई नै सकिन् । एक समय सुजन विदेश जानुभयो, दुबईमा चालकलाई राम्रो तलब भत्ता छ भन्ने सुनेर । मेनपावरका कुरा त्यहाँ पुगिसकेपछि भनाइ र गराइ नमिलेपछि सुजनलाई नेपालले नै तान्यो । विदेशीने बेला बेचेको ट्याक्सी फेरि लिनु पर्यो । रिताको भनाइ अनुसार दुवै जनाले आआफ्नो काममा खुब मिहिनेत गरेका छन् । सुजनले कमाएको पैसा रिताले नै व्यवस्थापन गर्छिन् ।

दबाई किन्न फार्मेसी धाएका प्रायः रित्तो हात फर्कनु पर्दैन । ब्लड प्रेसर फरक नपर्ने गरी नाप्छिन् । त्यो सटर र बस्ने कोठाको महिनामा चौबिस हजार भाडा तिर्नु पर्छ । ट्याक्सीको किस्ता हाल्नु पर्यो । उसो त सानै कक्षामा भए पनि स्कुल जान सुरु गरेको छोराको स्कुल फी, ड्रेस, टिफिनलगायत कति कुरा जरुरत पर्छ । यहाँ कुनै चिज सस्तो छैन । जेहोस्, गर्दै जाने । समयले जसरी चलाउँछ, उसरी नै चल्ने । रिताको भावी योजना फार्मेसीमा डाक्टर बोलाएर सहुलियत दरमा बिरामीलाई सेवा पुर्याउने रहेछ ।

हो, यतिबेला बजारमा मन्दी छ तर सधैँ यस्तै भयो भने यो दुनिया कसरी चल्छ ? अतः बिस्तारै अर्थतन्त्र पुरानै लयमा फर्किनेमा उनी आशावादी छिन् । रिताले घडेरी जोडेको कुरा सुटुक्क मेरो कानमा व्यक्त गरिन् । कर्मी मौरीझैँ स्वभाव उनी साह्रै, साह्रै नै फुर्ती छिन् । लाग्छ, यी हिम्मतवाली नारी सिर्फ धनकुटेली मात्र नभएर नेपालकै नमूना छोरी हुन् । उनलाई हाम्रो शुभेच्छा छ, सकारात्मक सोच र यो उर्जा यसरी नै अग्रगामी अग्रसर भएर अनन्त समयसम्म अघि बढोस् ।



सविन लामिछाने

> स्थानीय सरकारदेखि संयुक्त राष्ट्रसंघसम्मको यात्रामा सविनले नेपाललगायत विश्वका युवाहरुको कथालाई नजिक बाट नियाल्ने मौका पाए र युवा अभियानमा टेवा पुर्याउन आफ्नो यात्रा अगाडि बढाइरहे।

# युवाका लागि उदाहरणीय सविन

विश्व जनसंख्याको एक चौथाई (१.८ बिलियन नागरिकहरू) १५ र ३५ वर्षको बीचका रहेका छन्। यो विश्वले चिनेको सबैभन्दा ठूलो युवा पुस्ता मात्र नभई सबैभन्दा शिक्षित युवा पुस्ता पनि हो। यस्तै नेपालको लगभग आधा जनसंख्या (१६ देखि ४० सम्मका) युवा वर्गमा पर्दछन्। तर बिडम्बना हरेक दिन नेपालको एयरपोर्ट बाट हजारौ युवा विदेशीन बाध्य छन्। देशको वर्तमान स्थितिलाई नियाल्ने हो भने देशको परिस्थितिका कारणले नेपाली युवाहरूको भविष्य अन्यौलमा परेको देखिन्छ। देशको उज्ज्वल भविष्य र आफ्नो उज्ज्वल भविष्यको कल्पनाका बीचमा अल्झिएका हजारौ युवाहरूको बीच आशा र प्रेरणाका पात्र बनेका छन्, सविन लामिछाने।

उनले युवा जगतको विकास तथा सशक्तीकरणका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न संघ-संस्थामा रहेर पृथक योगदान पुर्‍याउँदै आएका छन्। युवाको समग्र बिकास, सामाजिक उद्यमशिलता, शान्तिनिर्माण तथा दिगो बिकासका मुद्दाहरूमा लामिछाने बिगत एक दशक लामो समय देखि सक्रिय रहदै आएका छन्। उनी युवासँग सम्बन्धित बिषयहरूको नीति निर्माण तहको काम गर्दै आएका छन्।

विशेषगरी युवा सशक्तीकरण, युवा सहभागिता, नेतृत्व विकास, द्वन्द व्यवस्थापन तथा शान्ति निर्माणको क्षेत्रमा उनको सक्रियता बढ्दो छ। स्थानीय सरकारदेखि संयुक्त राष्ट् संघ सम्मको लामिछानेको यात्राको दौरानमा उनले नेपाल लगायत विश्व समुदायका युवाहरूका कथालाई नजिक बाट नियाल्ने मौका पाए र निरन्तर युवाका अभियानमा टेवा पुर्याउन आफ्नो यात्रामा अगाडि बढिरहे। हालसालै मात्र उनले युवाहरूको सपनाको शहर मानिने अमेरिकाको हवाई राज्यमा अवस्थित हवाई विश्वविद्यालय द्वारा आयोजित अन्तराष्ट्रिय कार्यक्रम जस्टिस इनोभेसन समिटमा वक्ताको रुपमा सहभागी भएका थिए, जहाँ उनले अन्तराष्ट्रिय शान्ति निर्माणमा युवाको भूमिका, नेपालको संक्रमणकालिन न्याय तथा शान्ति प्रक्रियाको बारेमा आफ्ना अनुभवहरू प्रस्तुत गरेका थिए।

चाँगुनारायण नगरपालिका -७ को बागेश्वोरीमा मध्यम वर्गीय परिवारमा जन्मिएका लामिछानेले सानै देखि पढाईमा निकै रुची राख्थे र नतिजामा अब्बल थिए। बुवा आमाको संघर्ष र सामान्य लेखपढको परिवेशलाइ बुझेका लामिछानेले अठोट बनाएका थिएकि भविष्यमा उचच शिक्षा हासिल गरेर समाज र देशको को लागि एउटा उदाहरण बन्नेछु, भन्ने लक्ष्य राखेका थिए। सन् २०१५ मा उत्कृष्ट अंक ल्याई सामाजिक कार्य विषयमा स्नातक तहको अध्ययन पूरा गरेपछि सामाजिक संघसंस्थामा उनको सक्रियता बाक्लियो।

नेपाल मेगा कलेजको सामाजिक कार्य विभाग प्रमुखको रूपमा २०१७ देखि २०२१ सम्म कार्यरत रहेका उनले सयौं विद्यार्थीलाई अध्यापन सँगसँगै नेपालको विभिन्न ठाउँमा ग्रामीण समुदाय विकास, बालमैत्री स्कुल पुनःस्थापना तथा शिक्षाका परियोजनाहरूको नेतृत्व गर्न सिकाए। यो सँगसँगै लामिछाने २०१८ देखि २०२१ सम्म ‘ग्लोबल युथ पार्लियामेन्ट’ को कार्यकारी निर्देशकका रूपमा युवाका विविध बिषयमा वकालत गरे।

लामिछानेले सन् २०१८ मा नेपाल र श्रीलंकाबाट द्वन्द्व, शान्ति तथा विकास अध्ययनमा स्नात्तकोत्तर गरे। उक्त अध्ययनका लागि उनले नर्वे सरकारद्वारा विशेषगरी दक्षिण एसियाका युवाहरूलाई शिक्षा तथा अनुसन्धान सशक्तीकरणका लागि प्रधान गरिने एनओआरएचईडी फेलोशिप र पूर्ण छात्रवृत्ति हासिल गरे जसले गर्दा अन्तर्राष्ट्रिय शान्ति निर्माण अनि द्वन्द्व व्यवस्थापनमा उनको रुची

थप बढ्यो । विश्वभरि छरिएर रहेका युवाहरूको समग्र विकास तथा युवा समुदायलाई दिगो विकास तथा शान्ति निर्माणमा जोड्ने उनको सपना झन् बलियो हुँदै गयो । युवाको क्षेत्रमा लामिछानेले गरेको योगदानको स्वरूप सन् २०१९ मा बंगलादेशमा आयोजित सार्क युवा सम्मेलनमा उनी 'साउथ एसियन युथ लिडरशिप अवार्ड' द्वारा सम्मानित समेत भए । अन्तर्राष्ट्रिय शान्ति र विकास अध्ययन संस्थान थाइल्याण्ड तथा निवानो शान्ति फाउण्डेशन जापानद्वारा प्रधान गरिने 'द्वन्दग्रष्त क्षेत्रहरूमा युवाहरूको भूमिका' सम्बन्धित अन्तर्राष्ट्रिय तालिममा एक मात्र नेपाली सहभागीको रूपमा चुनिए उनले दिगो शान्ति निर्माणमा विभिन्न देशका युवाहरूलाई सशक्तीकरण गर्ने भन्ने बारे अनुभव अझ बलियो बनाए ।

कोभिडको महामारीको समय जुन बेला पुरा  विश्व आक्रान्त बनेको थियो । लामिछाने आफु आबद्ध रहेको रोटरी क्लब काठमाडौं कलंकीको माध्यमबाट हस्पिटलहरूमा अक्सिजन कन्सनट्रेटरको व्यवस्थापन, समुदाय र सुरक्षा निकायबाट खटिएका प्रहरीहरूलाई माक्स वितरण तथा कोभिड बिरुद्धको खोप व्यवस्थापनमा समेत सक्रियताका साथ कार्य गरे । युवा तथा सामाजिक उद्यमशीलतामा पनि लामिछाने को उत्तिकै योगदान रहेको छ । सन् २०२० मा लामिछाने चाँगुनारायण नगरपालिकाको "मेयर उद्यमशीलता कार्यक्रम" मा युवा बिज्ञको रुपमा काम गरे जुन नेपालको स्थानीय सराकारहरूको मध्यको पहिलो युवा उद्यमशीलता प्रवर्धन गर्ने कार्यम रहेको थियो ।



उक्त जिम्मेवारीमा रहेर लामिछानेले उक्त कार्यक्रमको कार्य योजना  र रणनीति तयार पारे र राष्ट्रिय युवा परिषदसंग सहकार्यमा हजार भन्दा बढी युवाहरूलाई उद्यमशीलताको तालिम प्रदान गर्न तथा उद्यमी बन्नलाई सहयोग गरे ।

सन् २०२१ मा स्विस सरकार, जेनेवा सुरक्षा नीति केन्द्र तथा संयुक्त राष्ट्रसंघ तालिम तथा अनुसन्धान संस्थानको 'वरिष्ठ शान्ति निर्माण तालिम' मा विश्वभरबाट चुनिएका २२ विज्ञहरूमध्येमा एकमात्र युवा नागरिक समाज प्रतिनिधिका रूपमा लामिछाने चुनिए । युवाहरू विकासका लागि लामिछानेको राष्ट्रिय र अन्तर्राष्ट्रिय यात्रा यतिमा मात्र सीमित रहेन् । सन् २०२२ मा स्वीडेन सरकारद्वारा दक्षिण एशिया, मध्यपूर्व र उत्तर अफ्रिकाका युवा नागरिक समाज अगुवा लक्षित प्रतिष्ठित फेलोसिप एसआई लिडर ल्याब २०२२ मा छानिएर उनको अभियानलाई थप मजबुत बनायो ।

आफ्नो कामको मूल्यांकन स्वरूप उनी सोही वर्ष स्वीडेन सरकारद्वारा प्रदान गरिने एसआई एडभोकेसी ल्याब २०२२ का लागि विश्वभरिका ३५ प्रभावशाली युवा अभियान्ताका रूपमा चुनिएका थिए । २०२३ मा 'एसआई माष्टरक्लास' युवा तालिममा ३० प्रभावशाली युवाको रूपमा सहभागी भएका थिए । यस्तै सन् २०२२ मा उनी संयुक्त राष्ट्रसंघ शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को नेपालस्थित कार्यालयमा युवा विज्ञको रूपमा नियुक्त हुनुभयो र सँगसँगै संयुक्त राष्ट्रसंघ युवा समितिमा युनेस्कोको प्रतिनिधिको रूपमा रहेर काम गर्ने अवसर पाए । युनेस्को मुख्यालय पेरिसबाट केही समयअगाडि सदस्य राष्ट्रहरूलाई युवा नीतिनिर्माण तथा युवा विकाससम्बन्धी अभिमुखीकरण गर्ने उद्देश्यले प्रकाशन गरेको 'ग्लोबल युथ पोलिसी टुलबक्स' मा विज्ञका रूपमा काम गरेका लामिछाने भन्छन्, 'आफुले गरेका कार्यबाट विश्वभरि छरिएर रहेको युवा समुदायको उत्थानमा जोडिन पाउँदा अत्यन्त खुशी लाग्छ र हिजो गरेका संघर्षले केही सार्थकता पायो जस्तो महसुस हुन्छ ।'



# एनआरएनएको नियमित बाहेकका कामकारबाही गर्न सरकारको रोक




सरकारले गैरआवासीय नेपाली संघको नियमित बाहेकका कामकारबाही गर्न रोक लगाएको छ। परराष्ट्र मन्त्रालयले एक पत्र लेख्दै सर्वोच्च अदालतको फैसला अनुसार नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषदको गठन नभएसम्मका लागि संघको सचिवालयबाट नियमित प्रशासनिक काम कारवाही बाहेक अन्य कामकारबाही गर्न रोक लगाएको हो।

मन्त्रालयले संघको गरिमा, एकता, उद्देश्य र प्रभावकारितामा प्रभाव पार्ने, अतिरिक्त आर्थिक दायित्व बहन हुने, गैरआवासीय नेपालीहरूको एकता, पारस्परिक सहयोग र सद्भाव अभिबृद्धिमा आघात पुग्ने प्रकारका कुनैपनि गतिविधिहरू नगर्न नगराउन गैरआवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १६ को उपनियम (२) बमोजिम निर्देशन दिएको छ।

संघको बालुवाटारस्थित सचिवालयलाई सम्बोधन गरिएको पत्रमा २०७८ माघ १ मा आयोजित अन्तर्राष्ट्रिय समन्वय परिषदको ८१ औं बैठकले गठन गरेको उच्चस्तरीय समितिलाई बोधार्थ गरिएको छ।

मन्त्रालयका सहसचिव लक्ष्मण खनालद्वारा हस्ताक्षरित पत्रमा २०७८ माघ १ को बिन्दुबाट एनआरएनएको गतिविधि सुरु गर्न सर्वोच्चले चैत २१ गते फैसला गरेको स्मरण गराइएको छ। 'आदेशमा संघको मिति २०७८।१०।०१ मा सम्पन्न ८१ औं बैठकले गठन गरेको उच्च स्तरीय समितिलाई यथावत् कायम राखेर सो पछि दशौं महाधिवेशन भनी गरिएका संघको दुवै अधिवेशनले मान्यता प्राप्त गरेको मान्न नमिल्ने व्यहोरा उल्लेख छ। त्यसैगरी उल्लेखित उच्च स्तरीय समितिमा ६ जना सदस्य थप गरी पहिलो बैठक बसेको मितिले ६ महिनाभित्र एकतापूर्ण अधिवेशन गराउने समेत आदेश भई आएको छ', पत्रमा भनिएको छ।

पत्रमा अगाडि भनिएको छ, 'सर्वोच्च अदालतको आदेश अनुरूप समानान्तर रूपमा गठन गरिएका अन्तर्राष्ट्रिय समन्वय परिषद् र तत्पश्चातको संघको अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्वाचन लगायतका अन्य काम कारबाही तथा गतिविधिहरूले आधिकारिकता प्राप्त नगर्ने भएको हुँदा सोही आदेश बमोजिम तोकिएको उच्च स्तरीय समितिले एकताको महाधिवेशन गरी नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषदको गठन नभए सम्मका लागि संघको सचिवालयबाट नियमित प्रशासनिक काम कारवाही बाहेक संघको गरिमा, एकता, उद्देश्य र प्रभावकारितामा प्रभाव पार्ने, अतिरिक्त आर्थिक दायित्व बहन गर्नु पर्ने, गैर आवासीय नेपालीहरूको एकता, पारस्परिक सहयोग र सद्भाव अभिबृद्धिमा आघात पुग्ने प्रकारका कुनैपनि गतिविधिहरू नगर्नु हुन तथा नगराउनु हुन गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १६ को उपनियम (२) बमोजिम अनुरोध गरिएको छ।'

होटल याक एण्ड यतिमा १० औं महाधिवेशन गरेर नेतृत्वमा आएका विनोद कुँवरको तर्फबाट राजेशशम्शेर राणाले दायर गरेको रिटमा चैत २१ मा अन्तिम फैसला गर्दै सर्वोच्चले २०७८ माघ १ पछिका संघका सबै गतिविधि अवैध हुने ठहर गरेको थियो।

सोहीअनुसार १० औं र ११ औं महाधिवेशनबाट चयन सबै कार्यसमिति अवैध ठहर भएका थिए। फैसलाअनुसार सोही मितिमा बनेको उच्चस्तरीय समितिका संयोजक शेष घलेको नेतृत्वमा ६ महिनाभित्र एकताको अधिवेशन गर्न आदेश दिइएको छ।

एनआरएनएमा डा. बद्री केसी समूह र आरके शर्मा समूहको नेतृत्वले अलग अलग गतिविधि गर्दै आइरहेका थिए। तर सर्वोच्चको फैसलाको शर्मा समूहले स्वागत गरेको छ भने डा.केसी समूह मौन छ।

शुभकामना

नव वर्ष २०८१ को पावन अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना।

कमल काफ्ले
प्रबन्ध निर्देशक

LINK INTERNATIONAL PLACEMENT SERVICE
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.
काठमाडौं, नेपाल

# एनआरएनए कतार-परराष्ट्रमन्त्री भेटवार्ता, **कतारमा श्रमिक डेक्सको** माग



गैरआवासीय नेपाली संघ, कतारले तत्काल कतारमा श्रमिक डेक्स स्थापनाका लागि परराष्ट्र मन्त्रालय समक्ष माग राखेको छ। झण्डै चार लाख श्रमिक रहेको कतारमा श्रमिक डेक्स स्थापना गरेर सेवा विस्तार गर्न एनआरएनए कतारले माग राखेको हो।

एनआरएनए कतारका अध्यक्ष रमेश भट्टको नेतृत्वमा मन्त्रालयमा भएको भेटवार्तामा उपप्रधान तथा परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठलाई श्रमिक डेक्स स्थापनाका लागि माग राख्दै श्रमिकहरूको हितमा सेवा गर्न आग्रह गरिएको हो।

परराष्ट्र मन्त्रीसँगको भेटवार्ता पछि एनआरएनए कतारका अध्यक्ष भट्टले भने-'हामीले एनसीसीको निर्वाचनमा गरेका प्रतिवद्धता पुरा गर्नका लागि आज परराष्ट्र मन्त्री समक्ष श्रमिक डेक्स राख्नका लागि माग राखेका हौं।'

एनआरएनए कतारको मागप्रति परराष्ट्र मन्त्री सकारात्मक भएको अध्यक्ष भट्टले जानकारी दिए। श्रमिकको अधिकारप्रति नेपाल सरकार प्रतिवद्ध रहेको मन्त्रीको भनाई थियो।

एनआरएनए कतारले सामाजिक कार्यका साथै कतारमा रहेका नेपालीहरूको सहयोगका लागि कतार र नेपाल सरकारसँग समन्वय गरिरहेको अध्यक्ष भट्टको भनाई छ। एनआरएनए कतारले भर्खरै कतार च्यारिटीसँग छलफल गरी नेपालका लागि छुट्टै च्यारिटी बक्स राख्नका लागि गृहकार्य थालेको र भोलिका दिनमा समस्यामा परेका नेपालीको सहयोगका लागि फण्डको अभाव हुन नदिने गरी काम गरिरहेको अध्यक्ष भट्टको भनाई छ।

परराष्ट्र मन्त्री श्रेष्ठसँगको भेटवार्ताका लागि अध्यक्ष भट्टसहित कतारमा कार्यरत प्रवासी नेपाली मञ्च, अन्तर्राष्ट्रिय कमिटीका उपमहासचिव चानक पोखरेल, व्यवसायी शंकरप्रसाद न्यौपानेको उपस्थिति रहेको थियो।

# एनआरएन अभियान्ता गुरुङ र भट्ट '**भरतपुर भ्रमण वर्ष**'को मूल समारोह समितिको सदस्यमा मनोनित





भरतपुर महानगरपालिकाले 'भरतपुर भ्रमण वर्ष २०२४' सफल बनाउन एनआरएनए उपमहासचिव तथा समाजसेवी प्रविन गुरुङ तथा एनआरएनए कतारका अध्यक्ष रमेश भट्टलाई मूल समारोह समितिको सदस्यका रुपमा मनोनित गरेको छ। पर्यटन विकासबाट सामाजिक तथा आर्थिक परिवर्तन गर्ने उद्धेश्यले निजी क्षेत्रको सहकार्यमा भरतपुर महानगरले गर्न लागेको वृहत अभियान 'भरतपुर भ्रमण वर्ष २०२४' सफल बनाउन गुरुङ र भट्टलगायतको मूल समारोह समिति बनाएको हो।

महानगरले गुरुङ र भट्टलाई सदस्यमा मनोनित भएकोमा बधाइ दिँदै उक्त अभियान सफल बनाउन रचानात्मक सहयोगको अपेक्षा गरेको जनाएको छ। गुरूङ र भट्टले महाभूकम्प, हावाहुरी, बाढीपहिरो, कोभिड-१९ लगायत दैवी विपत्तिको समयमा स्वयं उपस्थित भई गैरआवासीय नेपाली संघको नेतृत्व गर्दै अस्थायी तथा स्थायी वासस्थान, खाद्यान्न, स्वास्थ्य सामग्रीलगायत विभिन्न राहत सामग्री वितरण लगाएतका दर्जनौ सामाजिक कार्य गर्दै आइरहेका छन्।

सामाजिक काम गरेर दर्जनौ पुरस्कार तथा सम्मान ग्रहण गरिसकेका गुरुङ र भट्ट स्वदेश तथा विदेशमा सम्मानित भएका छन्।

# अमेरिकामा नेपाली मूलका व्यवसायीद्वारा 'ग्रेटर न्यूयोर्क नेपाली चेम्बर अफ कमर्श' गठन



अमेरिकाको न्यूयोर्क आसपासमा व्यवसाय गरिरहेका नेपाली एवं नेपाली मूलका अमेरिकी व्यवसायीहरूले 'ग्रेटर न्यूयोर्क नेपाली चेम्बर अफ कमर्श' गठन गरेका छन्। न्यूयोर्क, न्यूजर्सी र कनेक्टिकट राज्यमा व्यवसाय गर्ने नेपाली एवं नेपाली भाषी व्यवसायीहरू संलग्न रहेको यो संस्थामा ७४ वटा व्यवसायिक कम्पनी आवद्ध भएका छन्।

नयाँ वर्षको अवसर पारेर न्यूयोर्कमा आयोजना गरिएको पहिलो साधारणसभाले प्रदीप श्रेष्ठको अध्यक्षतामा सात सदस्यीय कार्यसमिति चयन गर्दै संस्थाको आधिकारिक घोषणा गरिएको हो। कार्यसमितिमा छेपाक दोर्जे गुरुङ, छिरिंग गुरुङ, डा. सुलोचना गुरुङ, दीपक श्रेष्ठ, नेभिन क्षेत्री र निश्चल बाँस्कोटा सदस्य रहेका छन्।

संयुक्त राष्ट संघका लागि नेपाली स्थायी नियोगका प्रतिनिधि एवं राजदूत लोकबहादुर थापाको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा नेपाल सरकारका पर्यटन प्रवर्द्धक गोकुल श्रेष्ठ, न्यूयोर्क राज्य एसेम्बली मेम्बर स्टिभेन रागा, क्विन्स बोरो डेपुटि प्रेसिडेन्ट ईबोनि योंग, न्यूयोर्क सिटी मेयर अफिस स्मल विजिनेश सर्भिसका डेपुटी डाइरेक्टर हरिस खान, सुप्रिम कोर्ट जज कासान्द्रा जोनसनलगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

नेपाली नयाँ वर्षको शुभकामना आदान प्रदानसहितको सभामा चेम्बर अफ कमर्शका नवनिर्वाचित अध्यक्ष श्रेष्ठले न्यूयोर्क आसपासमा रहेका नेपाली मूलका व्यवसायीहरूले भोग्नु परेको समस्यालाई संगठित ढंगले समाधान गर्न संस्था गठन गरिएको बताए। उनले यो आसपासमा एक हजार भन्दा बढी नेपाली मूलका व्यवसायीहरू रहेको भन्दै सबैलाई संस्थामा आवद्ध गर्ने प्रक्रिया अघि बढाएको जानकारी दिए। त्यस्तै प्रमुख अतिथि राजदूत थापाले नेपालमा लगानीको वातावरण बनेको भन्दै यहाँको सिप र लगानीलाई नेपालमा विस्तार गर्न आग्रह गरे।

करिब दुई वर्षको अनौपचारिक छलफल र कानुनी प्रक्रिया पूरा गरी संस्थाले पहिलो साधारणसभा सम्पन्न गरेको हो। संस्थाले आठ सदस्यीय सल्लाहकार समिति पनि गठन गरेको छ। जसमा अमित प्रताप शाह, ग्याल्जेन नुरु शेर्पा, खगेन्द्र जिसी, मनिता देवि गुरुङ, नवराज केसी, पासाङ नुरु शेर्पा, समीर महर्जन र उर्गेन शेर्पा रहेका छन्।


शुभकामना

नव वर्ष २०८१ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।



किसन प्रधान

अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाज, परिवार

प्रबन्ध निर्देशक

क्राउन ओभरसिज कन्सल्टेन्सी प्रा.लि. काठमाडौं

# इजरायलमा नेपालीहरू सुरक्षित छन् : नेपाली दूतावास

इरानले इजरायलमाथि आक्रमण गर्न थालेपछि त्यहाँ रहेका नेपालीहरूको अवस्थाबारे चिन्ता सुरू भएको छ। तर इजरायलस्थित नेपाली राजदूतावासले भने त्यहाँ रहेका नेपालीहरू सुरक्षित रहेको जनाएको छ।

दूतावासले विज्ञप्ति जारी गर्दै इजरायलका विभिन्न क्षेत्रमा इरानले मिसाइल तथा ड्रोन आक्रमण गरेपनि नेपालीहरू भने सुरक्षित रहेको जनाएको छ। दूतावासले नेपालीहरूलाई कुनै समस्या परेर दूतावासमा सम्पर्क गर्न समेत आग्रह गरेको छ।

दूतावासले जारी गरेको विज्ञिप्तमा द्धितीय सचिव कुमारबहादुर श्रेष्ठलाई ०५२८२८९३०० र सहचारी सञ्जयकुमार साहलाई ०५४५५८२०७७ मा सम्पर्क गर्न आग्रह गरिएको छ।

'इजरायलका विभिन्न क्षेत्रमा इरानले मिसाइल तथा ड्रोन आक्रमण गरेको छ। सो आक्रमणबाट यहाँ बसोबास गर्ने नेपाली नागरिकहरूलाई कुनै असर नपरेको र सबै नेपालीहरू सकुशल अवस्थामा रहुनुभएको व्यहोरा



सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ,' दूतावासले विज्ञप्तिमार्फत् भनेको छ।

यसअघि हमासको आक्रमणमा परी १० नेपाली विद्यार्थीको ज्यान गएको थियो। त्यसबेला हमासको कब्जामा परेका बिपीन जोशीको अवस्था अहिलेसम्म पनि अज्ञात छ। त्यसबेला सरकारले जहाज नै पठाएर इजरायलबाट नेपालीहरूको उद्धार गरेको थियो।


शुभकामना

नयाँ वर्ष २०८१ को पावन अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

नवलकिशोर यादव
प्रबन्ध निर्देशक

SAAN NEPAL (P.) Ltd.
(A manpower consultant)

# क्रोएसियामा दूतावास स्थापनाका लागि परराष्ट्रमन्त्रीलाई ज्ञापनपत्र बुझाइयो



युरोप जान चाहने नेपालीको प्रमुख गन्तव्य मुलुक क्रोएसियामा राजदूतावास स्थापनाको माग गर्दै उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठलाई ज्ञापनपत्र बुझाइएको छ। गैरआवासीय नेपाली संघ, क्रोएसिया र क्रोएसियामा रहेका नेपाली समुदायद्धारा तयार पारिएको ज्ञापनपत्रलाई व्यवसायी तथा समाजसेवी दावा लामाले बुझाएका हुन्।

परराष्ट्रमन्त्रीसँगको भेटपछि त्यहाँ रहेका नेपालीका विभिन्न समस्या समाधान हुने कुरामा आफूहरू आशावादी रहेको लामाले बताए। उपप्रधानमन्त्री श्रेष्ठले क्रोएसियामा रहेका नेपालीको समस्या आफूलाई थाहा भएको र समस्याको समाधान छिट्टै हुने वाचा गरेको लामाले बताए।

क्रोएसियामा रोजगारीको शिलशिलामा करिब २० हजारको संख्यामा नेपाली रहेको अनुमान छ। रोजगारीमा जानेको संख्या बढेसँगै पछिल्लो समय त्यहाँ कानुनी र प्रशासनिक जटिलता पनि आइरहेको बताइएको छ।

नयाँ वर्ष २०८१ को

शुभकामना

नयाँ वर्ष २०८१ को पावन अवसरमा देश तथा विदेशमा रहनु भएका नेपालीमा हार्दिक मंगलमय शुभकामना।

जीवन भण्डारी
प्रधन्ध निर्देशक

काठमाडौं ओभरसिज प्रा. लि.
काठमाडौं, नेपाल




# एनएमबि बैंकको एघारौँ हेरिटेज वाक

एनएमबि बैंकले बल्खु शाखादेखि किर्तिपुरमा अवस्थित उमा महेश्वर मन्दिर परिसरसम्मको पैदल यात्रा गरी एघारौँ हेरिटेज वाक कार्यक्रम सम्पन्न गरेको छ। बैंकले "हाम्रा सम्पदा हुन खुला संग्रहालय, इतिहास र संस्कृतिका महाविद्यालय" भन्ने मूल नाराको साथ मुलुकको ऐतिहासिक तथा सामाजिक रुपान्तरणको लागि सांस्कृतिक सम्पदा प्रवर्द्धन र साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम गरेको जनाएको छ।

बैंकले नेपाल हेरिटेज सोसाईटीको सहकार्यमा बैंक संचालक समितिका पदाधिकारीहरू, बैंकका कर्मचारीहरू, किर्तिपुर महानगरपालिका प्रतिनिधिहरू लगायत सर्वसाधारणहरू गरी लगभग ७५० जनाको सहभागितामा कार्यक्रम सम्पन्न गरेको जनाएको छ। कार्यक्रममा प्रमुख अतिथिका रुपमा बाग्मती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्रचार्यको उपस्थिति थियो।

कार्यक्रममा एनएमबि बैंकद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सम्पदा संरक्षणको लागि नेपाल हेरिटेज सोसाईटीलाई रु ५ लाखको सहयोगका साथै किर्तिपुर महानगरपालिकालाई डस्टविनहरू समेत हस्तान्तरण गरिएको थियो।

बैंकले प्रदेश नं. १ मा इटहरी चोकदेखि रामधुनी मन्दिर, मधेश प्रदेशमा जनकपुर शाखादेखि राम मन्दिर, चितवनमा भरतपुर शाखादेखि गणेश धाम, गण्डकी प्रदेशमा जिरो किलोमिटर शाखादेखि तालबाराही मन्दिर, लुम्बिनी प्रदेशमा गोल पार्कदेखि सिद्धबाबा मन्दिर र कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा सुर्खेत शाखादेखि काक्रेबिहार मन्दिरसम्म, महेन्द्रनगर शाखादेखि सिद्धनाथ मन्दिरसम्म र धनगढी शाखादेखि कृष्ण मन्दिरसम्म एकै साथ एघारौँ हेरिटेज वाक कार्यक्रम सम्पन्न गरेको जनाएको छ।

एनएमबि बैंकले हाल देशभरी २०१ शाखाहरू, १८६ एटीएमहरू, ११ एक्सटेन्सन काउन्टरहरू मार्फत उच्चस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ।

# सिद्धार्थनगरमा माछापुच्छ्रे बैंकको नयाँ कार्यालय भवन उद्घाटन



माछापुच्छ्रे बैंक लिमिटेडले रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १२ स्थित नवनिर्मित बैंकको कार्यालय भवनको उदघाटन गरेको छ। एक कार्यक्रमकाबीच उक्त कार्यालय भवनको सिद्धार्थनगर नगरपालिकाका मेयर ईश्तियाक अहमद खाँ तथा माछापुच्छ्रे बैंकका अध्यक्ष रोशन केसीले संयुक्त रुपमा उदघाटन गरेका हुन।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि मेयर खाँले माछापुच्छ्रे बैंकले आफ्नै नयाँ कार्यालय भवनबाट कार्य शुभारम्भ गरेको अवसरमा खुशी व्यक्त गर्दै बैंकलाई अझै उचाईमा लग्न बैंक सञ्चालक एंव व्यवस्थापन समितिलाई शुभकामना व्यक्त गरे।

कार्यक्रममा बोल्दै बैंक सञ्चालक समितिका अध्यक्ष रोशन केसीले माछापुच्छ्रे बैंकले हरेक क्षेत्र र वर्गमा बैंकिङ सेवा पुऱ्याउने लक्ष्यका साथ सेवा प्रदान गरिरहेको र लुम्बिनी प्रदेशमा आफ्नै कार्यालय भवनबाट सेवा प्रदान गर्न पाउँदा हर्षित भएको बताए। साथै बैंकले गुणस्तरिय सेवा प्रदान गर्नको लागि कुनैपनि कुरामा सम्झौता नगर्ने प्रतिबद्धता समेत व्यक्त गरे।

कार्यक्रममा सिद्धार्थनगर नगरपालिकाका उपमेयर, रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाल राष्ट्र बैंक लुम्बिनी प्रदेशका निर्देशक तथा उपनिर्देशक, सुरक्षा संयन्त्रका प्रमुख लगायत बैंक सञ्चालक समितिका पदाधिकारी तथा उच्च व्यवस्थापन तहका कर्मचारी एंव बैंकका कर्मचारीहरूको उल्लेख्य उपस्थिती रहेको थियो।



# अर्थसचिवमा मधु मरासिनी

सरकारले अर्थ मन्त्रालयको सचिवमा मधुकुमार मरासिनीलाई सरुवा गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद बैठकले अर्थ मन्त्रालयका सचिव कृष्णहरी पुष्करलाई प्रधानमन्त्री कार्यालयमा सरुवा गर्दै अर्थ सचिवमा मरासिनीलाई ल्याउने निर्णय गरेको हो।

पेमेन्ट गेटवे अनियमितता प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत असोज १५ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि मरासिनी निलम्बनमा परेका थिए। अदालतले सफाइ दिएपछि उनको निलम्बन फुकुवा भएको थियो।

# राष्ट्रिय वाणिज्य बैंकका सिइओ श्रेष्ठ सेवा निवृत्त, कामुको जिम्मेवारी खनाललाई




राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) किरणकुमार श्रेष्ठ आफ्नो ८ वर्षे कार्यकाल पूरा गरी बैंक सेवाबाट निवृत्त(अवकाश) भएका छन् । उनी २०७२ साल चैत २९ गते खुला प्रतिष्पर्धाबाट बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा प्रथम पटक नियुक्त भएका थिए । उनी २०७६ साल चैत २९ गते दोस्रो कार्यकालका लागि पुनः नियुक्त भएका थिए ।

बैंकको रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत पदमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देबेन्द्ररमण खनाललाई कायम मुकायम (का.मु.) को जिम्मेवारी तोकिएको छ ।

बैंक व्यवस्थापनको तर्फबाट एक समारोहकाबीच सिइओ किरणकुमार श्रेष्ठलाई बैंक सेवाबाट बिदाई गरिएको थियो । उक्त समारोहमा प्रतिस्पर्धी बैंकिङ्ग बजारमा राष्ट्रिय वाणिज्य बैंकलाई सबल बैंकको रुपमा उभ्याउन श्रेष्ठले गरेको योगदान बारे चर्चा गर्दै उनीप्रति आभार व्यक्त गरिएको थियो । श्रेष्ठले ८ वर्षको अवधिमा आफुले पाएको साथ र सहयोग प्रति सम्पूर्ण सरोकारवाला प्रति धन्यवाद ज्ञापन गरेका थिए ।

उक्त समारोहमा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्धय देवेन्द्ररमण खनाल र सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरू देवेशप्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल र दुर्गाकुमारी कँडेल, ट्रेड युनियनका अध्यक्ष तथा पदाधिकारीहरू, विभागीय प्रमुखहरू, प्रादेशिक प्रबन्धकहरू लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# ग्लोबल आइएमई र आइएमई ट्राभल्सबीच सहकार्य

## बैंकको क्रेडिट कार्ड होल्डरले ६ हजार रुपैयाँमै विदेश भ्रमण गर्न पाउने

ग्लोबल आइएमई बैंक लिमिटेडले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ बैंकको क्रेडिट कार्डबाहक ग्राहकहरूलाई सरल किस्ताबन्दीमा स्वदेश तथा विदेश भ्रमण योजना सार्वजनिक गरेको छ ।

आइएमई ट्राभल्ससँगको सहकार्यमा ल्याइएको यस योजना अन्तर्गत हाल आन्तरिक पर्यटकीय स्थानहरू अन्नपूर्ण वेस क्याम्प, धार्मिक गन्तव्यको रुपमा स्थापित मुक्तिनाथ तथा अन्तर्राष्ट्रिय टुर प्याकेजमा थाइल्याड, वाली, दुवई भ्रमणको लागि सहुलियत मूल्यको योजनाहरू ल्याएको छ ।




बैंकले आन्तरिक भ्रमणका लागि न्यूनतम् ३,२१० रुपैंया र विदेश भ्रमणको लागि ६,००० रुपैंयाको सरल किस्ताबन्दी योजना ल्याएको हो । बैंकको क्रेडिट कार्डबाहकले आइएमई ट्राभल्समा गई आफूलाई अनुकूल टुर प्याकेज किस्ताबन्दीमा खरिद गर्न सक्ने जनाइएको छ । साथै, यो योजनामा आवद्ध भई क्रेडिट कार्ड लिन चाहनेलाई बैंकले कार्ड जारी शुल्कमा समेत ५० प्रतिशत छुट दिने जनाइएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन् ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# नेपाल राष्ट्र बैंकको अनुरोध

WhatsApp, Viber, Messenger जस्ता मोबाइल एप वा इमेल वा फोनबाट विभिन्न किसिमका चिठ्ठा परेको, पुरस्कार जितेको, धन सम्पत्ति वा सुन फेला परेको, अपुताली सम्पत्ति फेला परेको वा छोटो समयमै धेरै प्रतिफल पाइने योजना उपलब्ध भएको जस्ता विभिन्न बहानाका सन्देश पठाई सो रकम वा सम्पत्ति प्राप्त गर्न केही रकम पठाउनु पर्दछ वा खाताको जानकारी दिनुपर्दछ भनी सर्वसाधारणलाई आर्थिक प्रलोभन देखाई ठगी गर्ने घटना संसारभर हुने गरेका छन् । यी सबै घटना वित्तीय ठगीका उदाहरण हुन् ।

यस्ता सन्देशलाई विश्वास गर्ने, हुँदै नभएको वा आफूले भाग नलिएको चिठ्ठा वा पुरस्कार जितेको कुराको पछि लाग्ने वा चिन्दै नचिनेको व्यक्तिका झुटो कुराको विश्वास गरी लहलहैमा लागेर पैसा उठाउने वा खाताका विवरण उपलब्ध गराउने कार्य नगरौं ।

**वित्तीय ठगीबाट आफू बचौं, अरुलाई पनि बचाऔं ।**

# जेएमई र मनिग्रामबीच विप्रेषण सम्झौता




जापान मनि एक्सप्रेस कम्पनी लिमिटेड (जेएमई), जापान र मनिग्राम इन्टरनेशनल आइएनसीबीच विप्रेषण सम्झौता भएको छ। यस सम्झौता पश्चात् जेएमईले आफ्नो पहुँच विस्तार गरि आफ्ना ग्राहक सदस्यहरूलाई जापानबाट विश्वका विभिन्न देशहरूमा पैसा पठाउन सहजता प्रदान गरेको जनाइएको छ।

यसका साथै जेएमईले आफ्ना ग्राहक सदस्यहरूलाई जेएमई मोबाइल एप रजिष्ट्र गरि सो एपबाट नै आफैले पैसा पठाउन सकिने व्यवस्था तथा आफूले पठाउने पैसा भुक्तानी गर्ने व्यवस्था लगायत ग्राहक सन्तुष्टिको लागि मोबाइल एपमार्फत विभिन्न किसिमको डिजिटल सेवाहरूसहित आफ्नो स्तर वृद्धि गर्दै गएको जनाएको छ।

अब जेएमई मोबाइल एप रजिष्ट्र गरि सो एपबाट आफूले चाहेको जुनसुकै देशमा चौविसै घण्टा सातै दिन पैसा पठाउन सकिने व्यवस्थासहित सेवा शुल्क विना नै पैसा पठाउन सकिने, प्वाइन्टस प्रयोग गरि सेवा शुल्क घटाउन सकिने विशेषताहरू थप गरिएको जेएमईले जनाएको छ।

जापान मनि एक्सप्रेस कम्पनी लिमिटेड (जेएमई) जापानमा रहेका नेपालीहरूद्वारा संचालन गरिएको पहिलो विप्रेषण कम्पनी हो। जसले विगत १४ वर्षदेखि जापानबाट विश्वका विभिन्न देशहरूमा पैसा पठाउनको लागि सहजता प्रदान गर्दै आएको छ।

हालसम्म जेएमईले मनिग्राम इन्टरनेश्नल आइएनसी लगायत विश्वका ११ अन्तराष्ट्रिय साझेदार बैंक तथा विप्रेषण कम्पनीहरूसंग रेमिट्यान्स सम्बन्धी कार्य गर्दै आइरहेको छ। जसले गर्दा विश्वका १२ देशहरू (नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का, बंगलादेश, इन्डोनेसिया, कम्बोडिया, फिलिपिन्स, भियतनाम, दक्षिण कोरिया, म्यानमार र मंगोलिया) मा सहजै पैसा पठाउन सकिने छ।

# सिटिजन्सले वार्षिकोत्सवको अवसरमा ल्यायो 'छुटै-छुटको योजना'

सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले आफ्नो १७ औं वार्षिकोत्सवको उपलक्ष्यमा आकर्षक योजनाहरू सार्वजनिक गरेको छ। बैंकले १७ औं वार्षिकोत्सवको अवसरमा वैशाख १ गते देखि वैशाख ३१ गते सम्म १ महिनाको लागि लागू हुनेगरि विभिन्न सेवा सुविधामा भारी छुट र क्यासब्याक लगायतका योजनाहरू सार्वजनिक गरेको हो।

सो योजना अन्तर्गत डेविट र क्रेडिट कार्ड प्रयोगकर्ताहरूले पस मेसिन र अनलाईन मार्फत १ हजार वा बढीको कारोबार गर्दा १७ प्रतिशत वा बढीमा १७० रुपैयाँ क्यासब्याक दिइने छ। यसैगरी सिटिजन्स स्मार्टमार्फत क्युआर कोड स्क्यान गरी भुक्तानी गर्ने ग्राहकहरूको लागि ५ सय वा बढीको कारोबार गर्दा १७ प्रतिशत वा बढीमा १७० रुपैयाँको क्यासब्याक प्रदान गरिने व्यवस्था गरिएको छ।

डिजिटल भुक्तानीको अर्को माध्यम इ-कम कार्डको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ बैंकले योजना अवधी भरमा इ-कम कार्ड लिन




चाहने ग्राहकहरूलाई सो कार्ड निःशुल्क रुपमा उपलब्ध गराउने बैंकले जनाएको छ।

त्यसैगरि बैंकले यस योजना अवधिभर ग्राहकहरूका लागि निःशुल्क डिम्याट खाता खोलिदिने व्यवस्था गरेको छ। साथै बैंकका निष्कृय मोबाईल बैंकिङ्ग ग्राहकहरूलाई योजना अवधिभर सेवा सक्रिय गर्दा एकमुष्ठ रु १५० छुट प्रदान गरिने समेत जानकारी बैंकले गराएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा एटिएम र ९८ वटा शाखा रहित बैंकिङ ईकाईहरूबाट १७ लाख २४ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ।

# ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा ५ सय रुपैयाँसम्म क्यासब्याक पाइने




Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

ग्लोबल आइएमई बैंकले बैंकिङ प्रणालीमार्फत हुने रेमिट्यान्स कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यले ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा ५०० रुपैयाँसम्म क्यासब्याक पाइने योजना ल्याएको छ।

'पैसा आउने, थपेर पाउने' नारासहित सार्वजनिक गरेको क्यासब्याक योजनामा ग्लोबल रेमिटमार्फत विदेशबाट ग्लोबल आइएमई बैंकमा रहेको खातामा पैसा पठाउँदा ५०० रुपैयाँसम्मको क्यासब्याक पाइनेछ।

योजना अन्तर्गत रेमिट्यान्स पठाउँने व्यक्तिले २५ हजारदेखि ५० हजार रुपैयाँसम्म पैसा पठाउँदा १ सय रुपैयाँ, ५० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म पैसा पठाउँदा २ सय ५० रुपैयाँ र १ लाख रुपैयाँभन्दा बढी पैसा पठाउँदा ५ सय रुपैयाँ क्यासब्याक प्राप्त गर्नेछन्।

यो योजना आगामी जुन १० सम्म चल्ने छ। ग्लोबल आइएमई बैंकमा भएको कुनै पनि खातामा ग्लोबल रेमिटमार्फत पैसा पठाँउदा बैंकले रेमिट्यान्समार्फत आएको पैसामा ५०० रुपैयाँसम्म थप गरिदिनेछ।

# हिमालयन बैंकको सिईओमा पुनः अशोक राणा



हिमालयन बैंकको प्रमुख कार्यकारी अधिकृत (सिईओ) मा अशोक शमशेर राणा पुनः नियुक्त भएका छन्। बैंक संचालक समिति बैठकले राणालाई नै सिईओको रुपमा पूनः नियुक्त गर्ने निर्णय गरेको हो।

विगत १२ वर्षदेखी बैंकको सिईओको जिम्मेवारी निभाइरहेका राणालाई थप ४ वर्षका लागि प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने निर्णय गरेको बैंक सञ्चालक समितिले जनाएको छ।

बैंकका संस्थापक हिमालयन शमशेर जबराका छोरा अशोक शमशेर राणा वाणिज्य बैंकको छाता संगठन नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष पनि हुन्।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



नयाँ वर्ष २०८१ को हार्दिक मंगलमय शुभकामना ।

SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np



# राष्ट्रिय व्यापार संघद्वारा नयाँ वर्षको पात्रो विमोचन तथा शुभकामना आदानप्रदान

साना तथा मझौला व्यापारीहरूको छाता संस्था राष्ट्रिय व्यापार संघले नयाँ वर्ष २०८१ सालको टेबल पात्रो विमोचन तथा नयाँ वर्षको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

संघका अध्यक्ष हिमलाल खरालको संयोजकत्वमा विगतका वर्षहरूमा झैं यस वर्षपनि संघको वर्षभरि भएगरेका गतिविधिहरू समेटिएको पात्रो प्रकाशन गरि विमोचन गरिएको हो ।

संघको केन्द्रिय कार्यालय न्युरोडमा एक औपचारिक कार्यक्रमकाबीच संघका पदाधिकारीहरू, पुर्वअध्यक्षहरू, निवर्तमान अध्यक्ष लगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो । संघमा नयाँ कार्यसमिति आईसकेपछि के-कस्ता कार्यहरू भएको र आगामी दिनमा के-कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल समेत भएको थियो ।

संघका अध्यक्ष खरालले व्यापारीहरूकाबीच एकआपसमा भाईचाराको सम्बन्ध स्थापित गर्दै आगामी दिनमा सबैको सल्लाह बमोजिम नै काम गर्दै जाने जानकारी दिए । नयाँ वर्षमा नयाँ उर्जाका साथ, नयाँ ढंगले संघलाई अगाडि लैजाने उनले विश्वास दिलाए । साथै व्यापारी व्यवसायीहरूका समस्या समाधानका लागि आफू सधैं कटिबद्ध भएर लाग्ने समेत प्रतिबद्धता जनाए ।

कार्यक्रममा संघका पूर्वअध्यक्ष नयनबहादुर पण्डित क्षेत्री र वरिष्ठ सल्लाहकार बिचारी



पराजुलीलाई सम्मान समेत गरिएको थियो । पूर्वअध्यक्ष क्षेत्री नेपाल चेम्बर अफ कमर्शमा केन्द्रिय कार्यसमिति सदस्यका रुपमा मनोनित भएको र सल्लाहकार पराजुली सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको तृतीय उपाध्यक्ष पदमा सर्वसम्मतले चयन भएका कारण संघले सम्मान गरेको हो ।

नयाँ वर्षको शुभकामना दिदै पुर्वअध्यक्ष क्षेत्रीले संघले गरेको सम्मानले आफूमा थप जिम्मेवारी बढेको महशुस भएको बताए । आफू संघको पूर्वअध्यक्ष भईरहदाँ साना तथा मझौला व्यापारीहरूको समस्या नजिकबाट बुझेको हुनाले आगामी दिनमा चेम्बरमा संघका समस्याहरूलाई उठाउने बताए । साथै संघसँग आगामी दिनहरूमा सहकार्य गर्दै जाने समेत प्रतिवद्धता जनाए ।

त्यस्तै संघका सल्लाहकार पराजुलीले संघले गरेको सम्मानप्रति आभार प्रकट गर्दै सिन्धुपाल्चोक उद्योग वाणिज्य संघकोतर्फबाट राष्ट्रिय व्यापार संघलाई सधैं साथ र सहयोग रहने विश्वास समेत दिलाए ।

# बाढीमा बजरंग

रातभरि पानी परेको परेकै भयो ।मल्याक मिलिक चम्किरह्यो । गडयाङगुडुङ चम्केर सारा दुबई डुबिरहेजस्तो लाग्थ्यो । उसले हेर्दा हेर्दै फार्म नजिकैको ठूलो र फराकिलो सडक पानीले भरियो । अलि–अलि कुद्ने गाडीका पांग्रा पानीले छोपिन्थ्यो ।



युवराज नयाँघरे

एक्कासि बिजुली चम्किन थाल्यो ।

हावाहुरी मच्चिन थाल्यो । गडयाङ गुडुङ र कालो बादल बढ्न थाल्यो । दिउँसो अलि-अलि देखिएको बादल गम्केर गाढा कालाम्मे भयो ।

हेर्दा हेर्दै पानी ओइरियो ।

एकोहोरो ओइरेको ओइरेकै भयो । हावा हुन्डरी र बिजुली चम्केर सारा दुबई शहर हेर्दाहेर्दै जलाम्मे भइहाल्यो । बजरंग बलि अत्तालिन थाल्यो ।

ऊ गएको एकहप्तादेखि यो ऊँट फार्ममा आएको थियो । छन् त अरु पनि थिए । तर अहिले कम्पनीले अरुलाई अन्तै पठाएको छ । बजरंग यै फार्ममा काम गर्दै थियो ।

दुवई शहर नजिकै भएपनि बालुवा बालुवाको गाउँ छ । तीन-चार तरकारी, खजुर फलाउने फार्म पनि छन् । नजिकै खसीबाखा पालिएका फार्म पनि छन् ।

पच्चीस-तीस वटा उँट पालिएका फार्ममा बजरंग रमाएर काम गर्दै थियो ।

घास, पानी दिनु बाहेक खास अरु काम थिएन ।

'भैया म एक हप्ता आउँदिन है । कम्पनीलाई खबर गरेको छु । खास कामपनि छैन । उँट ब्याउने बेलासम्म म आइहाल्छु । दुबईकी सान्कान्छीलाई भेटेर आउँछु म । है त भैया !'

राम लखन यसो भनेर गएथ्यो ।

त्यसकै भोलिपल्टदेखि आँधीबेहरी मच्चियो । चौबिस घन्टा पानी परेको परेकै भयो ।

अलिक खाल्डो जस्तो ठाउँ थियो । एउटा कुनामा घाँस थुपारिएको थियो । अर्को कुनामा पानी खुवाउन ठूलठूला फलामे भाँडा राखिएथे ।

'भैया, घास चै बिहानतिर हालिदिनु । दिउँसो काँडाघारी चराउन लानु है । तीनवटा अलिक बिरामी छन् । अरुलाई लगेर छोडिदिनु । ढोका खोलेपछि आफैं जान्छन् चर्नलाई । बेलुकी पाँचबजेतिर यसो सिठी बजाइदिनु । बिस्तारै आठ बजेसम्म खोरमा भित्रिइसक्छन् । नो टेन्सन भैया ।'

रामलखनले यसो भनेथ्यो ।

तर उसले भनेको दिनदेखि नै कुरो उल्टो भयो ।

कम्पनीले उँट राख्ने फार्मदेखि पाँच मिनेट उता तीन तल्ले अग्लो घर बनाएथ्यो । त्यसको एक तल्लामा उँटका लागि पराल र ढुटो थियो । अर्कोमा कम्पनीको अरु मुनिमहरू आउँदा त्यही बस्थे । माथिल्लो तल्लामा केही अत्यावश्यक दाल, चामल, पानी, औषधी राखिएथ्यो ।

माथिल्लो तल्लामा गएर बजरंगले उँट फार्मतिर हेऱ्यो । छेवैको ठूलो टिनको अग्लो छाप्रोतिर उभिएथे सबै उँटहरू ।

रातभरि पानी परेको परेकै भयो ।

मल्याक मिलिक चम्किरह्यो । गडयाङगुडुङ चम्केर सारा दुबई डुबिरहेजस्तो लाग्थ्यो ।

उसले हेर्दा हेर्दै फार्म नजिकैको ठूलो र फराकिलो सडक पानीले भरियो । अलि-अलि कुद्ने गाडीका पांग्रा पानीले छोपिन्थ्यो ।

एक पटक निकै ठूलो बिजुली चम्केर धर्ती नै हल्लिएजस्तो भयो । उस्ले भित्तो समातेर अत्तालिएको छाती थामथुम पाऱ्यो ।

बजरंग बलिले कुरा खेलायो मनमनै -'सबै कुराले पुगेको देशमा नि बाढी-पैरो आउँदो रहेछ ।'

'कता, के मिलेन यो देशमा । यस्तो कहिले भएको थिएन । म आएको पन्ध्र वर्ष भइसक्यो । यस्तो कुनै दिन देख्नु परेको थिएन । धनी गरिब सबैलाई विपत्ति आउँदो रहेछ हे प्रभु !'

०००

ऊ भटभटाइरहेथ्यो ।

गाउँमा बजरंग बलिको धान फल्ने जग्गा थियो । ऊ गहुँ, धान, मकै, फापर, तोरी फलाउन लागिपर्थ्यो ।

'कहिलेसम्म जोतिरहने खेत ?'

कोसीको भँगालो हेर्दै ऊ मनमा कुरा खेलाउँथ्यो ।

सानैमा बाबु मरिहाले ।

सातजना छोराछोरी पाल्न आमालाई सार्है सकस थियो । मरीतरी एसएलसी पास गरेथ्यो उसले ।

तीन पटकमा पास भएपछि भारदहमा पान पसल थापेर जिन्दगी चलाउँदै थियो ।

हरेक बर्खा लागेपछि उसलाई डर लाग्थ्यो । कारण थियो -कोशी नदीले बजरंग बलिको खेतलाई छुन थालिसकेको थियो ।

'ढिलोचाँडो हाम्रो खेत कटान हुन्छ ।'

एकवर्ष लगातार पानी परेको देखेपछि आमाले भनेकी थिइन् । उनले भनेको कुरो ठ्याक्कै मिल्यो । पाँच कक्षा पढ्दा बजरंग बलिको खेत कटान सुरु भयो ।

तल्लो खेत, माझको बारी, बाटोमुनिको बाँसघारी, धनेश जंगल सबै कटान भयो ।

'आमा, हाम्रो खेत त सबै जाला जस्तो छ।'

'तेरो बाउ पनि गए। यो माटो पनि रहँदैन जस्तो छ। कम्तीमा ईश्वरले कृपा गरी यो घर नलगिदिए हुन्थ्यो।'

आमाले आफ्नो भिजेका परेली सप्कोले पुछिन्।

बजरंग बलिले हेरिरह्यो। उसको मन पनि खिन्न भयो। ऊ पनि भित्रभित्रै उदास भयो।

चार गरा मास्तिरबाट खोला कुद्न थालिसकेको थियो। त्यो खोलाको पानी हेर्दै मनमनै प्रार्थना गऱ्यो -'कोशीमाई घरसम्म जोगाइदेऊ। हाम्रो बास नबगाइदेऊ। हाम्रो टेक्ने ठाउँ बचाइदेऊ।'

त्यो साल कोशीमा खासै बाढी आएन। अर्को साल नदीको एउटा भँगालो अलिक परतिर गयो।

तर त्यतिन्जेलमा बजरंग बलिको घर त जोगियो। तीन बिघाहा जमीन सबै कटानमा परिसकेको थियो। हरेक बर्खामा नदी कुद्थ्यो, हरेक हिउँद बालुवा र ढुंगा थुप्रिन्थे।

त्यही बालुवामा काँस उम्रिन्थ्यो। बजरंग बलि मनमनै भन्थ्यो -'देउताले सुनेर घरसम्म बचेको छ।'

ooo

आज आफ्नै आखाँ अगाडि दुबईमा जताततै पानी नै पानी देखेर ऊ अत्तालियो। धेरै भएथ्यो उसले त्यति धेरै पानी नदेखेको।

'आकासको होस् कि धर्ती-पानी भनेको पानी हो।'

ऊ वरपर सबैतिरको पानी हेर्दै कुरा गर्दैथ्यो आफैसँग।

चारैतिर पानी थियो। साँझदेखि त फोन



पनि चल्न छोड्यो। बत्ती पनि गयो।

ऊ पटक-पटक स्वीच अफ-अन गर्थ्यो। बत्ती पनि जम्मै गएपछि ऊ अलिक अत्तालियो। किनभने त्यसमै खाना पकाउने व्यवस्था थियो।

'भोकै पो, परिन्छ कि क्या हो ?'

ऊ छटपटियो।

अलिकति पानी र एक मुठी चिउरा खायो। दुईदिन अघि ल्याएको खबुज पनि खायो। खुर्सानीको अचार जिब्रोमा दल्यो।

'अब मरिदैन होला।'

ऊ मनमनै बोल्दै पनि थियो।

'एक-दुई दिन बाँचियो भने केही त होला।'

बजरंग बलिले फार्मतिर हेर्दै कुरा खेलायो मनमनै।

'ओहो कति धेरै पानी।'

फार्मतिर पानी बढ्दै गएको देखियो। अघिसम्म चलिरहेको टेलिभिजन पनि बन्द भयो।

अब अलिक डरायो ऊ। सुचनाको सबै माध्यम रोकिएको उसले अनुमान गऱ्यो।

बिहानीपख ऊ झनै डरायो। किनभने रातभरिको पानी जताततै खोला भएर बग्न थालेको थियो। पानी पर्न थामिएको थिएन।

दिउँसोतिर उसले हेर्दाहेर्दै घरसहितका सबै उँटहरू पानीमा बगे। उसले हात जोडेर भन्यो -'अब मेरो जागिर के होला ?'

बजरंग बलिलाई आफू बगेर उँट बचेको भए हुन्थ्यो भन्ने लागिरह्यो। ऊ डरायो -'अल्लाहले यो ठीक गरेनन्।'

पानी झन्-झन् दर्किन थाल्यो।



# छुवाछुतको रेखा मेट्ने इतिहास लेखौँ

**जब समाज जाति, लिंग र वर्णभन्दा माथि उठेर एकअर्कालाई व्यवहार गर्न थाल्दछ प्रेमिल बन्दछ संसार। र एउटा नयाँ र सभ्य युगको सुरुवात हुनेछ। मानिस उच्च कोटीको मानवमा परिणत हुनेछ। एकापसमा भाइचारा, सद्भाव र सेवाभाव सुरु हुनेछ। यही नै हो समृद्ध सोच। समृद्ध सोच नभई आर्थिक र आत्मिक समृद्धी हासिल हुन सक्ला त ?**



शम्भु सुस्केरा

मुटु रोग विशेषज्ञ डा. भगवान कोइरालाले भन्नुभएको छ हामी आफ्ना लागि मात्र सोच्छौँ र धेरै तनाव र चिन्ता आइलाग्छ। त्यसैले अरुका लागि पनि सोच्न थालौँ यसो गर्दा आफ्नो विषयले आफूलाई तनाव दिँदैन। अरुका बारेमा सोच्न थालेपछि उनीहरूको बारेमा केही गर्ने प्रेरणा मिल्छ। जब अरुका लागि केही गर्न थालिन्छ अनि मनमा शान्ति मिल्छ र आनन्द आउँछ।

यत्ति गऱ्यौँ भने हाम्रो मन मुटु पनि स्वस्थ्य हुन्छ। जब मन स्वस्थ्य हुन्छ तब शरीर पनि स्वस्थ्य हुन्छ। एक व्यक्ति स्वस्थ्य र सबल भयो भने सिङ्गै परिवार, समाज र देश स्वस्थ्य र सबल हुन्छ।

उहाँको यो अनुभवीय सन्देश हो। अरुका बारेमा सोच्दा, अरुका लागि काम गर्दा मात्र शरीर र मन स्वस्थ्य हुन्छ भने किन नगर्ने।

तसर्थ उहाँकै अनुरोधलाई मानेर एउटा विषयमा चर्चा गर्छौँ।

मान्छे कर्मले ठूलो कि जातले ? सम्पतिले ठूलो कि पदले ? विषय यसैलाई बनाऔँ।

हुन त यो विषय अहिले भर्खरै सिर्जना गरिएको होइन। समाजमा चलिरहने सबैभन्दा ठूलो बहसको विषय हो। एक्काइसौँ सताब्दीसम्म आइपुग्दा पनि बहस गरिरहने विषय थिएन यो। तर नेपाली समाजमा यही विषयमा अझै कति वर्ष बहस चल्छ भन्न सकिने अवस्था छैन। यो विषयको अन्त्य गरेर नयाँ विषय भित्र्याउने काम वर्तमान नेपाली समाजको हो।

तर दुर्भाग्य के भइरहेको छ भने आज पनि जित उही तर्कको भइरहेको छ जसले हार्नुपर्छ।

सम्पति, पद र जातले मानिस ठूलो हुने, बुझाइ र भोगाइ सर्वत्र छ देशमा। त्यही कारण हामी अरु देश भन्दा पछि छौँ, गरिब छौँ र भ्रष्ट छौँ।

किन कि हामी नचाहिने विषयमा अल्झेका छौँ। नगर्ने विषयमा बहस गरेर समय, श्रम र पुँजी खर्च गरेका छौँ। त्यसैले अन्य विषयमा प्रवेश गर्न सकेका छैनौँ।

तपाईको जात वा थर के हो ?

तपाई समाजले हेप्ने र पानी नचल्ने भनिएको कुनै जातको मानिस हो वा अरु कुनै उपल्लो भनिएको जातको।

तपाई आफू पानी चल्ने वा अरु कुनै उपल्लो जातको हुनुहुन्छ। आफू समाजले पानी नचल्ने भनिएको जातको भएको कल्पना गर्नु। र अरुको घरमा गएको, ढोकाबाट भित्र पस्न नदिएको वा पस्ने आँट नगरेको, कुनै मठ मन्दिरमा वा पार्टी भोजमा गएको र परैबाट कसैले ल्याएर खान दिएको, अरु सरह लाइनमा बसेर खान नपाएको नदिएको, यस्ता कैयन घटना आफूमाथि भएको कल्पना गर्नु।

कल्पना गर्नु भयो ? कस्तो लाग्यो ?

अब आफैँलाई प्रश्न गरौँ। अहिले कल्पनामा आफू हेपिएको वा छुवाछुतमा परेको बेला कस्तो अनुभव भयो। कतै मैले अरुलाई पनि यसैगरी छुवाछुत भावले व्यवहार पो गरेँ कि ?

अब एकपटक कल्पना गरौँ आफ्ना साना छोराछोरीलाई छिमेकीका छोराछोरी वा छिमेकीले यस्तै व्यवहार गरे कि ? त्यसबेला आफ्ना सन्तानले के महसुस गरे होला ?

अब सोचौँ। आफूजस्तै मानिसलाई यस्तो हिन भावले बाँच्न बाध्य पारी अन्याय र विभेद गर्नु कति ठिक हो ?

ठिक होइन भने ठिक के हो ? र आफूले के गर्ने ?

के गर्ने भन्ने प्रश्नको जवाफ खोज्नु अगि जातको उचनिच, छुवाछुत किन गरियो यसको अन्तर्य हेरौँ।

हुन त यसको सत्य सबैलाई थाहा छ।

कसैले आफूलाई लगाउने लुगा अरुभन्दा राम्रोगरी सिलायो होला, कसैले आफूलाई बस्ने छालाको मुडा मनपर्दो बनायो होला अनि कसैले भनिदियो तँसग यति राम्रो सिप रहेछ, अब यहि काम गर् आफूलाई पनि हुन्छ अरुलाई पनि हुन्छ। अरुका लागि पनि बनाइस् भने कमाई हुन थाल्छ र तेरो घर चल्छ।

एक समयमा कामको वर्गिकरण वा जिम्मेवारीबाट चलेको समाजले यसैलाई जातकोरुपमा ग्रहण गऱ्यो र उचनिच भावले एकअर्कालाई व्यवहार गर्न थाल्यो।

अनि व्यक्तिले आफूले जे राम्रोसँग गर्न जानेको छ त्यही गऱ्यो। यही कर्मलाई समाजले जात वा थरमा रुपान्तरण गरिदियो।

कामको प्रकृति, उत्पादन र बजारको अवस्थाले मानिसको आर्थिक हैसियत फरक-फरक हुनथाल्यो।

कामको प्रकृतिका आधारमा सरसफाइ व्यवस्थापनमा तलमाथि हुनथाल्यो । र यहिँबाट छिछि दुरदुर हुनथाल्यो ।

र आजको छुवाछुत र भेदभावको अवस्था सिर्जना भएको हो । यसरी उत्पन्न भएको नकारात्मक अभ्यासलाई आजको आधुनिक समयले सच्याएर जानुपर्थ्यो तर त्यसो हुन सकेको छैन । राज्यले कानुन बनाएर सच्याउन खोजेको छ । तर मानिसले मन र विवेकबाट सच्याउन खोजेको छैन ।

पुरानो पुस्ताको अन्त्यपछि यो स्वतः सच्चिन्छ भनिन्छ । यसमा धैरै सत्यता छ । तर पुरानो पुस्ताबाट यही विभेद नयाँ पुस्ताले पनि सिकेको देखिन्छ ।

पछि सच्चिन्छ भनेर आजको पढेलेखेका शिक्षित, आधुनिक, सभ्य मानिसले नसच्याए कसले सच्याउँला ?

जे छ ठिक छ भन्न त सकिन्न नी यस्ता अमानवीय अभ्यासलाई ।

खोटाङबाट आफन्तकोमा झापा आएका एकजना ब्राह्मण दाइसँग भेट भयो । यस्तै प्रसङ्ग चल्दा उहाँले एउटा प्राचीन कथा सुनाउनु भयो ।

कुनै समयमा एकजना व्यक्ति केही काम परेर आफ्नो सानो छोरोसहित छिमेकी गाउँमा गए । उसबेला पातला घर, थौरै जनसंख्या, बिहानभरि हिँडेपछि मात्रै एउटा गाउँबाट अर्को गाउँ पुगिने थियो ।

बिहानभरि हिँडेर कृषि औजार बनाउन विश्वकर्मा दाइकोमा गएका थिए उनी ।

विश्वकर्मा दाइकोमा ढिँडो खाने बेला भएको रहेछ । त्यो घरका केटाकेटी ढिँडो खाँदैथिए । आफूजस्तै साना मान्छेहरू ढिँडो खाइरहेको देखेर त्यो बाहुनको छोराले ए बा म पनि खान्छु भन्यो । तर कराहीमा ढिँडो थिएन । पकाएर खुवाउने पिठो पनि थिएन ।

आफ्नो छोरो सरहको सानो नानीलाई एकडल्लो ढिँडो खुवाउन नपाएकोमा विश्वकर्माकी श्रीमती दुःखी भइन् ।

बाहुनले आफ्नो छोरालाई सम्झाए ढिँडो सक्किएछ अब घरै गएर भात खाने ल छोरो भने ।

तर सानो छोरोले मानेन रुन थाल्यो । छोरोलाई कसरी सम्झाउने चिन्ताले थिचेको बेला फ्याट्ट एउटा बुद्धी आयो ।

यी मान्छेले छोएको खानु हुँदैन बिरामी परिन्छ । यसो भनिदिए र छोरोलाई घर फर्काएर ल्याए ।

त्यसपछि यसको सिको सबैले गरे । उनीहरूको गरिबीका कारण अरुले तिनकोमा नखाइदिउन भनेर उनीहरूको अन्न बचाउँन भनिदिए । कहिलेकाहिँ उनीहरू स्वयंले आफूलाई बचाउँन हामीले छोएको खानुहुँदैन भनेर अरुका बालबच्चालाई भनिदिए ।

एक युगमा एक अवस्थामा सामान्य समस्या समाधानका लागि अभ्यास गरिएको उपायले निरन्तरता पाएर आज छुवाछुत र बिभेदको रुप लिएको हो ।

ती दाइको कुरा सुनेर हो कि जस्तो पनि लाग्यो । हुन त यो एउटा कथा मात्र हुनसक्छ । र कथा मात्रै नभएर तत्कालीन समयको वास्तविकता पनि हुनसक्छ ।

जसरी सुकै होस् जातका रुपमा उचनिचको सोच र व्यवहार आधुनिक मानव सभ्यतामा लज्जाको विषय बन्नुपर्ने हो । तर बनेन । सामुन्ने केही नभने पनि पिठ पछाडि मानिसले आफ्नो जातीय उच्चता र अरुको निचता व्यक्त गरिहाल्छ ।

अब यहाँ अरुका लागि सोच्दा आनन्द आउने भगवान कोइरालाको कुरालाई यहाँ जोडौँ ।

जन्मेकै आधारमा समाजले जसलाई दलित बनाएको छ, जतिसुकै पवित्र मान्छे भए पनि निच र तुच्छ ठानेर पशुवत व्यवहार गरेको छ उसँग क्षमा मागौँ र आजैदेखि सबैले सम्मानपूर्वक व्यवहार गरौँ । हाम्रो व्यवहारबाट उसले महसुश गर्ने आत्मसम्मानले हामीलाई कति खुसी देला कल्पना गर्न सकिएला ?

जब समाज जाति, लिङ्ग र वर्णभन्दा माथि उठेर एकअर्कालाई व्यवहार गर्न थाल्दछ प्रेमिल बन्दछ संसार । र एउटा नयाँ र सभ्य युगको सुरुवात हुनेछ । मानिस उच्च कोटीको मानवमा परिणत हुनेछ । एकापसमा भाइचारा, सद्भाव र सेवाभाव सुरु हुनेछ । यही नै हो समृद्ध सोच । समृद्ध सोच नभई आर्थिक र आत्मिक समृद्धी हासिल हुन सक्ला त ?

यसरी हामी सच्चिएका दिन स्वर्णिम अक्षरले युग चेतनाको इतिहास लेखिनेछ । र भावि पुस्ताले हामी र हामीले निर्माण गरेको सभ्यातामाथि गर्व गर्नेछ ।

हरेक कर्म यस्तो गरौँ कि भावि पुस्ताले सम्मानपूर्वक स्वीकार गरोस् ।









# बैकुण्ठ प्रधानका दुई गीत 'एउटी केटी' र 'टुनामुना'

• हरिराम पौडेल

*एउटी केटी भेटे मैले फूल जस्तै चिटिक्कै*
*लोभी नजर नलाउ भिल्के भेट हुने वित्तिकै*

जीवनमा भेटिने सबै केटी राम्रा हुदैनन् राम्रा भेटिए पनि आफ्ना हुदैनन्...गायक बैकुण्ठ प्रधानले भने फूल जस्तै चिटिक्क परेकी 'राम्री केटी' भेटेका छन् 'एउटी केटी' भित्र। पुरुष मन न हो फूल जस्ती चिटिक्क परेकी 'राम्री केटी' भेट्ने वित्तिकै उनले लोभी नजर लगाउँछन्। केटी पनि बाठी छिन् भिल्केले आँफूलाई हतारमै लोभी नजर लगाएको पत्तो पाउँछिन्। केटीको स्वभाव केटाको भन्दा फरक हुन्छ नै, उनीहरू भुलुक्क देख्ने वित्तिकै कसैलाई पनि विश्वास गर्दैनन् भन् पिरती लाउने कुरा, माया बसाउने कुरामा त केटी अलि गम्भीर हुने नै भइन्, भिल्केप्रति उनको मनमा के भाव छ उनी खोल्दिनन्, भेट हुने वित्तिकै 'लोभी नजर नलगाउन' उनी भिल्केलाई सुभाव दिन्छिन्। नजरले मन पराइसके पछि केटाको मन किन रोकिन्थ्यो र ? भिल्के अभै उनको 'दिलको माली' बन्ने अनि उनीप्रति उर्लेको 'प्रेमको फूल चुमिरहने' चाह व्यक्त गर्छन्। 'रस लगे पछि फूल छोड्ने' केटाको बानी बुझेकी केटी मन नबुझि दिल खोल्न मान्दिनन्, मुटु भरि उनको माया साचेका भिल्के उनकै मायाको शितल छायाँको आशा राखिरहन्छन्। केटीले कुनै भरपर्दो जवाफ दिन्नन्, आश गर्नु भर नपर्नु, 'पिरतीको छुरा' सम्म लाग्न सक्ने भाव दर्शाउदै उनी तर्किन्छिन्, गीत सकिन्छ। भिल्केले भेटेका फूल जस्ती चिटिक्क परेकी केटी फकाउन सके सकेनन् ? भिल्केको प्रेमलाई फूल जस्तै चिटिक्क परेकी केटीले स्वीकार गरिन् गरिनन् ? 'एउटी केटी' गीतले यो पाटो अधुरै छोडेको छ। दर्शक, श्रोतालाई अर्को भागको प्रतीक्षा गर्न बाध्य बनाइएको छ। आशा छ यी सबै अधुरा पाटाहरू 'एउटी केटी' भाग -२ मा खुल्नेछ।

*सान्नानीलाई 'टुनामुना' लाइदिउ कि*
*पञ्चे बाजा बजाएर घरमै आउ कि*

मन परेकी सान्नानी न फकाउँदा मान्छिन् न सम्झाउँदा मान्छिन् न त रिसाउँदा नै मान्छिन्, सान्नानी झन् झन् मनमा गाढा बनेर बस्छिन् तर उनको मनमा भने आफ्नो लागि कुनै स्थान नभएको महशुष भए पछि जसरी भए पनि सान्नानीलाई मनमा बसाउने र आफ्नो बनाउने चाह बढ्छ। केहि गर्दा पनि असर नगरे पछि सान्नानीलाई तन्त्रमन्त्र, टुनामुना लगाएरै भए पनि आफ्नो वशमा पार्न अनि आँफूप्रतिको आकर्षण बढाउन कोशिश गर्छन् युवक। त्यति मात्र होइन पञ्चे बाजासहित घरमै आउने चाहना पनि व्यक्त

गर्दछन् उनी तर जवरजस्ती होइन सल्लाहले, आँफूले मन पराएकी युवतीको अनुमतिले ।

युवती अलि घमण्डी छिन् अनि अलि आधुनिक सोच कि पनि छिन् । उनी पुरातन संस्कारको तन्त्रमन्त्र, जादु, टुनामुनाले आँफूलाई कुनै असर नगर्ने र जादु, टुनामुना भनेका 'समाजको कुरिती र अन्धविश्वास' भएको जनाउँदै युवकको 'टुनामुना' लाई सिधै चुनौती दिन्छिन् । पञ्चे बाजा बजाएर घरमा आउने त टाढाको कुरा, पञ्चे बाजाको कुरा मात्र पनि उनलाई सह्य हुदैन, स्वीकार्य हुदैन । जे गर्दा पनि युवती नफकिदा युवक पिरमा पर्छन् भने आँफूप्रति आकर्षित भएर आफ्नो पिछा लागेको युवकको व्यवहारले युवती पनि पिरमा पर्छिन्, दुवै जना आ-आफ्ना पीरमा छन् ।

रेशमको सारी र मखमली चोलीमा सजिएकी युवतीको सुन्दरतामा युवक मन्त्रमुग्ध त छदैथिए हेरिरहु लाग्ने युवतीको धपक्क बलेको रुप अनि जादुमय उनको बोलीले युवक झन् भुतुक्कै थिए । चञ्चले स्वभावकी युवती आँफूलाई माया गर्ने युवकको मायालाई बुझ्दिनन् या बुझ्न चाहन्नन् । उनी ती युवकलाई 'जाली मान्छे' को संज्ञा दिन्छिन् र फकाउने कलामा 'जाली मान्छे' सिपालु हुने, 'जाली मान्छे' को जालमा आँफू नपर्ने जवाफ दिन्छिन् । तन्त्रमन्त्र, जादु, टुनामुनाले पनि असर नगरे पछि युवक युवतीलाई हातमा सुनको चुरा लगाइदिने, शीर 'शीरफूल'ले सजाइदिने अनि सबै आवश्यकता, रहर र चाहना पुरा गरेर 'रानी' बनाएर राख्ने बचन दिन्छन् । उनको मायाको सम्मानमा कुनै भुल नहुने बाचा गर्छन् । तर युवतीलाई युवकको कुनै पनि कुराको न विश्वास हुन्छ न कुनै असर, उनी आफ्नै दुनियामा रमाउने, आफ्नै गाउँठाउँ, परिवेश अनि आफ्नै आमा, बुवाको घरमै खुसी हुने र आमा, बुवाले खोजिदिएका 'सोझो अनि इमान्दार' युवकसँग नै घरजम गर्ने भाव व्यक्त गरेर युवकलाई फर्काइदिन्छिन् ।

बबिना भट्टराईको अफिसियल युट्व च्यानलबाट सार्वजनिक भएका यी दुई गीत 'एउटी केटी' र 'टद्रनामद्रना' पछिल्लो समय विभिन्न सुमधुर गीत, गजल, भजन र नेपाली गीति क्षेत्रमा छाइरहेकी चर्चित गायिका बविना भट्टराई र बैकुण्ठ प्रधानको स्वरमा सार्वजनिक भएका छन् । 'एउटी केटी' गीतमा शब्द तथा संगीत भानु ओलीको रहेको छ । उक्त गीतको एरेन्ज राजिव शाहले गरेका छन् भने मिक्सिङ र मास्टरिङ प्रकाश खरेलको रहेको छ । म्युजिक नेपालको स्टुडियो, अनामनगरमा नकुल कार्की र अनिल अधिकारीले उक्त गीत रेकर्ड गरेका हुन् ।  गीतको भिडियोमा निकिशा कठायतसँग गायक बैकुण्ठ प्रधान आफैले अभिनय गरेका छन् । भिडियोमा निकिशा र बैकुण्ठको अभिनय सुहाउँदो छ । रामजी थापा 'रोचक' को निर्देशन र प्रितम कुमार धमलाको कोरियोग्राफी रहेको उक्त भिडियोको सम्पादन तथा कलर सुवास लिम्बुले गरेका छन् ।

यस्तै 'टुनामुना' गीतको शब्द बबिना भट्टराईको रहेको छ । उक्त गीतको एरेन्ज महाराज थापाले गरेका छन् भने  मिक्सिङ र मास्टरिङ प्रकाश खरेलको रहेको छ । म्युजिक नेपालको स्टुडियो, अनामनगरमा नकुल कार्कीले रेकर्ड गरेको उक्त गीतको भिडियो 'ड्रगन पिक्चर्स'द्धारा निर्माण गरिएको हो । गीतको भिडियोमा चर्चित कलाकार बुद्धि तामाङसँग बबिना आफैले अभिनय गरेकी छिन् । भिडियोमा बुद्धि र बबिनाको अभिनय जीवन्त रहेको छ । केशवराज भट्टको निर्देशन र कोरियोग्राफी रहेको उक्त भिडियोको सम्पादन तथा कलर मिलन विश्वकर्माले गरेका छन् ।

बबिना भट्टराईको शब्द, संगीत र स्वर रहेका गीतहरूमा आफूले पनि स्वर दिन पाएकोमा आफू खुसी अनि आनन्दित भएको बताउँछन् 'एउटी केटी' र 'टुनामुना'का गायक बैकुण्ठ प्रधान । विगत केहि वर्षदेखि बबिनासँग गीत-संगीत र भक्ति संगीतमा सहकार्य गर्दै आइरहेका उनी बबिनाको संगीत कला र गला अनि काम गर्ने शैलीले आँफू प्रभावित भएको र आगामी दिनहरूमा पनि बबिनासँगको सहकार्यमा गीत तथा भजनहरू दर्शक, श्रोता माझ ल्याउने बताउँछन् । यी दुई रमाइला गीतहरूसँगै बैकुण्ठले भजन गायनमा पनि बबिनासँग सहकार्य गरेका छन् ।

बैकुण्ठ प्रधानसँगको सहकार्य सहज र सरल भएको बताउने बबिना आध्यात्मिक व्यक्तित्व बैकुण्ठको गीत तथा भजनहरूप्रतिको लगावलाई सम्मान गर्दै आगामी दिनहरूमा बैकुण्ठ प्रधानसँगको सहकार्यमा अझ सुमधुर र कर्णप्रिय गीत तथा भजनहरू दर्शक, श्रोता माझ ल्याउने बताउँछिन् ।



# हिरो बन्दै कुल ब्वाई



सामाजिक सञ्जाल 'टिकटक'बाट चर्चामा आएका र युट्युब, फेसबुक, इन्स्टाग्राममा समेत सेलिब्रेटीको छवि बनाएका 'कुल ब्वाई' नामबाट परिचित पारस बम मल्ल अब ठूलो पर्दामा देखिने भएका छन् ।

'होस्टेल ३' बाटै चलचित्र अभिनयमा डेब्यु गर्न लागेका उनलाई शीर्ष भूमिकामा देख्न पाइने बताइएको छ । होस्टलको ३ को निर्देशन सशान कँडेलले निर्देशन गर्नेछन् । चलचित्रको कथा पनि उनकै हो, पटकथा भने माधव शर्माले तयार पारिरहेको बताइएको छ ।

निर्देशक सशानले आफ्नो चलचित्रमा कुल ब्वाईलाई समेटेको जानकारी सामाजिक सञ्जालबाट गराएका छन् । यस चलचित्रको निर्मातामा शिशिर ज्ञवाली, कार्यकारी निर्मातामा शंकर कोइराला, सहनिर्मातामा सुधा मरहट्ठा, सुरेश कँडेल र अर्जुन सापकोटा छन् ।

यसअघि बनेका 'होस्टेल' र 'होस्टेल रिटर्न्स'को निर्देशन सुनिल रावलले गरेका थिए । 'होस्टेल'मा अनमोल केसी, सलोन बस्नेत, प्रकृति श्रेष्ठ, गौरव पहारी, रिस्ता बस्नेतलगायत कलाकार थिए भने 'होस्टेल रिटर्न्स'मा नाजिर हुसेन, स्वस्तिमा खड्का, सुशील सिटौला, सुशील श्रेष्ठ लगायतले कलाकारले अभिनय गरेका थिए । यीमध्ये धेरैजसो कलाकारले यी चलचित्रबाटै डेब्यु गरेका थिए । उनीहरू अहिले पनि नेपाली चलचित्रमा राम्रैसँग जमिरहेका छन् ।

'होस्टेल' र 'होस्टेल रिटर्न्स'लाई सुनिल रावलले बनाए पनि 'होस्टेल ३'लाई भने सम्मान इन्टरटेनमेन्टले आरोन कन फिल्म्ससँगको सहकार्यमा बनाउनेछ । होस्टेलमा बसेर अध्ययन गरिरहेका किशोर र उनीहरूको भविष्यका घटनामा आधारित फिल्म निर्माण हुन लागेकाले कुल ब्वाईले प्रमुख पात्रका रूपमा न्याय गर्न सक्ने विश्वास चलचित्र निर्माण टिमले गरेको छ ।

# विकु लामाको 'सुनको सिक्री'

साहित्यकार तथा गीतकार विकु लामाको 'सुनको सिक्री' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । रघुजी फिल्म्सको प्रस्तुती रहेको गीतको म्युजिक भिडियो ओएसआर डिजिटलको युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो ।

गीतकार लामाको शब्द तथा निर्माण रहेको 'सुनको सिक्री' गीतमा चर्चित गायक सुरेश लामाको स्वर रहेको छ भने संगित धनु ग्याङ्मीको रहेको छ । उत्तम प्रसाद अधिकारीको निर्देशनमा तयार भएको म्युजिक भिडियोमा तालिशा गुरुङ, नुप गुरुङ र सोनाक्षी महतको अभिनय हेर्न सकिन्छ ।

विगत लामो समयदेखि देशका विकट गाँउमा रहेका विद्यालयहरूमा पुस्तकालय स्थापना गर्ने अभियानमा लागिरहेका लामाका 'मृत्यु बिर्सिनेहरू' र 'सपनाको ट्रान्जिटमा' कबिता संग्रह तथा 'सोइनम' यात्रा संग्रह प्रकाशित भइसकेका छन् ।






## डा. आयुष्शोभा बनिन् मिस इन्टरकन्टिनेन्टल

डाक्टर आयुष्शोभा ढुंगाना 'मिस इन्टरकन्टिनेन्टल नेपाल २०२४' घोषित भएकी छिन । नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित 'मिस्टर एन्ड मिस नेसनल नेपाल २०२४'मा उनले उपाधि चुमेकी हुन । डा. ढुंगानाले सबटाइटलतर्फ 'मिस एलिगेन्स' समेत हात पार्न सफल भइन ।

प्रतियोगितामा 'मिस इन्टरकन्टिनेन्टल नेपाल'सहित अन्य तीन विजेता समेत छानिएको थियो । जसमा सजिना खनालले 'मिस सुप्रा नेसनल २०२४' र धीरजकाजी बस्नेतले 'मिस्टर सुप्रानेसनल २०२४'को उपाधि हात पारे । प्रतियोगिताको अर्को महत्वपूर्ण उपाधि 'मिस ग्लोबल नेपाल २०२४' मोनिका अधिकारी र 'मिस्टर इन्टरनेसनल नेपाल २०२४' क्षितिज श्रेष्ठ क्षेत्रीले हात पारे ।

सनुर्वी इन्टरनेसनल आयोजक रहेको प्रतियोगिताको फिनालेमा महिला र पुरुष गरेर २९ जना प्रतिस्पर्धीहरू सहभागी थिए । विजेता सबैले उपाधिको साथमा विभिन्न गिफ्ट ह्याम्पर प्राप्त गरेका छन् ।

## जीवनको रेल'मा दिपेन्द्रराज र अलिसा





गायक सिडी विजय अधिकारीको मर्मस्पर्षी गीत 'जीवनको रेल' बोलको गीतको भिडियो सार्वजनिक भएको छ । प्रेम वियोगको कथाले भरिएको माया प्रेम अनि धोकाले भरिपूर्ण जीवनको रेल बोलको सार्वजनिक गीतमा आँफुलाई भन्दा बढी माया गरेकी पत्नीले दिएको धोकालाई कलात्मक तरिकाले वर्णन गरेको छ ।

त्रिकोणात्मक प्रेम कथाले भरिएको सार्वजनिक गीतका शब्द दीपेन्द्र अधिकारीका छन् । गायक सिडीकै संगीत रहेको गीतमा एरेन्ज राजु कार्कीको रहेको छ । आफ्नी प्राण प्यारीले दिएको धोकालाई गायक सिडी स्वयमले भिडियोमा कलात्मक तरिकाले आफ्नो निर्देशकीय कला कौशल देखाएका छन् ।

प्रेममा पनि यो हदसम्मको धोका हुनसक्छ भन्ने कथालाई देखाइएको भिडियोमा दिपेन्द्रराज गिरी, अलिसा बास्तोला र श्रवन बिष्टले गज्जबको अभिनय गरेका छन् ।

सार्वजनिक भिडियोको छायांकन महेश महराले गरेका हुन् भने सम्पादन र कलरिङ दिनशन शाहले गरेका हुन् । भिडियो डिए क्रियशन युट्युब च्यानलबाट बजारमा आएको हो ।

जे देखियो

# महानगरको कदमले फुटपाथ व्यापारी मारमा

काठमाडौं शहर, हरेक नेपालीको सपनाको शहर । अनैकौ सपना बुनेर देशका कुनाकाप्चाबाट आफ्नो भविष्य सुनिश्चित गर्न मानिसहरू काठमाडौं छिर्ने गर्दछन् ।

कोही आफ्नो अध्ययन पुरा गर्नका लागि त कोही वैदेशिक रोजगारमा जानका लागि त्यस्तै कोही व्यापार व्यवसाय गर्न त कोही औषधि उपचारको लागि ।

केहि समय अगाडि मेरै गाउँले दाई काठमाडौं आएर फुटपाथमा व्यापार गर्न थालेका थिए । उनी नयाँ बानेश्वर चोकको फुटपाथमा प्रत्येक बेलुकी कपडा बेच्ने गर्थे । उनको कमाई पनि राम्रै थियो । त्यसपछि उनले परिवारलाई नै काठमाडौं बोलाएर व्यापार सुरु गरे तर अहिले काठमाडौं महानगरपालिकाले फुटपाथमा सामान बेच्न रोक लगाएपछि उनी र उनको परिवारलाई समस्या परेको छ ।



पर्वत विश्वकर्मा

त्यसपश्चात् उनले एउटा सानो सटर लिएर व्यापार सुरु त गरे तर त्यहाँको व्यापारले उनलाई सटरको भाडा तिर्न र आफ्नो जिवीकोपार्जन गर्नै धौंधौं पर्न थाल्यो त्यसपछि उनले वैदेशिक रोजगारमा जाने सोच बनाए र एक महिनाअघि मात्रै उनी रोजगारका लागि कतार उडे ।

उनी त एउटा पात्र मात्रै हुन् । उनीजस्ता गाउँबाट काठमाडौं छिरेका हजारौ फुटपाथ व्यापारीहरू अहिले बिचल्लीमा परेका छन् । पछिल्लो समय काठमाडौं महानगरले फुटपाथमा व्यवसाय गर्न रोक लगाएपछि त्यसमै आश्रित भई घरव्यवहार धानिरहेका मानिसहरू समस्यामा परेका छन् ।

अहिले नयाँ बसपार्क, रत्नपार्क, न्युरोड क्षेत्रका फुटपाथमा हुने व्यापार निषेध भएपछि फुटपाथ व्यापारीहरू बिचल्लिमा परेपनि त्यहाँ सटरमा पसल थापेर बसेका व्यापारीहरूलाई भने केही राहत मिलेको छ । कतिपय मानिसहरूले महानगरले चालेको यस कदमलाई स्वागतयोग्य ठानेका छन् भने कतिपय त्यसमै आश्रित भएर जीवीकोपार्जन गर्नेहरूलाई बिचल्लिमा पार्नु राम्रो नभएको बताउँछन ।

महानगरप्रति फुटपाथ व्यवसायीहरू आन्दोलित पनि नभएका होइनन् तर महानगरले फुटपाथ व्यवसायीहरूलाई व्यवस्थापन गर्न नसक्दा कतिपय व्यवसायीहरू आफ्नै गाउँ फर्किएका छन् भने कतिपय विदेश पलायन भईसकेका छन् र कतिपय जान तम्तयार भएर बसेका छन् ।

महानगरले गरेको कार्य सराहनीय हो तर फुटपाथमा व्यवसाय गर्ने व्यापारीहरूलाई बिचल्लिमा पार्नुको साटो त्यसको विकल्प खोजेर व्यवस्थापन गर्न सके त्यसमै आश्रित भएर आफ्नो जीवीकोपार्जन गरिरहेकाहरूका लागि थोरै राहत मिल्ने थियो कि ?



# डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं ।

**सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ वर्ष २०८१ को पावन अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दिदीबहिनी
तथा दाजुभाइहरूमा सुख, समृद्धि र सुस्वास्थ्यको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



श्रीमती मनमायाँ श्रेष्ठ
संरक्षक



सुजनकुमार श्रेष्ठ
अध्यक्ष

## लायन्स मनराम प्रतिष्ठान, परिवार

बालुवाटार, काठमाडौं

eVISA
MALAYSIA

# AUTHORIZED MALAYSIA EVISA APPLICIANT CENTER IN KATHMANDU




## Our Services:

- E-visa service for Malaysia
- Reservation and sales agent of airlines ticket
- Domestic and overseas tour packages
- Corporate v. Group incentive tour
- Hotels and vehicle reservation

High View travels & Tour Pvt. Ltd. ★ Kathmandu ★

## HIGH VIEW TRAVELS & TOUR PVT. LTD.

www.highviewtravelnepal.com | Sinamangal-09, Kathmandu | +977-01-5915457 / 01-5915458


विदेशबाट पठाएको रकम IME PAY वालेट,
आइएमई काउण्टर वा
बैंक खाता मार्फत प्राप्त गर्दा बन्न सक्नु हुनेछ
"करोडपति"
IME Pay मा रकम पठाउँदा
हरेक महिना रु 1 लाख
*शर्तहरू लागुहुनेछ ।
IME गरौं
करोडपति
बनौं
Hi, Deepa
1,00,00,000.00
IME
International Money Express
Fast, Reliable And Secure Remittance
IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD


म.क्षे.हु.नि.द.नं. ७/०७०/७१
himal remit®
हिमालरेमिट
मेरो मन तब खुशी हुन्छ, जब
मेरो परिश्रमको फलले
मेरो परिवारको खाँचो टार्छ ।
ढुक्क छु, मेरो खुशीलाई
हिमालरेमिटले मेरो परिवारसम्म
पुऱ्याई दिइरहेको छ ।
पुऱ्याउँछौं खुशी
a product of
HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.
www.himalayanbank.com/himalremit
टोल फ्रि १६ ६०० १११ ०००
रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोन: ००९७७-१-४२५०३५४
QR SCAN FOR MORE DETAILS.
Follow us on:
himalremit
@himalremit
@himalremit